विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# यूहन्नाको पहिलो पत्रको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

Printed at:

# यूहन्नाको पहिलो पत्र

## यूहन्नाको पहिलो पत्रको भूमिका

*'ख्रीष्ट येशू समुद्रको पानीमाथि-माथि हिँड्नुभएको कुरा हामीले देखासिकी गर्नुपर्दैन, तर उहाँको सामान्य व्यवहार हामीले अनुसरण गर्नुपर्छ। यस पत्रअनुसार हाम्रो बोलावट यो हो।'*

*श्री मार्टिन लुथर*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

यूहन्नाको पहिलो पत्र एउटा परिवारको फोटो-संग्रहजस्तै छ; किनभने यस पत्रमा परमेश्वरको परिवारका सदस्य-सदस्याहरूको वर्णनरूपी तस्बिर खिचेको छ। छोराछोरीहरू रूपमा प्रायः आफ्ना बुबाआमा-जस्तै हुन्छन्; ठीक त्यस्तै परमेश्वरका छोराछोरीहरूको रूप उहाँको समानतामा हुन्छ। यी समानताहरू के-के हुन्, सो कुरा यस पत्रमा बयान गरिएको छ।

जब कोही मानिस परमेश्वरको सन्तान बन्छ, तब उसले परमेश्वरको जीवन, अनन्त जीवन पाउँछ। अनि जस-जसले त्यो जीवन पाएका छन्, उनीहरू सबैजनाले यो कुरा प्रत्यक्ष र सुस्पष्ट रूपले प्रकट गर्छन्। परमेश्वरको जीवन पाएको कुरा प्रकट गर्ने केही तरिकाहरू यस प्रकारका

छन्ः उनीहरूले येशू ख्रीष्टलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गर्छन्। उनीहरूले परमेश्वरलाई प्रेम गर्छन्; उनीहरूले परमेश्वरका छोराछोरीहरूलाई प्रेम गर्छन्। उनीहरूले उहाँका आज्ञाहरू पालन गर्छन्। उनीहरूले पाप गरिबस्दैनन्। यी कुराहरू अनन्त जीवन पाएको कुरा देखाउने केही प्रमाण-चिन्हहरू हुन्। प्रेरित यूहन्नाले यस उद्देश्यले यो पत्र लेखे, कि जस-जससँग परमेश्वरको परिवारका यी विशेषताहरू हुन्छन्, उनीहरूसित अनन्त जीवन छ भन्ने कुरा उनीहरूले निश्चित रूपले जानून् (१ यूहन्ना ५:१३)।

यूहन्नाको पहिलो पत्र धेरै कुरामा अनौठो छ। किनकि यो पत्र एउटा वास्तविक हुलाकी पत्र हो; तर यसमा न चिट्ठी लेख्ने प्रेषक, न यो चिट्ठी पाउने प्रापकहरूको नाम दिइएको छ। तर यस पत्रका प्रेषक र यसका प्रापकहरूको बीचमा घनिष्ठ सम्बन्ध भएको हुनुपर्छ। यस सुन्दर रचनाको विषयमा अर्को उल्लेखनीय कुरा के हो भने, यसका छोटा, सरल वाक्यहरूमा अगम्य तथ्यहरू ती तथ्यहरूका निम्ति सुहाउँदा शब्दहरूमा पेश गरिएका छन्। गहन तथ्य किन पेचिला शब्दहरूमा भन्नु अथवा लेख्नुपर्ने? अनि हुन सक्छ, जुन कुरालाई मानिसहरूले ‘गहन प्रचार’ वा ‘गहन लेख’ भन्छन्, त्यो कुरा वास्तवमा एउटा धमिलो र अस्पष्ट प्रस्तुति वा रचना मात्र होला।

यूहन्नाको पहिलो पत्र दीर्घ-मनन गर्न योग्य छ, र इमानदारपूर्वक अध्ययन गर्न लायक छ। कुरा स्पष्ट बुझिन्छ, यस पत्रमा अपनाइएको शैली दोहोरिने शैली हो; तर याद गर्नुहोस्, कि यस पत्रमा जब कुनै कुरा दोहोरिन्छ, तब त्यो कुरा अलिकति फरक लेखिएको छ; अनि यी साना-तिना भिन्नताहरूको अर्थभेदमाथि हामीले ध्यान दिनुपर्छ।

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

*बाहिरी प्रमाणहरू:* यूहन्नाको पहिलो पत्रको लेखकको विषयमा कुरा पुष्टि गर्ने प्रमाणहरू शुरुदेखि बलिया छन्। इरेनेयस, अलेक्जान्द्रियाको

क्लेमेण्ट, टेर्टुल्लियान, ओरिगेन र उनका शिष्य डोयोनियसले यस पत्रबाट उद्धृत गरे र तोकेर यस पत्रको लेखक चौथो सुसमाचारको पुस्तक लेख्ने यूहन्ना हुन् भनेर भने।

हिब्रूको पुस्तकको लेखकले गरेझैं यूहन्नाको पहिलो पत्रको लेखकले पनि आफ्नो नाम बताउँदैनन् र आफ्नो कुनै परिचय दिँदैनन्। तर यूहन्नाको पहिलो पत्रभित्र लेखकको विषयमा कति भरपर्दा भित्री प्रमाणहरू पाइन्छन्, जुन प्रकारका प्रमाणहरू हामी हिब्रूको पुस्तकमा पाउँदैनौं।

*भित्रीय प्रमाणहरूः* १ यूहन्ना १:१-४ पदको खण्डबाट स्पष्ट बुझिन्छः लेखकले ख्रीष्ट येशूलाई व्यक्तिगत रूपले र राम्ररी चिनेका थिए अनि उहाँसँग समय बिताएका थिए। यसो हो भने, सम्भव लेखकहरू एक-दुईजना मात्र बाँकी रहे। अनि संयोगवश यो कुरा 'प्रेरित यूहन्ना यस पत्रको लेखक हुन्' भन्ने परम्परासित मिल्न गयो।

यस धारणाले निम्न कुराबाट अझै पुष्टि पाउँछः यस पत्रको तानप्रधान-शैली प्रेरितिक हो; किनभने लेखकले पूरा अधिकारको साथ लेख्छन्; तिनले आत्मिक पाको अगुवामा हुने कोमलताको साथ 'हे मेरा छोराछोरीहरूहो' भनेर लेख्छन्; हो, तिनले पूरा निश्चयतापूर्वक लेख्न सक्छन्।

यूहन्नाको सुसमाचारसित अनि यूहन्नाका दोस्रो र तेस्रो पत्रसित यस पत्रको विचारधारा, शब्दभण्डार र अभिव्यक्ति मिल्छ। तीनै लेखहरूको शब्दभण्डारका केही मिल्ने शब्दहरूः रहनु, ज्योति, नयाँ, आज्ञा, वचन आदि हुन्। यी तीनवटा रचनाहरूमा मिल्ने केही वाक्यांशहरू यस प्रकारका छन्ः अनन्त जीवन, जीवन अर्पण गर्नु, मृत्युदेखि जीवनमा सर्नु, संसारको मुक्तिदाता, पापहरू उठाइलैजानु, शैतानका कामहरू आदि।

हिब्रू भाषाको लेख्ने ठेट शैली सादृश्यको शैली हो; अनि त्यसको वाक्य-रचना सरल छ। ठीक यही शैली र यही वाक्य-रचना यूहन्नाको सुसमाचार र यूहन्नाको पहिलो पत्रमा प्रयोग गरिएका छन्। यसको कुरा लामो-चौड़ा नपारौं, यूहन्नाको सुसमाचारको पुस्तक प्रेरित यूहन्नाको रचना

हो भन्ने कुरा मान्नेले यूहन्नाको पहिलो पत्र पनि तिनको लेख हो भन्ने कुरा अवश्य स्वीकार गर्छ। यसमा अप्ठ्यारो कुरा केही पनि छैन।

## ३) त्यस पत्रको लेख्ने मिति

कतिजनाको विचारमा, इस्वी संवत् ६० सालको दशकभित्र प्रेरित यूहन्नाले बाइबलको कानुनभित्र हाल्न योग्य ठहरिएका आफ्ना तीनवटा पत्रहरू यरूशलेमको विनाश हुनुभन्दा अगाड़ि लेखे, जुन विनाश इस्वी संवत् ७० सालमा भएको थियो। तर प्रायः अरू सबैजनाको राय यसमा मिल्छ, कि तिनले पहिलो शताब्दीको अन्ततिर, अर्थात् इस्वी संवत् ८५-९५ सालभित्र यी पत्रहरू लेखे। यी पत्रहरूमा प्रयोग गरिएको ममतामय, पितृवत् तानप्रधान शैली प्राचीनको परम्पराले भनेको यस कुरासित मिल्छ, जुन परम्पराअनुसार वृद्ध प्रेरित यूहन्नालाई मण्डलीको सभामा बोकेर ल्याइन्थ्यो, जुन यूहन्नाले त्यहाँ उपस्थित मण्डलीलाई 'हे नानीहरूहो, एक-अर्कालाई प्रेम गर' भन्ने गर्थे।

## ४) सन्दर्भ र विषयवस्तु

प्रेरित यूहन्नाले यो पत्र लेखेको समयमा एउटा झूटो पन्थ उठेको थियो, जसलाई पछि 'गूढ़ज्ञानवाद' भनिन्थ्यो र यस नामले चिनिन्थ्यो। यी गूढ़ज्ञानवादीहरूले आफूलाई इसाई भन्थे, र अरू इसाईहरूसित भन्दा आफूसँग अझै थप ज्ञान भएको दाबी गर्थे, जुन थप ज्ञान प्रेरितहरूले दिएको शिक्षाभन्दा उच्च थियो अरे। जबसम्म कुनै मानिसले तिनीहरूको 'गहन ज्ञान'को शिक्षादीक्षा पाउँदैनथियो, तबसम्म त्यो मानिस परिपूर्ण र सिद्ध हुन सक्दैनथियो भन्ने कुरा तिनीहरूले दाबी गर्थे। तिनीहरूमध्ये कतिजनाका निम्ति भौतिक तत्त्व दुष्ट हुन्थ्यो; यसकारण तिनीहरूको विचारमा, मानिस हुनुभएको येशू परमेश्वर हुन सक्नुहुन्नथियो। तिनीहरूले येशू र ख्रीष्टको बीचमा छुट्ट्याउँथे। 'त्यो ख्रीष्ट' भन्ने ईश्वरीय शक्ति वा

दैवीय आत्मा पानीको बप्तिस्मामा येशूमाथि आउनुभयो र उहाँको मृत्यु हुनुभन्दा अघि, हुन सक्छ, गेतसमनीको बगैंचामा उहाँलाई छोड्नुभयो अरे। तिनीहरूको विचारमा, येशू मरे, तर ख्रीष्ट मर्नुभएन अरे। यस विषयमा श्री माइकल ग्रीनले तिनीहरूको दृढ़ विश्वास यस प्रकारले व्यक्त गरेका छन्ः 'त्यो स्वर्गीय ख्रीष्ट यति साह्रै पवित्र र अति आत्मिक हुनुहुन्थ्यो, कि उहाँचाहिँ मानिसको शरीरमा स्थायी रूपले बस्दा कलङ्कित हुनुहुन्थ्यो' अरे। अर्थात् तिनीहरूले विश्वास गरेको कुरा छोटकरीमा भन्नु हो भने, येशू देहधारी परमेश्वर हुनुहुन्छ, येशूचाहिँ परमेश्वरको ख्रीष्ट हुनुहुन्छ, येशू ख्रीष्ट परमेश्वर र मानिस हुनुहुन्छ भन्ने कुरा तिनीहरूले इन्कार गरे।

ती मानिसहरू खास इसाई, साँचो ख्रीष्टका चेलाहरू थिएनन्; यो कुरा प्रेरित यूहन्नाले बुझे; यसकारण तिनले आफ्ना पाठकहरूलाई यी गूढ़ज्ञानवादीहरूको विषयमा चेताउनी दिएर उनीहरूलाई अवगत गराए, कि यी गूढ़ज्ञानवादीहरूमा परमेश्वरका साँचो छोराछोरीहरूका लक्षणहरू थिएनन्।

प्रेरित यूहन्नाको विचारमा, मानिस कि त परमेश्वरको सन्तान हुन्छ, कि त उहाँको सन्तान हुँदैन। यी दुई कुराहरूमा एउटा पनि नभएर अझै बीचको तेस्रो कुरा हुनु असम्भव छ। यसकारण यस पत्रभरि पक्ष-विपक्ष हुने अनुकूल-प्रतिकूल जोड़ीहरू प्रस्तुत गरिएका छन्, जस्तै ज्योति र अन्धकार, प्रेम र घृणा, सत्य र झूट, जीवन र मृत्यु, परमेश्वर र शैतान आदि। यस सम्बन्धमा, प्रेरित यूहन्नाले मानिसहरूलाई सधैं तिनीहरूको आदत र व्यवहारअनुसार बयान गरेका छन् भन्ने कुरा हामीले याद गर्नुपर्छ। ख्रीष्ट-विश्वासीहरू र अइसाईहरूको बीचमा छुट्ट्याउँदाखेरि तिनले कुनै मानिसको विषयमा गरेको निष्कर्ष र राय कहिल्यै एकै पाप-कर्ममाथि स्थापित गर्दैनन्, तर तिनले मानिसको पूरा चरित्रमाथि ध्यान दिन्छन्। किनकि एउटा बिग्रेको घड़ीले पनि कम्तीमा चौबीस घण्टाभित्र दुईपल्ट सठीक समय बताउँछ। तर एउटा असल घड़ीले निरन्तर सठीक समय बताउँछ नि। यसकारण सामान्य रूपले यसो भन्न सकिन्छ, कि ख्रीष्ट-

विश्वासीको दैनिक व्यवहार पवित्र र धर्मी हुन्छ; अनि उसको यस पवित्र र धर्मी व्यवहारले उसलाई परमेश्वरको सन्तानको रूपमा चिनाइदिन्छ।

यूहन्नाले आफ्नो यस पत्रमा 'जान्नु' वा 'चिन्नु' भन्ने क्रियापदको शब्द धेरै पल्ट प्रयोग गरेका छन्। गूढ़ज्ञानवादीहरूले सत्यता जान्ने दाबी गर्थे। तर यूहन्नाले यहाँ ख्रीष्टीय विश्वासका सत्य तथ्यहरू के-के हुन्, सो प्रस्तुत गर्छन्; किनकि यी खास तथ्यहरू निश्चित रूपले जान्न सकिन्छन्। प्रेरित यूहन्नाको प्रस्तुतिअनुसार परमेश्वर कस्तो हुनुहुन्छ? उहाँ ज्योति हुनुहुन्छ (१ यूहन्ना १:५); उहाँ प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८ र १६); उहाँ सत्य हुनुहुन्छ (१ यूहन्ना ५:६); उहाँ जीवन हुनुहुन्छ (१ यूहन्ना ५:२०)। तर यसबाट परमेश्वर कुनै व्यक्ति हुनुहुन्न भन्ने अर्थ बुझ्नुहुँदैन, तर परमेश्वर यी चारवटा आशिषहरूको स्रोत हुनुहुन्छ भन्ने कुरा बुझ्नुपर्छ। किनभने यूहन्नाले परमेश्वरलाई धर्मी, शुद्ध र पवित्र अनि पापरहित व्यक्तिको रूपमा वर्णन गर्छन् (धर्मीः १ यूहन्ना २:२९ र ३:७; शुद्ध र पवित्रः १ यूहन्ना ३:३; अनि पापरहितः १ यूहन्ना ३:५)।

प्रेरित यूहन्नाका शब्दहरू साधारण छन्; तर तिनका व्यक्त गरिएका विचारहरू गहन छन् र कति ठाउँमा बुझ्न गाह्रो छन्। यसकारण यो पत्र अध्ययन गर्दा हामीले प्रार्थना गर्नुपर्छ, कि प्रभु येशूले हामीलाई आफ्नो वचनको अर्थ बुझ्ने शक्ति दिऊन् र उहाँले हामीलाई प्रकट गर्नुभएको सत्यताको आज्ञापालन गर्नुमा सहायता गरिदिऊन्।

# रूपरेखाः

**क) १ यूहन्ना १:१-४:** प्रस्तावनाः ख्रीष्टीय सङ्गति

**ख) १ यूहन्ना १:५-२:२:** यो ख्रीष्टीय सङ्गति कायम राख्ने माध्यमहरू के-के हुन्?

**ग) १ यूहन्ना २:३-११: खण्ड १)** ख्रीष्टीय सङ्गतिमा रहनेहरूका लक्षणहरूः आज्ञाकारिता र प्रेम

**घ) १ यूहन्ना २:१२-१४:** ख्रीष्टीय सङ्गतिमा वृद्धिका श्रेणीहरू

**ङ) १ यूहन्ना २:१५-२८:** ख्रीष्टीय सङ्गतिका शत्रुहरूः संसार र झूटा शिक्षकहरू

**च) १ यूहन्ना २:२९-३:२४: खण्ड २)** ख्रीष्टीय सङ्गतिमा रहनेहरूका लक्षणहरूः धार्मिकता, प्रेम र त्यसबाट प्राप्त गरिने निर्धक्कता

**छ) १ यूहन्ना ४:१-६:** सत्यता र भ्रमको बीचमा छुट्ट्याउन सक्नुपर्छ।

**ज) १ यूहन्ना ४:७-५:२०: खण्ड ३)** ख्रीष्टीय सङ्गतिमा रहने-हरूका अन्य लक्षणहरूः

- **अ) १ यूहन्ना ४:७-२१:** भ्रातृ-प्रेम
- **आ) १ यूहन्ना ५:१[क]:** खाँटी शिक्षा र खाँटी विश्वास
- **इ) १ यूहन्ना ५:१[ख]-३:** प्रेम र प्रेमको प्रतिफलरूपी आज्ञाकारिता
- **ई) १ यूहन्ना ५:४-५:** संसारमाथि विजयी हुने विश्वास
- **उ) १ यूहन्ना ५:६-१२:** खाँटी शिक्षा
- **ऊ) १ यूहन्ना ५:१३:** वचनबाट आउने निश्चयता
- **ए) १ यूहन्ना ५:१४-१७:** प्रार्थनामा निर्धक्कता र हिम्मत
- **ऐ) १ यूहन्ना ५:१८-२०:** आत्मिक वास्तविकताहरूको विषयमा हुने ज्ञान

**झ) १ यूहन्ना ५:२१:** यस पत्रको आग्रहरूपी अन्त

# यूहन्नाको पहिलो पत्रको टिप्पणी

## क) १ यूहन्ना १:१-४: प्रस्तावना: ख्रीष्टीय सङ्गति

**१ यूहन्ना १:१:** सबै किसिमको साँचो सङ्गतिको शैक्षिक जग प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। अनि उहाँको विषयमा भूल-धारणाहरू अपनाउनेहरूसित साँचो सङ्गति हुनै सकिँदैन। १ यूहन्ना १:१-२ पदको खण्डमा प्रभु येशूको विषयमा दुईवटा कुरा सिकिन्छन्: उहाँ अनन्त हुनुहुन्छ र उहाँ साँच्चै देहधारी हुनुभएको हो; यो एक सत्य तथ्य हो। परमेश्वर पितासँग अनादिदेखि हुनुहुने परमेश्वरको अनन्त पुत्र मानिसको रूपमा यस संसारमा आउनुभयो। अनि उहाँ देहधारी हुनुभएको तथ्य यस प्रकारले व्यक्त गरिएको छ: प्रभु येशूका प्रेरितहरूले उहाँको स्वर सुने; उनीहरूले उहाँलाई आफ्नै आँखाले देखे र उहाँलाई नियालेर हेरे, अर्थात् उहाँको विषयमा मनन-चिन्तन गरे। अनि उनीहरूले उहाँलाई आफ्नै हातले समाते र उहाँलाई वास्तविक भेट्टाए। जीवनको वचनचाहिँ एक वास्तविक हाड़ र मासुको शरीर भएको व्यक्ति हुनुहुन्छ, एक बितिजाने मायारूपी मिथ्या भ्रम कदापि हुँदै होइन।

**१ यूहन्ना १:२:** यस पदले के पुष्टि गर्छ भने, अनादिदेखि परमेश्वर पितासँग हुनुहुने र प्रेरित यूहन्नाले अनन्त जीवन भन्ने नाम दिनुहुनेचाहिँ देहधारी हुनुभयो; उहाँले हाम्रो बीचमा वास गर्नुभयो; अनि उहाँका प्रेरितहरूले उहाँलाई देखे ।

यी दुईवटा शुरुका पदहरूले हाम्रो जीवनमा कस्तो व्यवहारिक अर्थ लिन्छन्, सो एकजना अज्ञात लेखकको निम्न लेखबाट स्पष्ट बुझिन्छः

> 'मलाई खुशी लागेको छ । किनकि अनन्त जीवनको विषयमा मेरो ज्ञान दार्शनिकहरूका अड्कलगीता र कल्पनाहरूमाथि निर्भर गर्दैन, न ता धर्मविद्वान्हरूको रायमा भर पर्छ; तर मेरो ज्ञान प्रत्यक्ष-साक्षीहरूको अकाट्य गवाहीमाथि आधारित छ, जुन प्रत्यक्ष-साक्षीहरूले उहाँको सोर सुने, उहाँलाई देखे, उहाँलाई नियालेर हेरे र उहाँलाई हातले छोए; उहाँमा अनन्त जीवन देहधारी हुनुभयो । मेरो ज्ञान मनोहर सपना होइन, तर एउटा ठोस तथ्य हो, जुन तथ्य इन्द्रियगोचरको सुविचारित फल हो, र जुन तथ्यको वर्णनचाहिँ ठीक-ठीकसँग लेखिएको हो ।'

**१ यूहन्ना १:३:** प्रभुका प्रेरितहरूले यो उत्कृष्ट समाचार गुप्तमा राखेनन्; अनि हामीले पनि सो सुसमाचार गुप्तमा राख्नुहुँदैन । किनभने उनीहरूलाई थाहा थियो, कि सबै सङ्गतिको सत्आधार यहाँ छ । यसकारण उनीहरूले यस समाचारबाट केही बाँकी नराखी यो सन्देश खुला रूपले प्रचार गर्थे । अनि जस-जसले उनीहरूको गवाही ग्रहण गर्छन्, तिनीहरूले पितासँग र उहाँको पुत्र येशू ख्रीष्टसँग सङ्गति पाउँछन्, साथै प्रभुका प्रेरितहरूसँग र अरू सबै ख्रीष्ट-विश्वासीहरूसँग पनि सङ्गत गर्न पाउँछन् । अचम्म ! हामीजस्ता दोषी, पापी मानिसहरू पिता परमेश्वरको र उहाँको पुत्र येशू ख्रीष्टको सङ्गतिमा ल्याइन्छन् ! ! पत्याउनुहोस् कि नपत्याउनुहोस्, तर यो महान् सत्यता यहाँ पेश गरिएको छ ।

उहाँको पुत्र येशू ख्रीष्टः येशू र ख्रीष्ट दुईजना होइनन्, तर एकैजना हुनुहुन्छ । अनि येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँको जन्ममा उहाँको नाम 'येशू' राखियो । यसकारण 'येशू' भन्ने नामले उहाँको मनुष्यत्वसित सम्बन्ध राख्छ; अनि उहाँको यो मनुष्यत्व सिद्ध थियो । अनि

ख्रीष्ट भन्ने नामले उहाँलाई परमेश्वरको अभिषिक्त मसीहको रूपमा प्रस्तुत गर्छ। यसकारण येशू ख्रीष्ट भन्ने नामले हामीलाई उहाँको मनुष्यत्व र उहाँको परमेश्वरत्वको साक्षी दिन्छ। नाइसिन विश्वासको सारको शब्दअनुसार येशूचाहिँ 'सत्य परमेश्वरदेखिको सत्य परमेश्वर हुनुहुन्छ', रपनि हर तरहले उहाँ वास्तविक मानिस हुनुहुन्छ।

**१ यूहन्ना १ः४ः** तर प्रेरित यूहन्नाले सङ्गतिको विषयमा किन प्रसङ्ग उठाएर यस प्रकारले लेख्छन्? किनभने हाम्रो आनन्द पूरा हुनुपर्छ। अनि यूहन्नालाई राम्ररी थाहा थियो, कि संसारले हाम्रो हृदयलाई साँचो आनन्द दिन सक्दैन। संसारको आनन्द क्षणिक हो। साँचो, दिगो आनन्दचाहिँ प्रभु येशूसित सठीक सम्बन्ध राखेको फल हो। परमेश्वरसित र प्रभु येशूसित सङ्गति कायम राख्ने मानिसले गहिरो आनन्दको अनुभव गर्छ, जुन आनन्द पृथ्वीको कुनै परिस्थितिले पनि भङ्ग गर्न सक्दैन। हामी यो कुरा एकजना कविको शब्दमा भनौंः 'यस्तो मानिसले सधैं गीत गाउन सक्छ, किनभने उसको आनन्दको मुहान स्वर्गमा छ।'

## ख) १ यूहन्ना १ः५-२ः२ः सङ्गति कायम राख्ने उपायहरू

**१ यूहन्ना १ः५ः** सङ्गति भन्नाले दुईजना अथवा दुईजनाभन्दा बढ़ी व्यक्तिहरू केही कुरामा साझेदार भएको अवस्था बुझिन्छ। सङ्गतिलाई सहभागिता पनि भन्न सकिन्छ, अथवा साझेदारी भन्न मिल्छ। अबचाहिँ यूहन्नाले आफ्ना पाठकहरूलाई परमेश्वरसित सङ्गति गर्न पाउने सर्तहरू के-के हुन्, सो बताउन लागेका छन्। यसो गर्दा तिनले प्रभु येशूको शिक्षामा आड़ लिन्छन्, जुन शिक्षा उहाँले यस पृथ्वीमा हुनुहुँदा आफ्ना चेलाहरूलाई दिनुभएको थियो। हुन त, तिनले प्रभु येशूका दुरुस्त शब्दहरू प्रयोग गर्दैनन्, न ता उहाँको कुनै वचन उद्धृत गर्छन्; तर *'परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा अन्धकार छँदैछैन'* भनेर तिनले प्रभु येशूको शिक्षाको सार दिन्छन्। तिनले भनेको अर्थ यो होः परमेश्वर बिलकुल पवित्र हुनुहुन्छ,

बिलकुल धर्मी र बिलकुल शुद्ध हुनुहुन्छ। त्यो पाप जेजस्तो सानो भए पनि परमेश्वर कुनै पापलाई कृपादृष्टिले हेर्न सक्नुहुन्न। उहाँको नजरबाट कुनै कुरा लुक्दैन, तर *'उहाँका आँखाको सामु सबै थोकहरू नाङ्गा र खुला हुन्छन्'* (हिब्रू ४:१३)।

**१ यूहन्ना १:६:** यसको सिलसिलामा यो कुरा आउँछः परमेश्वरको सङ्गतिमा आउन चाहने र रहन खोज्ने मानिसले आफ्नो पाप लुकाउनुहुँदैन। कुनै घरको कोठामा अन्धकार उज्यालोको साथमा बस्नै सक्दैन भने तपाईंको र मेरो जीवनमा पनि उज्यालो र अँध्यारो एकसाथ रहन सक्दैनन्। जुन मानिस अन्धकारमा हिँड्छ, त्यो मानिस परमेश्वरको सङ्गतिमा छैन। अनि जुन मानिसले 'परमेश्वरसँग मेरो सङ्गति छ' भनेर भन्छ, तर अन्धकारमा हिँड्ने त्यसको आदत छ भने, त्यस मानिसले कहिल्यै मुक्ति पाएको हुँदैन।

**१ यूहन्ना १:७:** ठीक त्यस्तै, जुन मानिस ज्योतिमा हिँड्छ, त्यस मानिसको सङ्गति प्रभु येशूसित र आफ्ना ख्रीष्ट-विश्वासी दाजुभाइ-दिदीबहिनीहरूसित हुन्छ। यस खण्डमा प्रस्तुत गरिएको यूहन्नाको विचारअनुसार मानिस कि त ज्योतिमा, कि त अन्धकारमा हुन्छ। ज्योतिमा भएको हरेक मानिस परमेश्वरको परिवारको सदस्य-सदस्या हो। तर अन्धकारमा भएको मानिस र परमेश्वरको बीचमा साझा भएको कुरा केही पनि छैन; किनभने परमेश्वरमा अन्धकार अलिकति पनि छैन, अन्धकारको छाया धरि छैन।

ख्रीष्ट-विश्वासीहरू ज्योतिमा हिँड्नेहरू हुन्, जसको एक-अर्कोसित सङ्गति हुन्छ, अनि येशू ख्रीष्टको रगतले उनीहरूलाई पलपलमा सब पापबाट शुद्ध पारिरहन्छ। जब परमेश्वरले हामीलाई हाम्रा पापहरू क्षमा गर्नुहुन्छ, तब उहाँको पुत्रको रगतको आधारमा उहाँले यसो गर्नुहुन्छ, जुन बहुमूल्य रगत गलगथामा बहाइएको थियो। येशू ख्रीष्टको यही बहाइएको रगत परमेश्वरका निम्ति पापहरूको क्षमा दिन सक्ने सत्आधार हो। यसकारण हामी यसो गाउन सक्छौंः 'येशूको रगतको शक्ति कहिल्यै, अँ, कहिल्यै कम हुनेछैन।' हामीलाई शुद्ध पार्न येशूको रगतको शक्ति

अचम्मको, दीर्घकालिक छ। निस्सन्देह, ख्रीष्ट-विश्वासीहरूले केवल आफ्ना पापहरू स्वीकार गरेर पापको क्षमा पाउन सक्छन्। तर त्यो कुरा यूहन्नाले पछि १ यूहन्ना १ः९ पदमा हामीलाई सिकाउँछन्।

**१ यूहन्ना १ः८ः** त्यसपछि, परमेश्वरसँग सङ्गति गर्ने मानिसले आफ्नो विषयमा सत्यता मानिलिनुपर्छ। उदाहरणार्थमा, आफ्नो पापी स्वभाव इन्कार गर्ने मानिसले आफूलाई धोका दिन्छ, र त्यो सत्य हुँदैन, तर झूटो ठहरिएको छ।

याद गर्नुहोस्ः यूहन्नाले पाप र पापहरूको बीचमा छुट्टाउँछन्। १ यूहन्ना १ः८ पदमा 'पाप' एकवचनमा छ, अनि १ यूहन्ना १ः९ पदमा 'पापहरू' बहुवचनमा छन्। पापले हाम्रो भ्रष्ट, दुष्ट स्वभावलाई सङ्केत गर्छ भने, पापहरूले हामीले गरेका हाम्रा कुकर्महरूलाई सङ्केत गर्छन्। वास्तवमा, हामीले गरेका सबै कुकर्महरूभन्दा हाम्रो स्वभाव नै खराब हुन्छ। तर प्रभुलाई स्तुति होस्! ख्रीष्ट येशू हाम्रो पापी स्वभावको निम्ति र हाम्रा कुकर्मरूपी सबै पापहरूका निम्ति मर्नुभयो।

नयाँ जन्म पाएको मानिसमा पापी स्वभाव मेटिको छैन। तर हाम्रो नयाँ जन्म हुँदा हामीमा एउटा नयाँ, ईश्वरीय स्वभाव रोपियो, जुन नयाँ स्वभावमा हामीभित्र वास गरिने पापमाथि विजयी हुने जयवन्त जीवन जिउने शक्ति छ।

**१ यूहन्ना १ः९ः** दिन प्रतिदिन परमेश्वरको सङ्गति र हाम्रा सङ्गी-विश्वासीहरूको सङ्गतिमा जिउन चाहने मानिसले आफ्ना पापहरू स्वीकार गर्नुपर्छ। पापहरू अनेक प्रकारका हुन्छन्, जस्तैः गरेर गरिने पापहरू, नगरेर गरिने पापहरू, विचार गरेर गरिने पापहरू, जानी-जानी गरिने पापहरू, गुप्त पापहरू र देखिने पापहरू आदि। ती पापहरूमध्ये एक-एक हामीले परमेश्वरको सामु प्रकट गर्नुपर्छ, हामीले एक-एक पापको नाम लिनुपर्छ र हाम्रा पापहरूको विरोधमा परमेश्वरको पक्ष लिनुपर्छ र सबै पापहरू त्याग्नुपर्छ, अँ, छोड्नुपर्छ। हो, साँचो गरी पाप स्वीकार गर्ने मानिसले स्वीकार गरिएको पाप छोड्नुपर्छ।

*'जसले आफ्ना पापहरूको ढाकछोप गर्छ, त्यो सफल हुँदैन;*
*तर जसले आफ्ना पापहरू मानिलिन्छ र छोड़िदिन्छ,*
*उसले कृपा पाउनेछ'*

*हितोपदेश २८:१३*

पाप स्वीकार गरेर छोड्ने मानिसले परमेश्वरको निम्न प्रतिज्ञा आफ्नो निम्ति दाबी गर्न सक्छः *'हाम्रा पापहरू हामीलाई क्षमा गर्न उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।'* परमेश्वर यहाँ कुन हिसाबले विश्वासयोग्य हुनुहुन्छ? उहाँले पापको क्षमाको विषयमा गर्नुभएको आफ्नो प्रतिज्ञाप्रति उहाँ विश्वासयोग्य रहनुहुन्छ। अनि उहाँ पापको क्षमाको सम्बन्धमा कसरी धर्मी रहनुहुन्छ? किनभने उहाँले प्रभु येशूको क्रूसको मृत्युमा, हाम्रो सट्टामा भएको त्यस स्थानापन्न त्राणको काममा पापको क्षमा दिने सत्‌आधार पाउनुभयो। उहाँले पापको क्षमा गर्ने मात्र होइन, तर हामीलाई सबै अधर्मबाट शुद्ध पार्ने कुरा पनि सुनिश्चित गर्नुभएको छ।

प्रेरित यूहन्नाले यहाँ चर्चा गरेको पापको क्षमाको विषयमा हामीले बुझ्नुपर्छ, कि तिनले न्यायको हिसाबले पापको क्षमाको कुरा गरेका छैनन्, तर यहाँ, यस ठाउँमा परिवारभित्र गरिने पापको क्षमा दिने-लिने व्यवहारको कुरा गरेका छन्। न्यायको हिसाबले पापको क्षमा पाउनु भनेको पापहरूको सजायबाट छुटकारा पाउनु हो। अनि यस प्रकारको क्षमा पापी मानिसले प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेको क्षणमा पाउँछ। यस कार्यलाई न्यायिक क्षमा भनिन्छ, किनभने पापी मानिसका पापहरू क्षमा गर्दा परमेश्वर न्यायकर्ताको भूमिका खेल्नुहुन्छ। तर मुक्ति पाइसकेको मानिसले पाप गर्‍यो भने नि, कुरा केकसो हुने हो? सजायको हिसाबले त्यस पापको निम्ति प्रभु येशूको क्रूसको त्राणात्मक मृत्युद्वारा सजायबाट छुटकारा पाउने दाम तिरिसक्यो। तर परमेश्वरको परिवारमा हुने सङ्गतिको हिसाबले यस पाप गर्ने 'पवित्र जन'ले पारिवारिक पापको क्षमा पाउनुपर्छ; परमेश्वर पिताबाट उसले क्षमा पाउनुपर्छ। यसमा परमेश्वर पिताको

भूमिका खेल्नुहुन्छ। उहाँका छोरा वा छोरीले आफ्नो पाप मानिलिएर पापको क्षमा पाउँछ। न्यायिक क्षमा हामीले एकैपल्ट मात्र पाउनुपर्छ। न्यायिक क्षमा पाएको मानिसका जम्मा पापहरू, अर्थात् दण्ड पाउने दृष्टिमा उसले भूतकालमा गरेका, वर्तमान समयमा र भविष्यमा गर्ने सबै पापहरूको हिसाब पूरा मेटिएको छ। तर हामीले सम्पूर्ण ख्रीष्टीय जीवन-भरि परमेश्वर पिताबाट पारिवारिक माफ पाउनुपर्छ।

हामीले आफ्ना पापहरू स्वीकार गर्दा हामीले परमेश्वरको वचनको अधिकारमाथि पूरा भरोसा गरेर उहाँबाट पापको क्षमा ग्रहण गर्नुपर्छ। उहाँले हामीलाई क्षमा दिनुहुन्छ नै। तब हामीले आफूलाई क्षमा किन नदिने? अनि उहाँले हामीलाई क्षमा गर्नुभएपछि हामीले अरूलाई पनि क्षमा गर्नुपर्छ, हो, हामी अरूलाई सधैं क्षमा गर्न तयार हुनुपर्छ।

**१ यूहन्ना १:१०:** अन्तमा, परमेश्वरको सङ्गतिमा हुनलाई हामीले पाप-कर्महरू गरेको कुरा इन्कार गर्नुहुँदैन। सबैले पाप गरेका छन् भन्ने कुरा परमेश्वरले आफ्नो वचनमा घरिघरि भन्नुभएको छ। जुन मानिसले यो कुरा इन्कार गर्छ, त्यस मानिसले परमेश्वरलाई झूटा तुल्याउँछ; किनभने त्यसले परमेश्वरको वचनले सफासँग भनेको कुरा सीधा काटेको हुन्छ। त्यसले प्रभु येशू यस संसारमा आउने मूलकारण पूरा नकारेको हुन्छ। तब उहाँले क्रूसमा भोग्नुभएको दुःख, उहाँले बगाउनुभएको रगत र उहाँको त्राणात्मक मृत्यु पूरा मतलबहीन हुनेथियो।

के तपाईंले देख्नुभयो? परमेश्वरसित सङ्गति गर्ने मानिस सिद्ध अर्थात् पापरहित हुनुपर्दैन। तर उहाँसित सङ्गति गर्ने मानिसले आफ्ना पापहरू लुकाउनुहुँदैन; उसले आफ्ना पापहरू उहाँको सामु ल्याएर मानि-लिनुपर्छ र छोड्नुपर्छ। परमेश्वरसित सङ्गति गर्न चाहने मानिस आफ्नो आत्मिक अवस्थाको विषयमा बिलकुल इमानदार हुनुपर्छ। मिथ्याचारी सफल हुँदैन। यसकारण हामीले सबै कपट त्याग्नुपर्छ। हामी कस्ता छौं, यो हाम्रो अवस्था किन लुकाऔं? यसमा कुनै लाभ हुँदैन।

**१ यूहन्ना २:१:** प्रेरित यूहन्नाले 'पाप नगर' भनेर हामी परमेश्वरका जनहरूलाई परमेश्वरको सिद्ध स्तररूपी मानदण्ड देखाइदिन्छन्, अनि पाप

गरेर यसमा विफल भएको खण्डमा हाम्रो निम्ति उहाँको अनुग्रहकारी प्रबन्ध के हो, सो पनि बताउँछन्। *'हे मेरा साना छोराछोरीहरूहो'* भनेर यहाँ परमेश्वरको परिवारका सबै सदस्य-सदस्याहरूलाई सम्बोधन गरिएको छ। परमेश्वरको सिद्ध स्तर निम्न शब्दमा प्रस्तुत गरिएको छः *'तिमीहरूले पाप नगर भन्ने हेतुले म यी कुराहरू तिमीहरूलाई लेख्छु।'* परमेश्वर सिद्ध हुनुहुन्छ; यसकारण आफ्ना जनहरूका निम्ति उहाँको स्तर पनि यस्तै छ, सिद्ध छ। 'तिमीहरूले सकेसम्म पाप नगर भन्ने हेतुले म तिमीहरूलाई यी कुराहरू लेख्छु' भनेर उहाँ भन्नुहुन्न। परमेश्वर यसो भन्न सक्नुहुन्न, नत्र उहाँ परमेश्वर रहनुहुनेथिएन। परमेश्वरले आँखा चिम्म गरेर थोरै पाप पनि सहन सक्नुहुन्न, सानो पाप भनेर त्यो नदेखेजस्तो गर्न सक्नुहुन्न। यसकारण उहाँले हाम्रो सामु आफ्नो सिद्ध स्तर राखेर हामीलाई हामीले यसमा ताक्नु-पर्ने लक्ष्य देखाउनुभएको छ। प्रभु येशूले पनि यसो गर्नुभयो, जब उहाँले व्यभिचारमा पक्राउ परेकी स्त्रीलाई यो भन्नुभयोः *'म पनि तिमीलाई दोषी ठराउँदिनँ; जाऊ र अबदेखि उसो पाप नगर!'* (यूहन्ना ८:११)।

तर प्रभु येशूले हाम्रो बनावट जान्नुहुन्छ। हामी धूलो-माटो हौं भन्ने कुरा उहाँले याद गर्नुभएको छ। यसकारण हामी चुकेको खण्डमा उहाँले हाम्रा निम्ति आफ्नो ठूलो अनुग्रहमा एउटा प्रबन्ध गर्नुभयो। अनि यस प्रबन्धको विषयमा हामी यसरी लेखिएको पाउँछौंः *'तर कसैले पाप गऱ्यो भने पिताको साथमा हाम्रा एकजना वकिल अर्थात् धर्मी येशू ख्रीष्ट हुनुहुन्छ।'* यी वकिलचाहिँ हाम्रो पक्ष लिएर काम गर्नुहुन्छ; खाँचो परेको समयमा उहाँ हामीलाई मद्दत गर्न तयार हुनुहुन्छ। हामीले पाप गर्ने बेलामा यो कुरा याद गर्नुपर्छः प्रभु येशू हाम्रो वकिल हुनुहुन्छ र हाम्रो पक्षमा काम गर्नुहुन्छ। हामीले पाप गर्नासाथ उहाँ हामीकहाँ आउनुहुन्छ र हामीलाई परमेश्वर-सितको सङ्गतिमा पुनर्स्थापित गर्नुहुन्छ। याद गर्नुहोस्! 'कसैले आफ्ना पापहरू स्वीकार गऱ्यो भने ...' भन्ने सर्त छैन यहाँ। किनभने प्रभु येशू हाम्रा वकिलले हामीलाई हाम्रो पाप स्वीकार गरेर छोड्ने ठाउँमा ल्याइ-पुऱ्याउनुहुन्छ।

यस पदमा एउटा अद्‍भुत कुरा लेखिएको छ, जुन कुरा नभुलीकन हामीले त्यसमाथि ध्यान लगाउनुपर्छ। यस्तो लेखिएको छः 'तर कसैले पाप गर्‍यो भने पिताको साथमा हाम्रा एकजना वकिल हुनुहुन्छ।' वचनले के भन्दछ? परमेश्‍वरको साथमा? होइन, तर पिताको साथमा! हामीले पाप गरेर पनि उहाँ अझै पनि हाम्रा पिता हुनुहुन्छ। धन्य, धन्य यो सत्यता!! यसलाई कहिल्यै नभुलौं! ख्रीष्ट-विश्‍वासीको जीवनमा कुरा यस्तो छः उसले गरेको पापले परमेश्‍वरसित उसको सङ्गति टुटाउँछ, तर उहाँसितको नाताको सम्बन्ध सधैं स्थिर र सुदृढ़ रहन्छ; त्यो कहिल्यै टुट्‍नेछैन। जसको नयाँ जन्म भएको छ, ऊ परमेश्‍वरको सन्तान भएको छ; अनि परमेश्‍वर उसका पिता हुनुभएको छ। अनि यो नाताको सम्बन्ध कुनै कुराले टुटाउन सक्दैन। एउटा जन्म भयो, भयो; यो कुरा नकार्न सकिँदैन। एउटा छोराले बुबाको अनादर गर्ला, तर यसो भएर पनि छोरा नै छोरा रहन्छ; यो त्यसको जन्मसिद्ध अधिकार हो।

हाम्रा वकिल को हुनुहुन्छ? हाम्रा वकिल धर्मी येशू ख्रीष्ट हुनुहुन्छ। हाम्रो पक्ष लिएर हाम्रो मुद्दा लड्‍नुहुने व्यक्ति धर्मी हुनुहुन्छ। यो कति राम्रो! शैतानले कुनै ख्रीष्ट-विश्‍वासीको विरोधमा दोष लाउँला, तर प्रभु येशू हाजिर हुनुहुन्छ। उहाँले क्रूसमा पूरा भएको आफ्नो त्राणको कामको अमर गुण दाबी गरेर भन्‍नुहुन्छः 'हे शैतान, त्यस भाइबहिनीबाट जसलाई जेजस्तो क्षति भयो, त्यसको हिसाब मेरो खातामा लगाइदे!'

**१ यूहन्ना २:२:** प्रभु येशूचाहिँ हाम्रा वकिल मात्र कहाँ हुनुहुन्छ र! तर उहाँ हाम्रा पापहरूका निम्ति प्रायश्‍चित्त पनि हुनुहुन्छ। प्रायश्‍चित्तको अर्थ के हो? प्रभु येशूले आफ्नो मृत्युद्वारा हाम्रा निम्ति निम्न प्रबन्ध गर्नुभयोः उहाँले दाम तिरेर हामीलाई हाम्रा पापहरूको दोषबाट पूरा मुक्त गर्नुभयो र हामीलाई परमेश्‍वरकहाँ फर्काउनुभयो; किनभने जुन क्षतिपूर्ति अनिवार्य थियो, त्यस क्षतिको पूर्ति उहाँको मृत्युद्वारा भएको छ, र त्यसद्वारा परमेश्‍वरसित सङ्गति गर्न नदिने सबै बाधाहरू हटाइएका छन्। वकिलले आफ्नो ग्राहकका निम्ति त्यसले गरेको क्षति पूर्ति गर्ने मोल तिरेको कुरा विरलै सुनिन्छ। तर प्रभु येशूले यस प्रकारको अपूर्व काम गर्नुभयो। अनि

उहाँले हाम्रा पापहरूको क्षति पूर्ति गर्नलाई आफूलाई पापको बलिको रूपमा दिएर हाम्रा पापको ऋण तिर्नुभयो। सबैभन्दा ताजुप लाग्ने कुरा यही हो।

यूहन्नाको कुरामा यो पुच्छ रहेको छः उहाँको बलिदानचाहिँ हाम्रा पापहरूका निम्ति मात्र होइन, तर सारा संसारका पापहरूका निम्ति पनि ऋण तिर्न पर्याप्त हुँदो रहेछ। सारा संसारका मानिसहरूले मुक्ति पाए र पाउँछन् भन्ने अर्थ यो होइन। तर प्रभु येशूले पूरा गर्नुभएको त्राणको कामचाहिँ सारा संसारका मानिसहरूलाई बचाउन पर्याप्त छ। तर यसको मूल्यरूपी रकम प्रभु येशूमाथि विश्वास गर्नेहरूको खातामा मात्र लगाइन्छ। सारा संसारमा सुसमाचार किन प्रचार गर्न सकिन्छ? किनभने उहाँको त्राणको काम सबै मानिसहरूका निम्ति पर्याप्त छ। तर सबै मानिसहरूले विश्वास नगरीकन मुक्ति पाएका भए, तिनीहरूलाई अझै पनि सुसमाचार प्रचार गर्न किन खाँचो पर्छ र?

चाखलाग्दो कुरा के हो भने, प्रभु येशूको क्रूसमा लगाइएको दोष-पत्र तीनवटा भाषाहरूमा लेखिएको थियोः हिब्रू, ग्रीक र ल्याटिन। हिब्रूचाहिँ परमेश्वरको चुनिएको प्रजाको भाषा हो भने ग्रीक र ल्याटिन भाषाहरूचाहिँ त्यस बेलाको संसारका प्रमुख भाषाहरू थिए। यसरी नै सारा संसारलाई उद्घोषणा गरियोः येशू ख्रीष्ट सारा संसारका सबै मानिसहरूका निम्ति सुयोग्य प्रायश्चित्तरूपी मुक्तिदाता हुनुहुन्छ।

## ग) १ यूहन्ना २ः३-११ः खण्ड १) ख्रीष्टीय सङ्गतिमा रहनेहरूका लक्षणहरूः आज्ञाकारिता र प्रेम

**१ यूहन्ना २ः३ः** अबचाहिँ यूहन्नाले ख्रीष्टीय सङ्गतिमा हुनेहरूका केही लक्षणहरू पेश गर्न लागेका छन्। उनीहरूको पहिलो लक्षणचाहिँ आज्ञाकारिता हो। के आफ्नो जीवनमा परमेश्वरको इच्छा पूरा गर्ने तपाईंको हार्दिक चाहना छ? तब परमेश्वरसितको सम्बन्धमा ढुक्कै हुनुहोस्! निस्सन्देह यी पदहरूले गूढ़ज्ञानवादीहरूलाई ताकेको हुनुपर्छ; किनभने

तिनीहरूले अरू मानिसहरूसँग भन्दा आफूसँग परमेश्वरको बढ़ी, श्रेष्ठ ज्ञान भएको दाबी गर्थे। तर प्रभुका आज्ञाहरू पालन गर्ने थोरै सरोकार राखेर तिनीहरू यस कुरामा पछाड़ि परेका थिए। यस प्रकारको ज्ञान कति खोक्रो र व्यर्थको हो, सो कुरा यूहन्नाले प्रमाणित गर्छन्।

यूहन्नाले ख्रीष्ट-विश्वासीहरूको आज्ञाकारिताका निम्ति यहाँ तीनवटा परिभाषा प्रयोग गर्छन्ः **क)** उनीहरूले उहाँका आज्ञाहरू पालन गर्छन् (१ यूहन्ना २ः३); **ख)** उनीहरूले उहाँको वचन पालन गर्छन् (१ यूहन्ना २ः५); **ग)** उनीहरूको चाल उहाँको चालजस्तै छ (१ यूहन्ना २ः६)। यसर्थ हाम्रो आज्ञाकारितामा तीनवटा श्रेणीहरू रहेछन्। उहाँका आज्ञाहरू पालन गर्नु भनेको नयाँ नियममा पेश गरिएका प्रभु येशूका शिक्षाहरू पालन गर्नु हो। तर उहाँको वचन पालन गर्नु भनेको परमेश्वरको वचनमा सफासँग लेखिएका लिखित आज्ञाहरू पालन गर्नुको साथै उहाँलाई खुशी पार्ने जुनसुकै कुरा पनि पूरा गर्नु हो। के हामीले यसरी नै उहाँलाई खुशी पार्न खोजेका हौं त? अनि उहाँको जस्तो चालमा चल्नु भनेको परमेश्वरका जनहरूका निम्ति परमेश्वरको निर्धारित स्तरको पूरा नापमा पुगेर हामीचाहिँ येशू जिउनुभएको जस्तो जीवन जिउँछौं।

**१ यूहन्ना २ः४ः** यूहन्नाका शब्दहरूमा इसाई जीवन नबिराईकन परमेश्वरको इच्छा पालन गर्ने जीवन हो भन्ने अर्थ लगाउनुहुँदैन। तिनले भनेको कुराको मतलब यो होइन। तर ख्रीष्ट-विश्वासीहरूले उहाँका आज्ञाहरू पालन गर्नुमा पूरा रुचि राख्छन्; यो उनीहरूको आदत हो। हर कुरामा उहाँलाई खुशी पार्नु नै उनीहरूको नित्य चाहना हो। यूहन्नाले यहाँ जे भन्छन्, तिनले कसैको सम्पूर्ण जीवन-प्रवाह हेरेर भन्छन्। जब कसैले 'म परमेश्वरलाई चिन्छु' भन्छ, तर उहाँका आज्ञाहरू पालन गर्दैन, तब त्यो झूट बोल्छ भन्ने कुरा स्पष्ट हुन्छ।

**१ यूहन्ना २ः५ः** तर जब हामी उहाँको वचन पालन गर्छौं, तब हामीमा परमेश्वरको प्रेम सिद्ध भयो। यहाँ 'परमेश्वरको प्रेम सिद्ध भयो' भनेकोमा हामीले परमेश्वरप्रति आफ्नो प्रेम बुझ्नुहुँदैन, तर यो उहाँको प्रेम हो, जुन प्रेम उहाँले हामीप्रति सधैं कायम राख्नुहुन्छ। जब हामीले उहाँको वचन

पालन गर्छौं, तब हामीमाथि लगाइराखिएको परमेश्वरको प्रेम हामीमा पूरा गर्न खोजेको लक्ष्यमा आइपुगेको छ। यसको मतलब यही हो। जब उहाँको प्रेम हामीमा परमेश्वरप्रति आज्ञापालन पैदा गर्नुमा सफल भएको छ, तब त्यसको लक्ष्य र उद्देश्य पूरा भएको हुन्छ।

**१ यूहन्ना २:६:** यसकारण हरेक जसले 'म उहाँमा रहन्छु' भन्छ, उसको चाल प्रभु येशूको जस्तो चाल हुनुपर्छ। सुसमाचारका चारवटा पुस्तकहरूमा प्रभु येशूको जीवनको चाल प्रस्तुत गरिएको छ। अनि उहाँको जीवनको यही प्रस्तुतिचाहिँ हाम्रा निम्ति नमुना र संदर्शिका हो। यस प्रकारको जीवन हामीले आफ्नै शक्तिबलले जिउन सक्दैनौं, तर केवल पवित्र आत्माको शक्तिमा जिउनु सम्भव हुन्छ। यसकारण हामीले आफ्नो कर्तव्य राम्रोसँग बुझ्नुपर्छ। किनभने हामीले केही बाँकी नराखी आफ्नो सम्पूर्ण जीवन उहाँको हातमा सुम्पेर समर्पण गर्नुपर्छ। के हामीले प्रभु येशूलाई हामीमा आफ्नो जीवन जिउने र आफूलाई हामीद्वारा प्रकट गर्ने अनुमति दिएका छौं?

**१ यूहन्ना २:७:** साँचो ख्रीष्ट-विश्वासीहरूको अर्को महत्त्वपूर्ण लक्षणचाहिँ भाइबन्धुहरूलाई प्रेम गर्नु हो। अनि तिमीहरूले भ्रातृ-प्रेम गर्नू भनेर यूहन्नाले कुनै नयाँ आज्ञा लेखेका छैनन्। तर यो त एउटा पुरानो आज्ञा हो, जुन आज्ञा शुरुदेखि उनीहरूसँग थियो; किनभने प्रभु येशूले आफ्ना चेलाहरूलाई 'एक-अर्कालाई प्रेम गर' भन्ने शिक्षा दिनुभएको थियो। उहाँको सार्वजनिक सेवकाइको शुरुदेखि नै उहाँका चेलाहरूले यो आज्ञा जान्दथिए।

गूढ़ज्ञानवादीहरूले आफ्ना शिक्षाहरू सधैं 'यो एउटा नयाँ शिक्षा हो' भनेर प्रस्तुत गर्थे। तर प्रेरित यूहन्नाले आफ्ना पाठकहरूलाई कुन अर्ती दिन्छन् भने, उनीहरूले सबै कुराहरू प्रभु येशूको शिक्षाको कसीले जाँच्नुपर्छ। किनभने उहाँ यस संसारमा आउनुभएको र सेवा गर्नुभएको समय यहाँ शुरु[1)] गनिन्छ। अनि उहाँको शुरुको शिक्षादेखि बहकिएर यताउता पुग्ने खतरा सधैं जारी रहन्छ। यूहन्नाले भन्न खोजेको कुरा यो हो:

'शुरुमा भएको कुरामा फर्केर जाओ, र तिमीहरूले सत्य के हो, सो जान्दछौ ।'

**१ यूहन्ना २:८:** भाइबन्धुहरूलाई प्रेम गर्ने आज्ञा यस हिसाबले एउटा पुरानो आज्ञा थियो; तर एक प्रकारले यस आज्ञामा केही नयाँ कुरा पनि छ। किनभने प्रभु येशू यस संसारमा हुनुहुँदा उहाँले आफ्ना चेलाहरूलाई एक-अर्कालाई प्रेम गर्ने आज्ञा दिनुको साथै तिनीहरूलाई यसको जीवित उदाहरण पनि दिनुभएको थियो। यसकारण तिनीहरूले उहाँको आज्ञाको अर्थ राम्ररी बुझे; किनकि प्रभु येशूको जीवनको विशेषता अरू मानिस-हरूलाई प्रेम गर्नु थियो। यसकारण उहाँमा यो आज्ञा पूरा तवरले सत्य थियो। तर अब यस पुरानो आज्ञामा नयाँ कुरा के हालिएको छ? यस अनुग्रहको युगमा यो आज्ञा केवल प्रभु येशूमा सत्य होइन, तर हामी ख्रीष्ट-विश्वासीहरूमा पनि सत्य ठहरिनुपर्छ। यी विश्वासीहरू अन्यजातिका मानिसहरू थिए, जो घृणा र क्रोधको वातावरण र पृष्ठभूमिबाट आएका थिए। तर अबचाहिँ उनीहरूले आफ्नो जीवनद्वारा प्रेमको महान् आज्ञाको साकार देखाएर यसको प्रदर्शन गर्नुपर्छ।

यसकारण जहाँ-जहाँ मानिसहरूले सुसमाचारको ज्योति ग्रहण गर्छन्, त्यहाँ-त्यहाँ अन्धकार बितिरहेको हुन्छ। अन्धकार पूरा हटेको छैन; किनभने धेरै मानिसहरू अझै पनि ख्रीष्ट येशूकहाँ आउनु बाँकी नै छ। तर ख्रीष्ट येशू, त्यो साँचो ज्योति चम्किरहनुभएको छ। अनि उहाँकहाँ फर्केका पापी मानिसहरूले उहाँमा मुक्ति पाउँछन्। अनि मुक्ति पाएका मानिसहरूले मुक्ति पाएको समयदेखि आफ्ना सङ्गी-विश्वासीहरूलाई प्रेम गर्न थाल्छन्।

**१ यूहन्ना २:९-११:** अबका तीनवटा पदहरूमा साँचो प्रेम र झूटो प्रेम आपसमा तुलना गरिएका छन्। पहिले यहाँ एकजना मानिसलाई प्रस्तुत गरिएको छ, जसले 'म ख्रीष्टियान हुँ' भन्छ, तर जसले साँचो ख्रीष्ट-विश्वासीहरूलाई घृणा गर्छ। त्यो मानिस अहिलेसम्म अन्धकारमै छ। यो पक्का हो; किनकि त्यसको लक्षण यस्तै छ। 'त्यो अझै पनि अन्धकारमा छ' भन्ने वाक्यबाट स्पष्ट बुझिन्छ, कि यहाँ प्रस्तुत गरिएको मानिस विश्वासबाट पछि हटेको मानिस होइन रहेछ। त्यस मानिसको पहिले

अवस्था जस्तो थियो, त्यो मानिस आफ्नो मुक्ति नपाएको त्यही अवस्थामा रहिरहेको छ।

तर दोस्रो व्यक्ति पनि छ, जसको आत्मिक लक्षणको विषयमा यसो लेखिएको छः *'जसले आफ्नो भाइलाई प्रेम गर्छ, ऊ ज्योतिमा रहन्छ, र उसमा ठेस लाग्ने कुनै कारण हुँदैन।'* उसमा ठेस लाग्ने कुनै कुरा छैन भन्ने कुरा हामीले दुई प्रकारले बुझ्न सक्छौंः एक, ऊ आफै ठेस खान्छ भन्ने डर छैन; अनि दुई, उसले अरूलाई पनि ठेस खुवाउँदैन। आफू कुनै कुरामा ठेस नलाग्नु र आफूले अरू कसैलाई ठेस नखुवाउनु ' यी दुईवटा अर्थहरू यहाँ सठीक छन्। कुनै इसाई भाइबहिनीले प्रभु येशूसित मिलीजुली-सम्बन्ध राख्छ भने ज्योतिले उसको पथ उज्यालो पारिदिन्छ र उसको जीवनमा उसले स्वीकार गरेको र उसले व्यवहारमा ल्याएको कुराको बीचमा कुनै अमेल नभएको हुनाले कसैले पनि उसमा ठेस खाँदैन, खानुपर्दैन।

परमेश्वरको वचनप्रति विश्वासयोग्य हुनेहरूका निम्ति गूढ़ज्ञान-वादीहरूको घोर घृणा थियो। तिनीहरूले उनीहरूलाई एकै आँखाले पनि देख्न चाहँदैनथिए। यसैबाट तिनीहरूले के प्रमाण दिए भने, तिनीहरू अन्धकारमा थिए; तिनीहरू अन्धकारमा हिँड्थे; अनि तिनीहरूले आफू कहाँ जाँदैथिए, सो जान्दैनथिए; किनभने अन्धकारले तिनीहरूका आँखा-हरू अन्धा पारिदिएको थियो।

भ्रातृ-प्रेमको सिलसिलामा लेख्दै गरेका प्रेरित यूहन्नाले अब आफ्नो तर्क यहाँ राख्छन्, र आफ्ना भाइबन्धुहरूलाई प्रेम नगरी सक्दैनन्। तिनले अब उनीहरूलाई परमेश्वरको परिवारका सदस्य-सदस्याहरूको रूपमा प्रेमसाथ अभिवादन गर्छन्।

## घ) १ यूहन्ना २ः१२-१४ः सङ्गतिमा वृद्धिका श्रेणीहरू

**१ यूहन्ना २ः१२ः** *'हे साना नानीहरूहो'* **2)** भनेर तिनले परमेश्वरको परिवारका सबैजनालाई सम्बोधन गर्छन्। उनीहरूको उमेर र आत्मिक

वृद्धिमाथि केही नजर नराखेर तिनले सबैजनालाई अँगाल्छन् । यूहन्ना यहाँ प्रभुका सबै जनहरूसँग बोल्छन् । यस पदको बाँकी भागबाट यो कुरा स्पष्ट हुन्छ, जहाँ लेखिएको छः *'... किनभने उहाँको नामको खातिर तिमीहरूका पापहरू तिमीहरूलाई क्षमा भएका छन् ।'* सबै ख्रीष्ट-विश्वासीहरूले पापहरूको क्षमा पाएका छन् । यो उनीहरू सबैजनाको हिसाबले साँचो हो । आफ्ना सबै पापहरूको क्षमा भएको कुरा वर्तमान धनको रूपमा चिन्नुहोस् ! यो हामी इसाईहरूको अद्‌भुत सम्पत्ति हो । अनि यो कुरा पनि याद गर्नुहोस्ः हाम्रा पापहरू हामीलाई उहाँको नाममा क्षमा भएका छन् । परमेश्वरले ख्रीष्ट येशूको खातिर हामीलाई हाम्रा पापहरू क्षमा गर्नुहुन्छ ।

**१ यूहन्ना २ः१३ः** बुबाहरूचाहिँ यिनीहरू हुन्, जसले शुरुदेखि हुनुहुनेलाई चिनेका छन् । यिनीहरू परिपक्व विश्वासीहरू हुन्, जसले परमेश्वरको पुत्रसितको मीठो सङ्गति जानेका छन्, अनि जो उहाँमा पूरा तृप्त र सन्तुष्ट हुन्छन् । अनि जवानहरूचाहिँ ? तिनीहरू परमेश्वरको परिवारमा बलिया योद्धाहरू हुन् । युद्धभूमिमा उत्रेर शत्रुसँग भिड्ने समय यही युवा-अवस्था हो । जवानहरूले त्यस दुष्टलाई जित्छन्; किनभने तिनीहरूले विजय पाउने कुञ्जी भेट्टाएका छन् । *'म त होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ''* योचाहिँ विजेताको कुञ्जी हो (गलाती २ः२०) । अनि साना नानीहरूचाहिँ विश्वासमा दूधेबालकहरू हुन्, जसले धेरै कुराहरू जान्दैनन्; तर उनीहरूले पितालाई चिनेका छन् ।

**१ यूहन्ना २ः१४ः** जब यूहन्नाले यहाँ यी बुबाहरूलाई फेरि पनि सम्बोधन गर्छन्, तब तिनले यिनीहरूको विषयमा नयाँ कुरा केही पनि लेख्दैनन्, तर अघिको कुरा दोहोर्‍याउँछन् । किनभने यिनीहरू परिपक्वतामा, आफ्नो आत्मिक अनुभवको चरमसीमामा आइपुगेका छन् । त्यसपछि जवानहरूको दक्षता बयान गरिएको छः तिनीहरू प्रभुमा र उहाँको शक्ति र सामर्थ्यमा बलवान् छन् । तिनीहरूले त्यस दुष्टलाई जितेका छन्; किनकि परमेश्वरको वचन तिनीहरूमा रहिरहन्छ । उजाड़-स्थानमा प्रभु येशूले पवित्र धर्मशास्त्रका केही उचित खण्डहरू उद्धृत गरेर

शैतानलाई जित्नुभयो। तब जोड़ र महत्त्व यसैमा छः पवित्र बाइबल हाम्रो निरन्तर भोजन र खुराक हुनुपर्छ; तब शैतानसित लड्न हामी तयार हुन्छौं, र हामीले आफ्नो डेग नछोड़ीकन शैतानका हमलाहरूको सामना गरेर त्यसलाई जित्न सक्छौं।

## ङ) १ यूहन्ना २ः१५-२८ः सङ्गतिका शत्रुहरूः संसार र झूटा शिक्षकहरू

१ यूहन्ना २ः१५-१७ पदहरूको खण्डमा हामीले संसार र त्यसका सबै झूटा मार्गहरूको विषयमा कड़ा चेताउनी पाएका छौं। हुन सक्छ, अघिका जवानहरू यस खण्डको प्रसङ्ग हुन्छन् होला। किनभने संसारले तिनीहरूलाई विशेष आकर्षण गर्ने गर्छ। तर प्रभुका सबै जनहरूलाई यो चेताउनी दिनु उचित छ। संसार भन्नाले हामीले यो धरती बुझ्नुहुँदैन, जहाँ हामी बाँचिरहेका छौं, न ता हाम्रो वरिपरि भएको सृष्टि बुझ्नु हुन्छ। तर 'संसार'मा यो प्रणाली बुझ्नुपर्छ, जुन प्रणाली मानिसले आफ्नो निम्ति तयार गरेको छ। यस प्रणालीद्वारा मानिसले ख्रीष्ट येशूविना सुखी हुन खोजेको छ। यसमा संस्कृति-जगत्, गीति-नाट्य जगत्, शिक्षा र कला-जगत् आदि दुनियाँहरू समावेश हुन्छन्। प्रभु येशूलाई प्रेम नगर्ने र उहाँलाई स्वागत नगर्ने जुनसुकै ठाउँ 'संसार' हो; संसार जहाँ पनि छ। एकजनाले यसको परिभाषा यस प्रकारले गरेका छन्ः 'संसार भन्नाले त्यही मानवीय समाज बुझ्नुपर्छ, जुन समाज गलत नियमहरूमाथि स्थापित भएको छ, अनि जसका लक्षणहरू यस प्रकारका छन्ः नीच चाहनाहरू, गलत नैतिक स्तरहरू, बढ़ी अहम्मन्यता र स्वार्थ।'

**१ यूहन्ना २ः१५-१६ः** हाम्रा निम्ति दिइएको चेताउनी सफा र स्पष्ट छ। हामीले संसारलाई र संसारका कुराहरूलाई प्रेम गर्नुहुँदैन। किनकि संसारसित राखिएको प्रेमको सम्बन्धले पिताको प्रेमसित मेल खाँदैन। संसारले हामीलाई के दिन सक्छ ? त्यसले हाम्रो शरीरको अभिलाषा, हाम्रा आँखाहरूको अभिलाषा र हाम्रो जीवनको सेखी तृप्त पार्न सक्ला।

शरीरको अभिलाषा भन्नाले हाम्रो पापी स्वभावबाट उठेका शारीरिक अभिलाषाहरू र विलासीपन बुझ्नुपर्छ। अनि आँखाहरूको अभिलाषा-चाहिँ यी सबै कुइच्छाहरू हुन्, जुन कुइच्छाहरू हामीले देखेका कुरा-हरूबाट हामीमा पैदा हुन्छन्। अनि जीवनको सेखीचाहिँ आत्मप्रदर्शन, स्वाभिमान र आत्मप्रशंसा आदि कुरा हुन्। सांसारिकतामा यी तीनवटा अवगुणरूपी तत्त्वहरू छन्, जुन अवगुणहरूले हव्वाले पूरा गरेकी पापमा पनि आफ्ना भूमिका खेलेका थिए। शरीरको अभिलाषाले ठाउँ पायो; किनकि त्यस रूखको फल खान लायकको थियो। अनि आँखाहरूको अभिलाषा पैदा गर्नलाई त्यो रूख हेर्नुमा मनोहर थियो। अनि जीवनको सेखी यसैमा थियोः बुद्धिमान तुल्याउने सम्बन्धमा त्यो रूखचाहिँ चाह गर्न लायकको थियो।

जसरी शैतान ख्रीष्टको विरोधी हो भने शरीर आत्माको विरोधमा छ, त्यसरी नै संसार पिताको प्रतिद्वन्द्वी, प्रतिस्पर्धी हो। जुनसुकै कुइच्छा, पैसाको लोभलालच र महत्त्वाकांक्षाचाहिँ पिताबाट आउँदैनन्, तर संसारका कुराहरू हुन्। पिता परमेश्वर यस्ता कुराहरूको स्रोत हुनुहुन्न, तर यी कुराहरूको स्रोत संसार नै हो। सांसारिकता बितिजाने कुराहरूका निम्ति गरिने प्रेम र मोह हो। तर मानिसको हृदय कहिल्यै संसारका थोकहरूले तृप्त हुन सक्दैन।

**१ यूहन्ना २:१७:** संसार बितिजान्छ, र त्यसको अभिलाषा पनि बित्नेछ। उड्न लागेको ब्याङ्कमा कसले आफ्नो पैसा राख्ला ? समझदार मानिसहरूले होइन। ढलपल हुँदै गरेको जगमाथि कसले एउटा घर निर्माण गर्ला ? बुद्धिमान डकर्मीहरूले होइन। डुब्न लागेको पानीजहाजका कुर्सीहरू कसले मिलाउला ? मूर्ख मानिसले मात्र। यसकारण संसारका कुराहरूमाथि केन्द्रित जीवन नजिउनुहोस् ! किनभने बुद्धिमान् मानिस-हरू बितिजाने संसारका निम्ति जिउँदैनन्। *'तर जसले परमेश्वरको इच्छा पूरा गर्छ, ऊ सदासर्वदा रहिरहन्छ।'* संयोगवश यो वाक्य प्रख्यात सुसमाचार प्रचारक डी. एल. मूडीको जीवन-वाक्य भयो; अनि यो वाक्य उनको समाधिमाथि लेखियोः

*'जसले परमेश्वरको इच्छा पूरा गर्छ, ऊ सदासर्वदा रहिरहन्छ।'*

**१ यूहन्ना २ः१८ः** ख्रीष्टीय सङ्गतिमा हुनेहरूको अर्को कसीचाहिँ शिक्षारूपी कसी हो। यस विषयको प्रसङ्गचाहिँ यस प्रकारले उठाइयोः ख्रीष्ट येशूमा दूधेबालक हुनेहरूलाई झूटा शिक्षकहरूको सम्बन्धमा चेताउनी दिइएको छ। विशेष विश्वासमा नयाँ हुनेहरूलाई ख्रीष्ट-विरोधीका झूटहरू पत्याउन लाउनु सजिलो छ। यूहन्नाको पत्रका प्रापकहरूले ख्रीष्ट-विरोधीको विषयमा शिक्षा पाइसकेका थिए, जुन ख्रीष्ट-विरोधी प्रभु येशूको दोस्रो आगमनको अगाड़ि उठ्नेछ, र ख्रीष्ट भएको बहाना गर्नेछ। सामान्य नियमअनुसार आउन लागेका घटनाहरू प्रायः पूर्वसूचनाहरूद्वारा सूचित हुन्छन्; ठीक त्यस्तै, ख्रीष्ट-विरोधी देखा पर्नुभन्दा अगाड़ि धेरै ख्रीष्ट-विरोधीहरू देखा पर्नेछन्। झूटा शिक्षकहरूले एउटा नक्कल ख्रीष्ट र एउटा झूटो सुसमाचार प्रचार गर्छन्। यस सिलसिलामा घतलाग्दो कुरा के हो भने, हाम्रो जमानाको विशेषता ख्रीष्ट येशूलाई इन्कार गर्ने झूटा पन्थहरूको उत्थान हो; योचाहिँ हाम्रा मुक्तिदाता प्रभुको आगमन नजिकै आइपुगेको छ भन्ने पक्का साक्षी हो।

**१ यूहन्ना २ः१९ः** यी झूटा शिक्षकहरू यिनीहरूको अङ्गीकारअनुसार इसाई थिए, जो एक समयमा प्रभुका प्रेरितहरूसित सङ्गत गरेका थिए। तर यिनीहरू आफ्नो हृदयमा साँचो ख्रीष्ट-विश्वासीहरूसँग एक थिएनन्। यो कुरा त्यस बेलामा प्रकट भयो, जब तिनीहरूले इसाई सङ्गति छोड़िहाले। *'तिनीहरू हाम्रा हुँदा हुन् ता तिनीहरू हामीसँग रहिरहनेथिए।'* यहाँबाट सिक्नुपर्ने पाठ यस प्रकारको छः साँचो विश्वास सधैं अन्तसम्म रहिरहने विश्वास हुँदो रहेछ। नयाँ जन्म पाएको विश्वासी प्रभुमा रहिरहन्छ। कुरा उल्टो नपारौं! अन्तसम्म स्थिर रहनेले स्थिर रहेको कारणले मुक्ति पाउँदैन। होइन; आउनुहोस्, हामी यो कुरा सुल्टो पारौंः जो अन्तसम्म स्थिर रहन्छ, ऊ साँच्चै मुक्ति पाएको व्यक्ति हो। झूटा शिक्षकहरू निस्के; किन? *'तिनीहरू हाम्रा होइन रहेछन् भनी प्रकट होस् भन्ने हेतुले तिनीहरू हामीबाट निस्के।'*

**१ यूहन्ना २:२०:** तर यसबाट एउटा प्रश्न उठ्छः नयाँ विश्वासीहरूले सत्य र झूट कसरी खुट्ट्याउन सक्छन् त ? यस प्रश्नको जवाफ यस्तो छः हामीसँग पवित्र जनबाटको अभिषेक छ; यसैले हामी सबै कुराहरू जान्दछौं। यहाँ, यस ठाउँमा अभिषेकले चाहिँ पवित्र आत्मालाई सङ्केत गर्छ भने, यही पवित्र जनले चाहिँ प्रभु येशू ख्रीष्टलाई सङ्केत गर्छ, जसबाट यो अभिषेक हामीलाई मिलेको छ। किनभने जब कुनै मानिसले मुक्ति पाउँछ, तब उसले पवित्र आत्मा पाउँछ, जुन पवित्र आत्माले त्यस समयदेखि उसो उसभित्र वास गर्नुहुन्छ। अनि पवित्र आत्माले नयाँ जन्म पाएको ख्रीष्ट-विश्वासीलाई सत्य र झूटको बीचमा खुट्ट्याउने क्षमता दिनुहुन्छ। जब यूहन्नाले यहाँ आफ्ना नयाँ विश्वासीरूपी पाठकहरूलाई *'र तिमीहरूले सबै कुराहरू* [3] *जान्दछौ'* भन्छन्, तब तिनले यो कुरा कुन अर्थमा भनेका छन्, सो हामीले बुझ्ने कोशिश गर्नुपर्छ। उनीहरू ज्ञानमा परिपूर्ण भएको अर्थ यस वाक्यको मतलब नै होइन; किनभने यस वाक्यको सीमित अर्थ यस प्रकारको छः उनीहरू सत्य र झूटको विषयमा खुट्ट्याउन सक्नलाई पूरा सक्षम भएका छन्। यसकारण ख्रीष्ट-विश्वासी जत्ति नै नयाँ वा साधारण किन नहोस्, ऊ आत्मिक कुराहरूको सम्बन्धमा खुट्ट्याउन सक्षम भएको छ। तर मुक्ति नपाएको दर्शनशास्त्रीले यसो गर्न सक्दैनन्। सांसारिक मानिसले आफ्ना खुट्टाका औंलाहरूमाथि टेकेर जे देख्न सक्छ, त्योभन्दा बढ़ी एक साधारण विश्वासीले आफ्ना घुँड़ामा बसेर देख्न सक्छ।

प्रकृतिको कुरा होः जब एउटा बालक जन्मन्छ, तब त्यो बालक आदमका सन्तानहरूका सबै ज्ञानेन्द्रियारूपी शारीरिक र मानसिक शक्तिले युक्त हुन्छ; किनभने उसका आँखाहरू, उसका हातहरू र उसका खुट्टाहरू छन्, साथै उसको दिमाग पनि छ। यी ज्ञानेन्द्रियाहरू पछि कुनै समयमा पाइने कुराहरू होइनन्। उसका शरीरका अङ्गहरू बढ्नेछन्, उसको शरीरको विकास हुनेछ; तर जन्ममा उसका सबै ज्ञानेन्द्रियाहरू छँदैथिए। एक नयाँ जन्म पाएको मानिससित कुरा ठीक त्यस्तै हुन्छ। आफ्नो नयाँ

जन्म हुने क्षणमै उसले सबै आत्मिक क्षमताहरू पाउँछ, र पछिबाट तीभन्दा बढ़ी पाउनेछैन। तर यी आत्मिक क्षमताहरूमा बढ़ाउँदै लाने सीमा हुँदैन।

**१ यूहन्ना २:२१:** यूहन्नाको पत्रका प्रापकहरू सत्यताको विषयमा अनजान थिएनन्। तिनले उनीहरूलाई उनीहरूको अज्ञानता हटाउने हेतुले लेख्दैनन्, तर उनीहरूले जानेको सत्यता पुष्टि गर्ने उद्देश्यले तिनले उनीहरूलाई यो पत्र लेख्छन्। तिनले उनीहरूलाई सम्झाएर भन्छन्, कि *'सत्यताबाट कुनै झूट आउन सक्दैन।'* गूढ़ज्ञानवादीहरूले शिक्षाहरू दिइरहेका थिए, जुन शिक्षाहरू परमेश्वरको वचनको विपरीत थिए। यसकारण यी शिक्षाहरू सरासर झूट ठहरिए। अनि तिनीहरूको मुख्य झूटचाहिँ येशूलाई ख्रीष्टको रूपमा इन्कार गर्ने तिनीहरूको अस्वीकार थियो, अनि यो झूट तिनीहरूको सारा शिक्षाको झूटो जग थियो। यस पत्रको भूमिकामा जानकारी दिइएअनुसार तिनीहरूको झूटो शिक्षा यस प्रकारको थियो: येशू केवल मानिस हुनुहुन्थ्यो; अनि 'त्यो ख्रीष्ट' भन्ने ईश्वरीय शक्ति वा दैवीय आत्मा पानीको बप्तिस्ममा येशूमाथि आउनुभयो अरे। यो एउटा परम झूट हो, जुन झूट वर्तमान समयमा कति झूटा पन्थहरूले जारी राखेका छन्। पवित्र बाइबलको साक्षी सुदृढ़ र पक्का छ: नयाँ नियमले प्रस्तुत गरेको येशूचाहिँ पुरानो नियमको परमप्रभु परमेश्वर हुनुहुन्छ। यसकारण येशूले पानीको बप्तिस्मा लिँदाखेरि त्यो ख्रीष्ट भन्ने ईश्वरीय तत्त्व उहाँमाथि आएको भन्नु सत्य होइन। सत्यता यस प्रकारको छ: येशू नै ख्रीष्ट हुनुहुन्छ। सत्य हुनेहरू सबैले यसो भन्नुपर्छ।

**१ यूहन्ना २:२२:** यस ठाउँमा यूहन्ना एकदम होशियारी भएका छन्। तिनले स्पष्ट पार्छन्: जुन मानिसले प्रभु येशूको परमेश्वरत्व इन्कार गर्छ, त्यस मानिसले पितालाई पनि इन्कार गरेको छ। परमेश्वरको उपासना र आराधना गरेको भूलधारणा अपनाउने कति मानिसहरू छन्, जसले प्रभु येशू ख्रीष्टलाई चाहँदै-चाहँदैनन्। प्रेरित यूहन्नाले भन्छन्: *'त्यो जसले पिता र पुत्रलाई इन्कार गर्छ, त्यही हो ख्रीष्ट-विरोधी।'*

**१ यूहन्ना २:२३:** यूहन्ना ८:१९ र ४२ पदमा प्रभु येशूले भन्नुभयो, कि जस-जसले उहाँको परमेश्वरत्व मान्दैनन् र उहाँलाई प्रेम गर्दैनन्,

तिनीहरूले पितालाई चिन्दैनन्, र परमेश्वर तिनीहरूका पिता हुनुहुन्न । अनि यहाँ यूहन्नाले उस्तै कुरा भन्छन्, जब तिनले यसो लेख्छन्ः *'हरेक जसले पुत्रलाई इन्कार गर्छ, त्योसँग पिता पनि हुनुहुन्न; तर जसले पुत्रलाई स्वीकार गर्छ, ऊसँग पिता पनि हुनुहुन्छ ।'* सत्यताको एक रत्न यहाँ छः पिता र पुत्र एक हुनुहुन्छ। पितालाई पुत्रविना कसैले पाउँदैन, पाउनै सक्दैन। यो सन्देश विशेष गरी यूनिटारियन, क्रिस्टियन साइन्टिस्त, मुसलमान, आधुनिकवादी, यहोवा विट्नेस र यहूदीधर्मका अवलम्बीहरूका निम्ति हो; यिनीहरूले यस सन्देशमाथि ध्यान दिएका होऊन् ।

**१ यूहन्ना २ः२४ः** झूटा शिक्षकहरूका फन्दा र पासोमा नपर्नदेखि नयाँ विश्वासीहरूको सुरक्षा केमा छ ? उनीहरूमा त्यही कुरा रहिरहनुपर्छ, जुन कुरा उनीहरूले शुरुदेखि सुने । 'उनीहरूले शुरुदेखि सुनेको' कुराले प्रभु येशूले दिनुभएको र उहाँका सबै प्रेरितहरूले दिएको शिक्षा सङ्केत गर्छ । यसकारण परमेश्वरको वचनको नजिकै रहनुमा नै हाम्रो सुरक्षा छ । 'यसको विषयमा पवित्र धर्मशास्त्रले के भन्छ ?' भन्ने प्रश्नचाहिँ सबै कुराहरू जाँच्ने कसी हो । पवित्र बाइबलसित मेल नखाने शिक्षा हामीले इन्कार र रद्द गर्नुपर्छ । यस विषयमा डा. ह्यारी ए. आइरनसाइडले यसो भन्ने गर्थेः 'कुनै शिक्षा नयाँ हो भने त्यो शिक्षा सत्य हुनै सक्दैन; अनि कुनै शिक्षा सत्य हो भने त्यो शिक्षा नयाँ हुन सक्दैन ।'

**१ यूहन्ना २ः२५ः** ख्रीष्टीय शिक्षामा रहिरहने मानिसले आफ्नो विश्वासको वास्तविकता प्रमाणित गर्छ। अनि यस प्रकारको विश्वासको प्रतिज्ञा अनन्त जीवन हो । जुन समयमा हामीले प्रभु येशूलाई विश्वासद्वारा ग्रहण गर्‍यौं, त्यस समयमा हामीले अनन्त जीवनरूपी उहाँको जीवन पायौं । अनि हामीलाई दिइएको उहाँको यस जीवनले हामीलाई सबै नयाँ, शङ्कालाग्दा शिक्षाहरू जाँच्न सक्षम तुल्याउँछ ।

**१ यूहन्ना २ः२६-२७ः** यूहन्नाले झूटा शिक्षकहरूको सिलसिलामा नयाँ विश्वासीहरूलाई चेताउनीको रूपमा यो कुरा लेखेका छन्। यस सम्बन्धमा सम्भाव्य नतिजा के होला भन्ने कुरामा तिनलाई कुनै डर छैन; किनभने तिनलाई याद थियो, कि उनीहरूले प्रभु येशूबाट त्यो अभिषेक

पाए। अनि अघि १ यूहन्ना २:२० पदमा बताएअनुसार पवित्र आत्मा त्यो अभिषेक हुनुहुन्छ। अनि यहाँ हामी के सिक्छौं भने, पवित्र आत्मा हामीमा रहिरहनुहुन्छ। यो रत्नकान्ति भनाइ पक्रनुहोस्! हामीले अघि कुनै एक समयमा जुन पवित्र आत्मालाई पाएका छौं, उही पवित्र आत्माले हामीलाई कहिल्यै छोड्नुहुन्न। अनि हामीले पवित्र आत्मालाई पाएका हुनाले कुनै मानिसले हामीलाई सिकाउनु दरकार छैन। यसमा हामी कुरा उल्टा नबुझौं! परमेश्वरले ख्रीष्टको मण्डलीमा शिक्षकहरूको प्रबन्ध गर्नुभएको छ, र मण्डलीलाई शिक्षकहरू खाँचो पर्छ (एफेसी ४:११)। तर परमेश्वरको सत्यताको सम्बन्धमा ख्रीष्ट-विश्वासीहरूलाई परमेश्वरको वचनमा दिइएको शिक्षाबाहेक अरू कुनै शिक्षा चाहिँदैन। गूढ़ज्ञान-वादीहरूले 'हामीसँग थप ज्ञानरूपी तथ्यहरू छन्' भन्ने दाबी गर्थे, जुन थप ज्ञानहरूका निम्ति हामीलाई कुनै दरकार हुँदैन भन्ने कुरा यूहन्नाले यहाँ स्पष्ट पारिदिन्छन्। परमेश्वरको वचन हाम्रो हातमा छ; अनि पवित्र आत्मा हाम्रो हृदयमा हुनुहुन्छ। परमेश्वरको सत्यताको सम्बन्धमा हामीलाई शिक्षा दिनलाई यति नै हर प्रकारले पर्याप्त हुन्छ; हामीलाई अरू केही पनि खाँचो पर्दैन।

**१ यूहन्ना २:२८:** यस पदमा यूहन्नाले परमेश्वरको परिवारका सबै सदस्य-सदस्याहरूलाई फेरि एकपल्ट सम्बोधन गर्छन्। उनीहरूका निम्ति तिनको अर्ती छः *'उहाँमा रहिरहो, यस हेतुले कि उहाँ देखा पर्नुहुँदा हामीलाई साहस होस्, र उहाँको आगमनमा हामी उहाँको सामु शर्ममा पर्नु नपरोस्!'* यहाँ, यस वाक्यमा 'हामी' भन्ने सर्वनामले प्रभु येशूका प्रेरितहरूलाई सङ्केत गर्छ। अनि यस पदको शिक्षा यस प्रकारको छः यूहन्नाको पत्रका यी प्रापकहरूले प्रभुमा अघि बढ्दैनन् भने यसको लेखा उनीहरूलाई ख्रीष्टमा ल्याउने प्रेरितहरूले दिनुपर्ने रहेछ। फलस्वरूप ती प्रेरितहरू ख्रीष्ट येशूको आगमनमा शर्ममा पर्नेथिए। हरेक सुसमाचारको धावामा अनुवर्ती कार्यक्रम हुनुपर्छ; यो अति महत्त्वपूर्ण हो भन्ने कुरामा यस पदले जोड़ गर्छ। अनि कतिजनाका निम्ति ख्रीष्टको आगमन शर्ममा पर्ने क्षण हुने रहेछ भन्ने स्फुरण पनि यस पदमा आलो छ।

## च) १ यूहन्ना २:२९-३:२४: खण्ड २) ख्रीष्टीय सङ्गतिमा रहनेहरूका लक्षणहरूः धार्मिकता, प्रेम र त्यसबाट प्राप्त गरिने निर्धक्कता

**१ यूहन्ना २:२९:** परमेश्वरको परिवारकाहरूको चौथो विशेषताचाहिँ धार्मिकता हो। प्रकृतिको कुरा हो, र हामीलाई विदित छ, कि जन्म दिने दाता जस्तो हुन्छ, ठीक त्यस्तै त्यसले आफूजस्ता हुने सन्तानहरूलाई पैदा गर्छ। अनि आत्मिक क्षेत्रमा कुरा पनि उस्तै हुन्छः *'हरेक जसले धार्मिकताको काम गर्छ, ऊ परमेश्वरबाट जन्मेको हो।'* परमेश्वर धर्मी हुनुहुन्छ; यसकारण उहाँले जे गर्नुहुन्छ, त्यो सबै धर्ममय हुन्छ। उहाँले जन्माउनुभएका छोराछोरीहरू सबै पनि धर्मी हुन्छन्। प्रेरित यूहन्नाको अपरिहार्य तर्क यहाँ यही हो।

**१ यूहन्ना ३:१:** परमेश्वरबाट जन्मिने कुराले यूहन्नालाई आश्चर्यले मोहित पार्छ। यसकारण तिनले आफ्ना पाठकहरूलाई परमेश्वरको त्यस महान् प्रेम, हामीलाई उहाँको परिवारभित्र ल्याएको त्यस अद्भुत प्रेममाथि नजर लगाउने आह्वान गर्छन्। परमेश्वरले हामीलाई सन्तान तुल्याउनु के खाँचो? हामीलाई मुक्ति मात्र दिनुभएको भए यो कार्य हामीले अवश्य उहाँको प्रेमको फल मान्नुपर्नेथियो। तर परमेश्वरको प्रेमले हामीलाई मुक्ति मात्र दिएन, तर त्यसले हामीलाई लिएर हामीलाई परमेश्वरको परिवारमा उहाँका सन्तानको रूपमा राख्यो। यसकारण *'हेर्नुहोस्, पिताले हामीलाई कस्तो किसिमको प्रेम प्रदान गर्नुभएको छः हामी परमेश्वरका सन्तान कहलिँदछौं।'* 4)

तर हाम्रो दैनिक जीवनमा संसारका मानिसहरूले हामीलाई परमेश्वरका सन्तानको रूपमा चिन्दैनन्। तिनीहरूले हाम्रो कुरा बुझ्दैनन्; तिनीहरूले हाम्रो चाल के बुझ्थे र? प्रभु येशू यस संसारमा हुनुहुन्थ्यो; तैपनि संसारले उहाँको पनि कुरा बुझेन। *'उहाँ संसारमा हुनुहुन्थ्यो; अनि संसार उहाँद्वारा हुन आयो, अनि संसारले उहाँलाई चिनेन। उहाँ आफ्नैकहाँ*

*आउनुभयो, तर उहाँका आफ्नैहरूले चाहिँ उहाँलाई ग्रहण गरेनन्'* (यूहन्ना १:१०-११)। हामीसँग प्रभु येशूका जस्तै विशेषताहरू छन्; यसैले संसारले कतै हाम्रो कुरा बुझ्छ भन्ने आशा नगरे हुन्छ।

**१ यूहन्ना ३:२:** तर संसारका मानिसहरूले कुरा बुझून् कि नबुझून्, हामी परमेश्वरका सन्तान हुन्छौं। अनि हाम्रो यही वर्तमान अवस्था हाम्रो भविष्यमा हुने महिमाको बैना हो। *'हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन, तर हामी जान्दछौं, कि जब ख्रीष्ट येशू देखा पर्नुहुनेछ, तब हामी उहाँजस्तै हुनेछौं; किनकि हामी उहाँलाई उहाँ जस्तै हुनुहुन्छ, त्यस्तै देख्नेछौं।'* अब उहाँजस्तै हुने कुरा आयो। स्वर्गमा हामी कुन हिसाबले येशूजस्तै हुनेछौं? उहाँको शरीर र हाम्रो शरीरको एउटै रूप हुनेछैन। प्रभु येशूको शरीरमा अमर विशेषताहरू रहनेछन्, जस्तै क्रूसको मृत्युमा उहाँलाई दिइएका चोटका चिन्हहरू आदि। यी डोबका चिन्हहरू अनन्त-सम्म उहाँको शरीरमा हुनेछन्। हाम्रो विश्वास छ, कि हामी हरेकका विशेषताहरू हुनेछन्, जुन विशेषताहरूले गर्दा हामीलाई एक-अर्काबाट छुट्ट्याउन सकिनेछ र यी व्यक्तिगत विशेषताहरूबाट हामी चिनिनेछौं। स्वर्गमा हरेकको रूप एकनाशको हुनेछ भन्ने शिक्षा बाइबलिय शिक्षा होइन। तर नैतिक हिसाबले हामी प्रभु येशू ख्रीष्टजस्तै हुनेछौं। हामी सबै प्रकारका अशुद्धताहरूबाट, अनि पाप, रोग, शोक र मृत्युबाट मुक्त हुनेछौं।

अनि हाम्रो रूपको अद्भुत परिवर्तन कहिले र कसरी हुनेछ? यस प्रश्नको उत्तर यो होः ख्रीष्ट येशूमाथि लगाइएको एक हेराइले यो परिवर्तन पूरा हुनेछ। *'किनकि हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं।'* वर्तमान समयमा ख्रीष्ट येशूको रूपमा हाम्रो परिवर्तनको प्रगतिशील प्रक्रिया जारी रहन्छ। परमेश्वरको वचनमा उहाँलाई विश्वासको दृष्टिद्वारा नियाल्दै हाम्रो यो परिवर्तन हुँदै गर्छ। तर त्यस बेलामा जब हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं, तब हामीमा यस परिवर्तनको प्रगति-शील प्रक्रिया सिद्धिनेछ; किनकि उहाँलाई देख्नु नै उहाँजस्तै हुनु हो।

**१ यूहन्ना ३:३:** अनि उहाँमा यो आशा राख्नु भनेको ख्रीष्ट येशूलाई देख्ने र उहाँजस्तो हुने बाटो हेर्नु हो। *'अनि हरेक जसले उहाँमाथि यो*

*आशा राख्छ, उसले आफूलाई त्यस्तै गरी शुद्ध पार्छ, जस्तो उहाँ शुद्ध हुनुहुन्छ।'* ख्रीष्ट येशूको सन्निकट आगमनको आशामा ख्रीष्ट-विश्वासी-हरूको जीवनमाथि पवित्र पार्ने प्रभाव हुँदो रहेछ भन्ने कुरा निक्कै अगाड़ि-देखि इसाईहरूको बीचमा विदितै छ। किनकि प्रभु येशू आउनुहुँदा कसले उहाँलाई मन नपरेको कामकुरा गरिरहेको फेला पर्न चाहन्छ? *'उसले आफूलाई त्यस्तै गरी शुद्ध पार्छ, जस्तो उहाँ शुद्ध हुनुहुन्छ'* भन्ने वाक्यमा तपाईंले ध्यान दिनुहोला। 'जसरी उहाँले आफूलाई शुद्ध पार्नुहुन्छ' भन्ने कुरा यहाँ लेखिएको छैन। किनकि प्रभु येशूले आफूलाई शुद्ध पार्नुपर्दैन। उहाँले यसो कहिल्यै गर्नुपरेन; किनभने उहाँ बिलकुल शुद्ध हुनुहुन्छ। हामीमा शुद्धता प्राप्त गर्ने कुरा एउटा प्रगतिशील प्रक्रिया हो भने उहाँमा शुद्धता उहाँको सद्गुणको वास्तविकता हो।

**१ यूहन्ना ३:४:** कसैले आफूलाई शुद्ध पार्छ भने अरूले उल्टा पाप पो गर्छन्। *'हरेक जसले पाप गर्छ, त्यसले व्यवस्था पनि भङ्ग गर्छ; किनकि व्यवस्था भङ्ग गर्नु नै पाप गर्नु हो।'* यहाँ ग्रीक भाषाको कुरा छ। 'पोइएओ' भन्ने क्रियापदको शाब्दिक अर्थ गर्नु नै हो। अनि कसैले कुनै लगातार भइरहने कार्य अथवा कसैको बानी व्यक्त गर्न खोज्दा उसले यो क्रियापद निरन्तर वर्तमानकालमा लेखेर यसो गर्छ। यूहन्नाले यहाँ ठीक यस्तो गरेका छन्। कुनै धर्मव्यवस्था नहुँदाखेरि पनि पाप त गरिन्छ। किनभने आदमको समयदेखि मोशाको समयसम्म संसारमा पाप छँदैथियो। यस अवधिमा परमेश्वरको व्यवस्था दिइएको थिएन। यसकारण 'व्यवस्था भङ्ग गरेर मानिसले पाप गर्छ' भन्नुमा सही अनुवाद नहोला, जसरी के.जे.वी. बाइबलमा अनुवाद गरिएको छ। बरु यहाँ 'अराजकताचाहिँ पाप हो' अनुवाद गर्नुपर्नेथियो। अराजकताचाहिँ परमेश्वरको अधीनतामा नआउने, तर आफ्नो स्वार्थी इच्छा पूरा गर्न चाहने र परमप्रभु परमेश्वरलाई आफ्नो सर्वसत्ताक मालिकको रूपमा स्वीकार गर्न नमान्ने कुव्यवहार हो। वास्तवमा, अराजकतामा मानिसले परमेश्वरको इच्छा आफ्नो इच्छामनि दमन गर्छ। हामीबाट आज्ञाकारिताको माग गर्ने जीवित परमेश्वरको

अधिकार छ, तर आज्ञाकारिता देखाउनुको सट्टामा मानिसले परमेश्वरको विरोध पो गर्छ।

**१ यूहन्ना ३:५:** ख्रीष्ट-विश्वासीले पाप गरिरहन सक्दैन; किनभने यस प्रकारको कुव्यवहारले प्रभु येशू यस संसारमा आउनुभएको उद्देश्य पूरा नकार्छ, पूरा इन्कार गर्छ। किनभने हाम्रा पापहरू हरण गर्न उहाँ प्रकट हुनुभयो। यसकारण पापमा लिप्त भएको, त्यसमा अघि बढ्ने मानिसको जीवनले प्रभु येशू देहधारी हुनुभएको हेतु पूरा अपमान र अनादर गर्छ।

फेरि, ख्रीष्ट-विश्वासीले पाप गरिरहन, पापमा लिप्त भइरहन किन सक्दैन? किनभने यसो गरेर उसले येशूको नामको निन्दा गर्नेथियो। तब उसले येशूको नाम लिएको मतलब के भयो? *'उहाँमा कुनै पाप छैन।'* नयाँ नियममा तीनवटा मुख्य पदहरू छन्, जुन पदहरूले प्रभु येशू ख्रीष्टको विषयमा उहाँ पापरहित मानिस हुनुहुन्थ्यो भन्ने गवाही दिन्छन्। १ यूहन्ना ३:५ पद यी तीनवटा पदहरूमा एउटा हो। प्रेरित पत्रुसले हामीलाई यसो भन्छन्: 'उहाँले कुनै पाप गर्नुभएन' (१ पत्रुस २:२२)। प्रेरित पावलले हामीलाई यसो भन्छन्: 'उहाँ पाप नजान्नुहुने हुनुहुन्छ' (२ कोरिन्थी ५:२१)। अनि प्रभु येशूलाई घनिष्ठ रूपले चिनेका प्रेरित यूहन्नाले के भन्छन्? तिनले प्रभु येशूको विषयमा आफ्नो गवाही यसरी दिन्छन्: 'उहाँमा कुनै पाप छैन।'

**१ यूहन्ना ३:६:** *'हरेक जो उहाँमा रहिरहन्छ, उसले पाप गर्दैन; हरेक जसले पाप गर्छ, त्यसले उहाँलाई न देखेको छ, न ता उहाँलाई चिनेको छ।'* साँचो ख्रीष्ट-विश्वासी र नयाँ जन्म नपाएको व्यक्ति यहाँ, यस पदमा आपसमा तुलना गरिएका छन्। साँचो ख्रीष्ट-विश्वासीको विषयमा निश्चित रूपले 'ऊ पापमा अघि बढ्दैन; उसले पाप गरिबस्दैन' भन्न सकिन्छ। यूहन्नाले यहाँ लेख्ने सन्दर्भ यी एक-दुई पापकर्महरू होइनन्, जुन पापकर्महरू विश्वासीले संयोगवश गरिपठाउँछ। तर तिनले मानिसलाई चिनाउने व्यवहार, मानिसले निरन्तर गरिरहने पापको आदत ताकेका छन्। ख्रीष्ट-विश्वासले पाप गर्दा आफ्नो मुक्ति गुमाउँछ भन्ने गलत विचार यस पदले सिकाएको तथ्य होइन। होइन नि, तर जुन मानिसको

पाप गर्ने आदत छ, त्यस मानिसको नयाँ जन्म भएकै छैन भन्ने कुरा सुनिश्चित छ; यस पदले भन्न खोजेको तथ्य यही हो ।

तब यो प्रश्न उठ्छः 'पाप कहिले आदत गनिन्छ ? अथवा मानिसले कतिपल्ट एउटै पाप दोहोर्‍याएर त्यसको पाप गर्ने बानी गनिन्छ ?' यूहन्नाले हामीलाई यस प्रश्नको उत्तर दिँदैनन् । तिनले हामीलाई होशियार गराउँछन्; किनकि यसको जवाफ दिनलाई हरेक ख्रीष्ट-विश्वासी आफै जवाफदेही हुन्छ । तिनले हामीलाई आफ्नो विश्वासको पक्का प्रमाण दिने जिम्मेवारी सुम्पिदिन्छन् ।

**१ यूहन्ना ३ः७ः** गूढ़ज्ञानवादीहरूले आफ्नो ज्ञानको धाक पिट्थे, तर आफ्नो व्यक्तिगत जीवन-साक्षी कायम राख्न एकदम लापरवाही गर्थे । यसकारण यूहन्नाले यो थप कुरा लेख्छन्ः *'हे साना नानीहरूहो, कसैले पनि तिमीहरूलाई धोका दिन नपाओस्; जसले धार्मिकताको काम गर्छ, ऊ धर्मी हो, जसरी उहाँ पनि धर्मी हुनुहुन्छ ।'* यस विषयमा कोही पनि अलमल्ल पर्नुहुँदैन । आत्मिक जीवन भएको मानिस पापमा लिप्त हुन सक्दैन । अनि धार्मिकताको काम त्यही मानिसले मात्र गर्न सक्छ, जुन मानिसमा धर्मी हुनुहुने प्रभु येशूको स्वभाव छ ।

**१ यूहन्ना ३ः८ः** कतिजनाका छोराछोरीहरू दुरुस्तै आफ्ना बुबा-आमाहरूजस्तै छन्, कि भीड़ैभीड़ मानिसहरूको बीचमा पनि तिनीहरू हराउन सक्दैनन् । परमेश्वरका सन्तानहरू र शैतानका सन्तानहरूको सम्बन्धमा यो पनि सत्य हुन्छ । *'जसले पाप गर्छ, त्यो शैतानबाटको हो; किनकि शैतानले शुरुदेखि नै पाप गर्दै आएको हो ।'* यहाँ यूहन्नाले भन्न चाहेको कुरा यही होः 'जसको पाप गर्ने बानी छ, त्यो शैतानबाटको हो ।' अब शैतानको कुरा आयो । शैतान शुरुदेखि पाप गर्दै आएको हो । त्यसले पहिलो पाप गरेको समयदेखि उसो निरन्तर पाप गर्ने त्यसको आदत छ । अनि शैतानका सबै सन्तानहरू फराकिलो बाटोमा त्यसको पछि लागेका हुन्छन् । यसमा भन्नु हामीलाई करै लाग्छ, कि मानिसहरू नयाँ जन्मद्वारा परमेश्वरका सन्तान बन्छन्, तर शैतानका सन्तानहरूको सम्बन्धमा तिनी-हरूलाई यसो हुनलाई कुनै जन्म आवश्यक छैन रहेछ । यसर्थ शैतानको

सन्तान कसरी बनिन्छ ? शैतानको पापी व्यवहार देखासिकी गरेर मानिस शैतानको सन्तान बन्छ। यसकारण बुझ्नुहोस्ः शैतानको सन्तान भएर कोही मानिस पनि जन्मिँदैन।

उल्टाको ठीक विपरीत कुरा के हो भने, प्रभु येशू शैतानका कामहरू रद्द गर्न आउनुभयो। प्रभु येशूले एकै शब्द बोलेर शैतानलाई नाश गर्न सक्नुहुनेथियो। तर उहाँले यसो गर्नुभएन। तर यसको बदलीमा उहाँ दुःख भोग्न, रगत बगाउन र प्राण दिन यस संसारमा ओर्लेर आउनुभयो। यसरी नै उहाँले शैतानका कामहरू रद्द गर्नुभयो। पाप हरण गर्नलाई मुक्तिदाता प्रभुले तिर्नुपर्ने दाम यति धेरै भएपछि उहाँलाई मुक्तिदाताको रूपमा विश्वास गर्नेहरूको मनसाय केकस्तो हुनुपर्ने ?

**१ यूहन्ना ३ः९ः** यस पदले दोहोर्‍याउँछः परमेश्वरबाट जन्मेको जोसुकै होस्, ऊ पाप गर्दै बस्दैन। यसो गर्नु असम्भव छ। कति बाइबल-विद्वान्हरूको विचारमा, यस पदको सन्दर्भ ख्रीष्ट-विश्वासीहरूको नयाँ स्वभाव हो; यसर्थ पुरानो स्वभावले पाप गर्न सक्छ र पाप गर्छ नै, तर नयाँ स्वभावले पाप गर्दैन, पाप गर्नै सक्दैन अरे। तर हाम्रो विचारमा, प्रेरित यूहन्नाले यहाँ फेरि पनि नयाँ जन्म पाएको विश्वासीलाई नयाँ जन्म नपाएको मानिससित तुलना गरेका र तिनीहरूको बीचमा भएको भिन्नता पेश गरेका छन्। तिनले यहाँ मानिस-मानिसमा फरक भएको व्यवहारिक चरित्रको कुरा गरेका छन्। ख्रीष्ट-विश्वासीमा पाप गर्ने आदत छैन। ढिपी गरेर ऊ पापमा लागिरहँदैन।

उहाँको बीउ उसमा रहिरहेको ‘ यसको एकमात्र कारण रहेछ। यस विषयमा बाइबल-विद्वान्हरूको बीचमा एकमत छैन, जसरी तिनीहरूले यस पदको बाँकी भागको अर्थको बारेमा पनि मिल्न सक्दैनन्। कतिको विचारमा, उहाँको बीउले ख्रीष्ट-विश्वासीको नयाँ स्वभावलाई सङ्केत गर्छ। अरूले त्यस बीउमा पवित्र आत्मालाई देख्न खोज्छन्। अनि फेरि अरूले त्यसमा परमेश्वरको वचन देख्छन्। यी तीनवटा कुराहरू सत्य छन् र यस वाक्यको सम्भावित अर्थ हुन सक्छन्। हाम्रो विचारअनुसार उहाँको बीउले त्यो नयाँ जीवन सङ्केत गर्छ, जुन जीवन ख्रीष्ट-विश्वासीहरूको

नयाँ जन्म हुँदा उनीहरूभित्र हालिएको हुन्छ। यसकारण यहाँ कथन सत्य के छ भने, त्यो ईश्वरीय जीवन ख्रीष्ट-विश्वासीहरूभित्र रहिरहन्छ। उनीहरू अनन्तसम्म सुरक्षित रहनेछन्। यहाँ इसाईहरूले किन र कसो गरेर पाप गर्ने बहाना लिन सक्छन्, सो बुझिँदैन। होइन, उनीहरूको अनन्त सुरक्षा निम्न कुरामा बैनाको काम गर्छः साँचो विश्वासीहरू पापमा लागिरहनेछैनन्। बानीगत रूपले *'उसले पाप गर्न सक्दैन, किनभने ऊ परमेश्वरबाट जन्मेको हो।'* परमेश्वरसितको सम्बन्ध स्थापित भएको छ; र त्यस सम्बन्धले विश्वासीको जीवनमा कतै पापमा लागिरहन पाउने सम्भावना र पाप गर्ने आदतमा प्रतिबन्ध लगाएको छ।

**१ यूहन्ना ३ः१०[क]ः** यहाँ परमेश्वरका सन्तानहरू र शैतानका सन्तानहरूको बीचमा चौथो भिन्नता प्रस्तुत गरिएको छ। जस-जसले धार्मिकताको काम गर्दैनन्, तिनीहरू परमेश्वरबाटका होइनन्। यहाँ बीचमा उभिनलाई कुनै ठाउँ रहेन; हो, आधा-आधी हुने कुरा छैन यहाँ। हामी कि त वार, कि त पार हुन्छौं। परमेश्वरका छोराछोरीहरूलाई कसरी चिनिन्छ? उनीहरूको धर्मी जीवनबाट नै।

**१ यूहन्ना ३ः१०[ख]-११ः** यहाँ हामी १ यूहन्ना २ः७-१७ पदको खण्डमा हेर्दै आएको विषयमा फर्कन्छौंः हामी परमेश्वरको परिवारका हौं कि होइनौं भन्ने दोस्रो जाँचचाहिँ हाम्रो प्रेमको जाँच हो। आफ्नो भाइलाई प्रेम गर्ने कर्तव्यचाहिँ ख्रीष्टीय युगको शुरुदेखि नै ईश्वरीय आदेशद्वारा स्थापित गरिएको शिक्षा हो। जुन प्रेमको विषयमा यहाँ कुरा गरिएको छ, त्यो प्रेम मिलनशीलता भन्न मिल्दैन, मानिसमा भएको ममता भन्नहुँदैन, तर त्यो त ईश्वरीय प्रेम हो। ख्रीष्ट येशूले हामीलाई जस्तो प्रेम गर्नुभयो, त्यस प्रकारले हामीले अरूलाई प्रेम गर्नुपर्छ। ईश्वरीय प्रेमको अर्थ यो हो। अनि यस प्रकारको प्रेम कसले देखाउन सक्छ? यो हाम्रो व्यक्तिगत शक्तिको फल होइन, तर पवित्र आत्माले हामीलाई यस प्रकारले प्रेम गर्न सक्ने क्षमता दिनुपर्छ, तब मात्र हामी प्रेम गर्न सक्छौं।

**१ यूहन्ना ३ः१२ः** यहाँ प्रेरित यूहन्नाले हामीलाई उत्पत्तिको पुस्तकमा विवरण गरिएको यस ऐतिहासिक क्षणमा फर्काएर लान्छन्, जहाँ एकजना

मानिसले आफ्नो भाइलाई प्रेम गरेन। यो यसको पहिलो लिखित उदाहरण हो। कयिनले आफ्नो भाइ हाबिललाई मारेर आफ्नो विषयमा आफू दुष्ट-बाटको हो भन्ने प्रमाण दियो। आफ्नो भाइलाई हत्या गर्ने कारण यसरी बताइएको छः *'त्यसका कामहरू दुष्ट थिए, तर त्यसका भाइका काम-हरूचाहिँ धर्ममय थिए।'*

**१ यूहन्ना ३ः१३ः** दुष्टताले धार्मिकतालाई घृणा गर्छ। यो मानव जातिको बीचमा चल्ने एउटा आधारभूत नियम हो। संसारले ख्रीष्ट-विश्वासीहरूलाई किन घृणा गर्छ? यसको स्पष्टीकारण यही हो। ख्रीष्ट-विश्वासीको धर्मी जीवनले विश्वास नगर्ने मानिसको दुष्टताको भेद र ठूलो विषमता देखाउँछ। अविश्वासीले यस प्रकारको भण्डाफोर मन पराउँदैन; अनि आफ्नो दुष्ट व्यवहार बदली गर्नुको सट्टामा त्यसले बरु दर्पणको काम गरेर त्यसको गल्ती स्पष्ट देखाइदिने जीवनलाई पो नष्ट गर्न खोज्छ। तर यो एउटा मूर्ख काम ठहरिन्छ; यो त धर्को तान्ने मानिसले बाङ्गो, टेढ़ा रेखा कोरेपछि उसको गल्ती प्रकट गरेको स्केल वा रेखनीको विरोधमा उठेर त्यसलाई टुक्रा-टुक्रा पारेजत्तिकै छ।

**१ यूहन्ना ३ः१४ः** *'हामी जान्दछौं, कि हामी मृत्युबाट जीवनमा सरिसकेका छौं; किनभने हामी भाइहरूलाई प्रेम गर्छौं।'* मुक्ति पाएको मानिसको विषयमा टिप्पणी गर्न लायक के छ भने, ख्रीष्ट-विश्वासी-हरूप्रति यस्तो मानिसको भावना अर्को हुन्छ। मुक्ति पाएको सम्बन्धमा निश्चयता प्राप्त गर्न सक्ने तरिकाहरूमध्ये यो तरिका पनि एउटा हो। परमेश्वरका छोराछोरीहरूलाई प्रेम नगर्ने मानिसले इसाई हुँ भनेर जत्ति पनि भइनटोपलोस्, तर पवित्र धर्मशास्त्र बाइबलको गवाही स्थिर रहन्छः *'त्यो मृत्युमा रहिरहन्छ।'* आत्मिक रूपले मरेको मानिसको अवस्था अघि जस्तै थियो, अहिले पनि त्यसको अवस्था यस्तै छ।

**१ यूहन्ना ३ः१५ः** संसारका मानिसहरूको दृष्टिमा घृणाचाहिँ त्यति खराब कुरा नहोला, तर परमेश्वरको नजरमा घृणाचाहिँ हत्या हो; अनि आफ्नो भाइलाई घृणा गर्ने मानिस हत्यारा हो। कुरा बुझ्न बढ़ी चिन्तन गर्नुपर्दैन; घृणाचाहिँ हत्याको अविकसित रूप हो। घृणामा हत्याको

अभिप्राय छँदैछ; तर त्यो घृणा हत्या-कर्ममा परिणत नभएको मात्र हो। यसकारण *'हरेक जसले आफ्नो भाइलाई घृणा गर्छ, त्यो हत्यारा हो।'* अनि जब यूहन्नाले *'कुनै हत्यारासँग त्यसभित्र रहिरहने अनन्त जीवन छँदैछैन'* भनेर भन्छन्, तब तिनले 'हत्याराले मुक्ति पाउन सक्दैन' भन्ने कुरा भन्न खोजेका होइनन्। तिनले भन्न खोजेको अर्थ सरल छ। जुन मानिससँग आफ्ना सङ्गीहरूलाई घृणा गर्ने आदत छ, त्यो मानिस जुनसुकै समयमा पनि हत्यारा हुनु सम्भव छ; यस्तो मानिसले मुक्ति पाएको हुँदैन।

**१ यूहन्ना ३:१६:** हाम्रा प्रभु येशूचाहिँ हाम्रा निम्ति प्रेमको सर्वोत्तम उदाहरण हुनुहुन्छ; किनभने *'उहाँले हाम्रा निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो।'* ख्रीष्ट येशू र कयिनको असमानता यसैमा छ। उहाँले हामीलाई प्रेम देखाउनुहुन्छ, प्राण अर्पण गर्ने सर्वोच्च प्रदर्शनमा। एक प्रकारले प्रेम नदेखिने कुरा हो; तर हामी प्रेम प्रकट गरिएको प्रदर्शन देख्न सक्छौं। प्रभु येशूको क्रूसको मृत्युमा हामी साँचो प्रेम देख्छौं। अनि प्रभु येशूको मृत्युबाट यूहन्नाले हामीलाई एउटा पाठ सिकाइदिन्छन्: *'अनि हामीले पनि भाइहरूका निम्ति आफ्ना प्राणहरू अर्पण गर्नुपर्छ।'* अरू विश्वासीहरूका निम्ति लगातार आफ्नो जीवन खर्च गर्नु यस पाठको मतलब हो। अनि खाँचो परेको खण्डमा हामी उनीहरूका निम्ति आफ्नो ज्यान दिन तयार हुनुपर्छ। हामीमा सबैभन्दा बढ़ी विश्वासीहरूले अरूका निम्ति प्राण दिनु नपर्ला, तर हामी हरेकले खाँचोमा परेका आफ्ना विश्वासी भाइबहिनी-हरूसित आफ्ना भौतिक थोकहरू बाँड़चुँड़ गरेर उनीहरूप्रति आफ्नो भ्रातृ-प्रेम प्रकट गर्न सक्छौं। अनि १ यूहन्ना ३:१७ पदको जोड़ यसैमा छ।

**१ यूहन्ना ३:१७:** उक्त सोह्र पदमा प्राण अर्पण गर्नुमा हाम्रा भाइ-बहिनीहरूका निम्ति हामीले गर्न सक्ने सर्वोच्च सेवा प्रस्तुत गरिएको छ भने यहाँ, यस पदमा हाम्रा भाइबहिनीहरूका निम्ति हामीले कम्तीमा गर्न सक्ने सर्वसाधारण सेवा पेश गरिएको छ। यूहन्नाले सुस्पष्ट शब्दमा के भन्छन् भने, जुन मानिसले आफ्नो भाइलाई खाँचोमा परेको देखेर उसबाट उसको खाँचो पूर्ति गर्ने थोकहरू रोकिराख्छ, त्यो मानिस ख्रीष्ट-विश्वासी नै होइन। यहाँ प्रस्तुत गरिएको सुल्टो कुरा हामी उल्टो नपारौं ल, र जथाभावी

सबैलाई दिने काम नगरौं ! यस पदले यस प्रकारको अर्थ दिँदैन; किनभने कुनै व्यक्ति विशेषलाई दिइएको रकमले त्यसको हानि गर्न सक्छ। किनकि यो रकम लिएर त्यसले आफ्नो हानि गर्ने चीज किन्न सक्छ। तर धनमाथि धन थुपार्ने धनवान् इसाईहरूको विषयमा कसो हो ? के यस पदले यस्ताहरूलाई झसङ्ग पार्दैन, तिनीहरूको विवेकमा खलबली मच्चाउँदैन ?

**१ यूहन्ना ३ः१८ः** हामीले वचनले मात्र होइन, ओठले पनि होइन, तर कर्मले र सच्चाइले प्रेम गर्नुपर्छ। अर्को शब्दमा भन्नु हो भने, दयामायाको शब्द बोल्न पुग्दैन, अनि प्रेमको नाममा झूट बोल्नुहुँदैन; तर हाम्रो प्रेम भलाइ र कृपाका कामहरूमा परिणत हुनुपर्छ। तब हाम्रो प्रेम साँचो प्रेम ठहरिन्छ। बोलीवचनमा सीमित रहेको प्रेम झूटो प्रेम हो।

**१ यूहन्ना ३ः१९ः** हामीले आफ्ना भाइबहिनीहरूलाई साँचो, सक्रिय प्रेम देखाउनुपर्छ। उपकारका कार्यहरूमा परिणत भएको प्रेमबाट स्पष्ट बुझिन्छ, कि हामी सत्यताको तर्फबाटका हौं। अनि यही कुराले हाम्रो हृदयलाई प्रार्थनामा उहाँको सामु आउँदा आश्वस्त तुल्याउँछ।

**१ यूहन्ना ३ः२०ः** *'किनकि हाम्रो हृदयले हामीलाई दोष दिन्छ भने परमेश्वर त हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ, र उहाँले सबै कुराहरू जान्नुहुन्छ।'* यस पदको सन्दर्भ प्रार्थनाको सन्दर्भ हो। प्रार्थनामा परमेश्वरको सामु आउँदा हाम्रो मनको भावना र अवस्था कस्तो छ ? यस पदको अर्थ हामीले दुई प्रकारले बुझ्न सक्छौं।

एक, हाम्रो हृदयले हामीलाई दोष दिएको खण्डमा परमेश्वर कुन हिसाबले हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ ? उहाँ टिठाउनुमा महान् हुनुहुन्छ। हुन सक्छ, हामी मनमा आफूलाई पूरा अयोग्य सम्झन्छौं, तर परमेश्वरले हामीलाई चिन्नुहुन्छ र हामीले उहाँलाई प्रेम गरेको र उहाँका जनहरूलाई प्रेम गरेको कुरा जान्नुहुन्छ। हाम्रा कमीहरू, हाम्रा भूलहरू र हाम्रा पापहरू जतिसुकै होऊन्, परमेश्वरले हामीलाई आफ्ना छोरा वा आफ्नी छोरीको रूपमा चिन्नुहुन्छ। हामी उहाँका हौं।

दुई, हाम्रो हृदयले हामीलाई दोष दिएको खण्डमा परमेश्वर अझै कुन हिसाबले हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ ? उहाँ न्यायको हिसाबले महान्

हुनुहुन्छ। हामीसँग आफ्ना पापहरूको विषयमा सीमित ज्ञान छ, तर परमेश्वरले हाम्रा सबै पापहरू पूरा तवरले र पूर्ण हिसाबले जान्नुहुन्छ। उहाँले हामीलाई मनमा दोष लाग्नुपर्ने सबै कुराहरू जान्नुहुन्छ, तर हामी कुन-कुन कुरामा दोषी छौं, सो कुरा केवल आंशिक रूपले जान्दछौं।

यस सम्बन्धमा यी दुईवटा कुराहरू सत्य छन्; यसकारण यी दुईवटा व्याख्याहरू यहाँ सम्भव देखिन्छन्। तर हाम्रो विचारमा, सायद दोस्रो अर्थ यहाँ सठीक होला।

**१ यूहन्ना ३ः२१ः** शुद्ध र सफा विवेक भएको मानिसको मनको भावना कस्तो छ? यस पदले यो बताउँछ। पहिलो यो बुझिराख्नुहोस्, कि शुद्ध विवेक भएको मानिस पापरहित जीवन जिउने मानिस होइन; तर उसले आफ्ना पापहरू लगत्तै मानिलिन्छ र छोड़िहाल्छ। त्यसो गरेर ऊ निर्धक्क हुन्छ र उसले परमेश्वरको सामु आउन कुनै धक मान्नुपर्दैन, अनि उसमा प्रार्थना गर्ने साहस हुन्छ। यसकारण *'हाम्रो हृदयले हामीलाई दोष दिँदैन भने परमेश्वरप्रति हामीलाई साहस हुन्छ।'*

**१ यूहन्ना ३ः२२ः** *'अनि हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं; किनभने हामी उहाँका आज्ञाहरू पालन गर्छौं र जुन कुराहरू उहाँको दृष्टिमा मनपर्दा छन्, ती कुराहरू गर्छौं।'* उहाँका आज्ञाहरू पालन गरेर हामी उहाँमा रहि-रहन्छौं। हाम्रा मुक्तिदाता प्रभुसित घनिष्ठ र आत्मीय सम्बन्ध कायम राखेर हामी यसो गर्छौं। प्रभु येशूसित यस प्रकारले आत्मीय सङ्गति गर्नाले उहाँको इच्छा हाम्रो इच्छा हुन जान्छ। पवित्र आत्माद्वारा उहाँले हामीलाई आफ्नो इच्छाको ज्ञानले भरिदिनुहुन्छ। उहाँको इच्छाको ज्ञानले भरिएको अवस्थामा हामीले उहाँको इच्छाको विरोधमा केही पनि माग्दैनौं। तब उहाँको इच्छाअनुसार माग्नेले उहाँबाट मागेको कुरा किन नपाउने? हामी उहाँको इच्छाअनुसार माग्छौं भने हामी उहाँबाट मागेका कुराहरू पाउनेछौं।

**१ यूहन्ना ३ः२३ः** परमेश्वरको आज्ञा यस प्रकारको छः *'हामीले उहाँको पुत्र येशू ख्रीष्टको नाममाथि विश्वास गर्नुपर्छ र उहाँले हामीलाई आज्ञा दिनुभएअनुसार हामीले एक-अर्कालाई प्रेम गर्नुपर्छ।'* यो नयाँ

नियमका सबै आज्ञाहरूको सार हो। किनभने यस सारले परमेश्वरप्रति र हाम्रा विश्वासी भाइबहिनीहरूप्रति हाम्रो जिम्मेवारी के हो, सो स्पष्ट पार्छ। हाम्रो सर्वप्रथम कर्तव्य प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नु हो। अनि साँचो विश्वासको माग हो, कि हामीले आफ्नो विश्वास असल चरित्रद्वारा प्रकट गर्नुपर्छ; यसकारण हामीले एक-अर्कालाई प्रेम गर्नुपर्छ। हामीमा मुक्ति पाउने खालको विश्वास छ भन्ने पक्का प्रमाण यही हो।

यस पदमा र अन्य पदहरूमा यूहन्नाले 'उहाँ' भन्ने सर्वनाम कुन प्रकारले प्रयोग गरेका छन्, सो कुरा तपाईंले याद गर्नुहोला; किनभने तिनले यसो गर्दा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टको बीचमा छुट्ट्याउँदैनन्। तिनले यसो गर्ने आँट कहाँबाट लिएका छन्? कुरा यस प्रकारको छः पुत्र पनि पिताजस्तै परमेश्वर हुनुहुन्छ। यसकारण यो यूहन्नाको अज्ञानता वा अनुमानको फल होइन, तर पिता र पुत्र दुवैजनालाई 'उहाँ' भन्न एकदम सुहाँउछ।

**१ यूहन्ना ३ः२४**[क]ः प्रेमचाहिँ परमेश्वरका छोराछोरीहरूलाई जाँच्ने एक कसी हो। अनि यस पदको पहिलो भागमा प्रेमको जाँच भन्ने विषयमा लेखिएको खण्ड सिद्धिन्छः *'अनि जसले उहाँका आज्ञाहरू पालन गर्छ, ऊ उहाँमा रहिरहन्छ र उहाँचाहिँ उसमा रहिरहनुहुन्छ।'* यसर्थ उहाँको आज्ञा-पालन गरेर हामी उहाँमा रहिरहन्छौं। अनि उहाँमा रहिरहनेहरूलाई उहाँको अविरल उपस्थिति पनि रहने आश्वासन दिइन्छ।

**१ यूहन्ना ३ः२४**[ख]ः *'अनि यसैबाट अर्थात् उहाँले हामीलाई दिनुभएको आत्माद्वारा उहाँ हामीमा रहिरहनुहुन्छ भन्ने कुरा हामी जान्दछौं।'* पवित्र आत्माबाट हामीलाई परमेश्वर हाम्रो साथमा रहिरहनुभएको निश्चयता आउँछ। दृढ़ विश्वासको सम्बन्धमा लेखिएको खण्ड यस वचनबाट शुरु हुन्छ। किनभने सबै ख्रीष्ट-विश्वासीहरूसँग पवित्र आत्मा हुनुहुन्छ। उहाँले उनीहरूलाई सम्पूर्ण सत्यताभित्र अगुवाइ गर्दै लानुहुन्छ। अनि उहाँले उनीहरूलाई झूट वा भ्रम के हो, सो जान्न त्यसको खुट्ट्याउने क्षमता दिनहुन्छ।

## छ) १ यूहन्ना ४ः१-६ः सत्यता र भ्रमको बीचमा छुट्ट्याउन सक्नुपर्छ ।

**१ यूहन्ना ४ः१ः** पवित्र आत्माको कुरा गर्नासाथ यूहन्नालाई यस वर्तमान संसारमा चारैतिर अर्को किसिमका आत्माहरू भएको याद आउँछ, जुन आत्माहरूको विषयमा परमेश्वरका छोराछोरीहरूले चेताउनी पाउनुपरेको थियो । यसकारण तिनले यी विश्वासीहरूलाई *'हरेक आत्मालाई विश्वास नगर'* भनेर होशियार गराउँछन् । अनि यहाँ आत्मा भन्ने शब्दको प्रमुख अर्थ 'शिक्षक' होला । तर हामीले यस शब्दको अर्थ यसमा सीमित राख्नुहुँदैन । पवित्र बाइबल, परमेश्वर र प्रभु येशूको विषयमा बोल्ने मानिस परमेश्वरको सन्तान नहुन पनि सक्छ । *'ती आत्माहरू परमेश्वरबाटका हुन् कि होइनन् भनी हामीले तिनलाई जाँचेर हेर्नुपर्छ; किनकि अनेकौं भूटा भविष्यवक्ताहरू संसारमा निस्किआएका छन् ।'* तिनीहरूको अङ्गीकार-अनुसार तिनीहरू इसाई हुन्, तर तिनीहरूले अर्को सुसमाचार प्रचार गर्छन् ।

**१ यूहन्ना ४ः२ः** अबचाहिँ यूहन्नाले हामीलाई ती मानिसहरूका जाँच गर्ने कसीहरू दिन्छन् । तिनीहरूलाई जाँच्न सक्ने मुख्य जाँच यस प्रकारको छः 'यी शिक्षकहरूले येशू ख्रीष्टको विषयमा के भन्छन् ?' *'येशू ख्रीष्ट शरीरमा भई आउनुभएको हो भन्ने स्वीकार गर्ने हरेक आत्मा परमेश्वर-बाटको हो ।'* यहाँको खास जाँचचाहिँ येशू भन्ने मानिस संसारमा जन्मनुभएको ऐतिहासिक तथ्य स्वीकार गरेको कुरा होइन, तर जीवित प्रभु येशूमा ख्रीष्टचाहिँ देहधारी हुनुभएको हो भन्ने स्वीकार पो जाँचको कसी हो । स्वीकार गर्ने मानिसले येशूचाहिँ देहधारी ख्रीष्ट हुनुहुन्छ भन्ने स्वीकार गर्नुपर्छ । अनि जसले यो कुरा मानिलिन्छ, उसले प्रभु येशूलाई आफ्नो जीवनको मालिक तुल्याउनुपर्छ र उहाँलाई प्रभु मानेर दण्डवत् गर्नुपर्छ । 'प्रभु येशू परमेश्वरको ख्रीष्ट हुनुहुन्छ' भन्ने कुरा जसले प्रचार गर्छ, उसले परमेश्वरको आत्माद्वारा यसो गर्छ । यो कुरा पक्का हो; किनभने परमेश्वरको आत्माले मानिसहरूलाई तिनीहरूले येशू ख्रीष्टलाई आफ्ना

प्रभुको रूपमा स्वीकार गर्ने र आफ्नो जीवन उहाँको हातमा सुम्पने आह्वान गर्नुहुन्छ। पवित्र आत्माले सधैं येशूको महिमा गर्नुहुन्छ।

**१ यूहन्ना ४:३:** *'तर येशू ख्रीष्ट शरीरमा भई आउनुभएको हो भनी स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरबाटको होइन।'* [5] झूटा शिक्षकहरूको भण्डाफोर भयो। के तपाईंले देख्नुभयो? तिनीहरूले प्रभु येशूलाई यस पदमा बताएअनुसार स्वीकार गर्न सक्दैनन्। *'योचाहिँ ख्रीष्ट-विरोधीको आत्मा हो, जसको विषयमा तिमीहरूले 'त्यो आउँछ' भन्ने सुनेका छौ र त्यो अहिले संसारमा आइसकेको छ।'* ख्रीष्ट-विरोधी आउँछ भन्ने भविष्यवाणी भएको थियो। प्रभु येशूको विषयमा स्वीकार्य कुराहरू भन्ने मानिसहरू धेरै छन्, तर तिनीहरूले उहाँलाई देहधारी परमेश्वरको रूपमा स्वीकार गर्दै-गर्दैनन्। तिनीहरूको शब्दअनुसार ख्रीष्ट येशू दैविक अथवा ईश्वरीय हुनुहुन्छ, तर 'उहाँ परमेश्वर हुनुहुन्छ' ' अहँ, तिनीहरू यो स्वीकार गर्न तयार छैनन्।

**१ यूहन्ना ४:४:** सीधासादा विश्वासीहरूले झूटा शिक्षकहरूलाई जित्न सक्छन्; किनभने उनीहरूभित्र पवित्र आत्मा हुनुहुन्छ। अनि उहाँले उनीहरूलाई भ्रमको आत्मा चिन्न सक्षम तुल्याउनुहुन्छ; उहाँको सहायतामा उनीहरूले भ्रमको कुरा सुन्न बिलकुल इन्कार गर्छन्।

**१ यूहन्ना ४:५:** झूटा शिक्षकहरू संसारका हुन्। यसकारण तिनीहरूले संसारको कुरा गर्छन्। तिनीहरूले बोलेका सबै कुराहरूको स्रोत संसारै हो। तिनीहरूले सिकाएका सबै कुराहरूको मुहान संसारै हो। यसकारण संसारका मानिसहरूले तिनीहरूको कुरा सुन्ने गर्छन्। यसबाट हामी याद गरौं र बुझौंः हामीले कसैको शिक्षाको विषयमा संसारको अनुमोदनचाहिँ त्यसको सत्यताको कसी मान्नुहुँदैन रहेछ। प्रचारक लोकप्रिय हुन चाहेमा ऊ संसारले गरेझैं बोल्नुपर्छ; बस ! तर जुन मानिस परमेश्वरप्रति विश्वासयोग्य हुन चाहन्छ, त्यही मानिसले संसारको निरनुमोदन सहन सक्नुपर्छ।

**१ यूहन्ना ४:६:** यहाँ यूहन्नाले प्रभुका सबै प्रेरितहरूको पक्ष लिएर कुरा गर्छन्, जब तिनले यसो भन्छन्ः *'हामीचाहिँ परमेश्वरबाटका हौं;*

*जसले परमेश्वरलाई चिन्छ, उसले हाम्रो कुरा सुन्छ।'* परमेश्वरद्वारा नयाँ जन्म भएकाहरू सबैले नयाँ नियममा पेश गरिएको प्रेरितहरूको शिक्षा ग्रहण गर्छन् भन्ने अर्थ यस वचनको स्पष्ट अर्थ हुन्छ। अनि जोजति परमेश्वरबाटका होइनन्, तिनीहरूले नयाँ नियमको गवाही ग्रहण गर्दैनन्, तर तिनीहरूले यसमा थपथाप गर्न वा त्यसको शिक्षा फ्यात्लो पार्न खोज्छन्।

## ज) १ यूहन्ना ४:७-५:२०: खण्ड ३) ख्रीष्टीय सङ्गतिमा रहनेहरूका अन्य लक्षणहरूः

### अ) १ यूहन्ना ४:७-२१: भ्रातृ-प्रेम

**१ यूहन्ना ४:७-८:** यहाँ हामी यूहन्नालाई भ्रातृ-प्रेम, आफ्नो मुख्य विषयमा फर्किगएका देख्छौं। प्रेमचाहिँ परमेश्वरको सद्गुणसित मेल खाने नित्यकर्मरूपी कर्तव्य हो। तिनको जोड़ यसैमा छ। अनि जुन प्रेमको विषयमा यूहन्नाले कुरा गरेका छन्, त्यो प्रेम सबै मानिसहरूमा हुँदैन, तर त्यो प्रेम परमेश्वरका छोराछोरीहरूमा मात्र हुन्छ; किनभने नयाँ जन्मद्वारा त्यो ईश्वरीय प्रेम उनीहरूमा रोपिएको छ। प्रेमको स्रोत परमेश्वर हुनुहुन्छ, जसरी लेखिएको छः *'प्रेम परमेश्वरबाटको हो; अनि प्रेम गर्ने हरेक जन-चाहिँ परमेश्वरबाट जन्मेको हुन्छ र उसले परमेश्वरलाई चिन्छ। जसले प्रेम गर्दैन, त्यसले परमेश्वरलाई चिन्दैन; किनकि परमेश्वर प्रेम हुनुहुन्छ।'* परमेश्वर प्रेम गर्नुहुन्छ, त्यो त ठीक्कै हो; तर यसरी यहाँ लेखिएको छैन। परमेश्वर स्वयम् प्रेम हुनुहुन्छ भन्ने कुरा यूहन्नाले दिएको जोड़ हो। उहाँको स्वभाव प्रेम हो। परमेश्वरमा साँचो प्रेम छ; किनभने उहाँ नै प्रेमको मुहान हुनुहुन्छ। अरू कसैमा साँचो प्रेम नहोला। परमेश्वर प्रेम हुनुहुन्छ। स्वर्ग र पृथ्वीका सबै भाषाहरूमा उद्घोषणा गर्न सुयोग्य यी शब्दको विषयमा श्री जी. एस. ब्यारेटले यसो भनेका छन्ः

'परमेश्वर प्रेम हुनुहुन्छ; मानिसहरूले व्यक्त गरेका सबैभन्दा महान् शब्द यी हुन्; यो सारा पवित्र बाइबलको सर्वश्रेष्ठ वचन हो। ... यी शब्दहरूमा कुन-कुन अर्थ लुकेको छ, सो कुराको रूपरेखा हामीले यस संक्षिप्त टिप्पणीमा के दिन सक्थ्यौं र? यो असम्भव छ। किनभने यस्तो कुनै मानिस र सृष्टि गरिएको यस्तो कुनै व्यक्ति नै छैन, जसले यसको अपार, अगम्य अर्थ बुझेर साध्य छैन। तर हामी यहाँ भक्तिसाथ स्वीकार गर्छौं, कि यस एउटै वाक्यमा परमेश्वरको विषयमा बुझ्ने कुञ्जी छ, जसले हामीलाई उहाँका कामहरू र चालहरूको विषयमा, उहाँले उत्पत्ति गर्नुभएको सृष्टिमा लुकेको रहस्य, उहाँले तयार गर्नुभएको मुक्तिमा हुने महत्त्व, अँ, उहाँको व्यक्तित्वको विषयमा अर्थ खोलिदिन्छ।' 6)

**१ यूहन्ना ४ः९-१०ः** अबका केही पदहरूमा परमेश्वरको प्रेम भूतकालमा कसरी प्रकट भयो, वर्तमान समयमा कसरी प्रकट हुन्छ र भविष्यमा कसरी प्रकट हुनेछ, सो कुरा हामी बयान गरिएको पाउँछौं। भूतकालमा परमेश्वरले आफ्नो प्रेम यस प्रकारले प्रकट गर्नुभयोः उहाँले आफ्नो एकमात्र पुत्रलाई उपहार-स्वरूपमा हामी पापी मानिसहरूकहाँ प्रकट गर्नुभयो (१ यूहन्ना ४ः९-११)। वर्तमान समयमा परमेश्वर हामीमा वास गर्दै हुनुहुन्छ; उहाँको प्रेम यसरी नै उहाँका पवित्र जनहरूकहाँ प्रकट गरिन्छ (१ यूहन्ना ४ः१२-१६)। अनि भविष्यमा न्यायको दिनमा हामीप्रति उहाँको प्रेम प्रकट हुनेछ; किनभने उहाँले हामीलाई त्यस दिनमा ढाँड़स र साहस दिनुहुनेछ (१ यूहन्ना ४ः१७)।

यसकारण आउनुहोस्, हामी पहिलो कुराबाट शुरु गरौं! हामी पापी मानिसहरूप्रति परमेश्वरको प्रेम छ। *'परमेश्वरले आफ्ना एकमात्र जन्माइएका पुत्रलाई हामी उहाँद्वारा जिउन सकौं भन्ने हेतुले यस संसारमा पठाउनुभयो',* अनि *'हाम्रा पापहरूका निम्ति प्रायश्चित्त* 7) *हुनलाई पठाउनुभयो।'* आत्मिक रूपले हामी मरेका थियौं, र हामीलाई जीवन पाउनु आवश्यक थियो। हामी दोषी थियौं, र हामीलाई प्रायश्चित्तको खाँचो थियो। आफ्ना एकमात्र जन्माइएका पुत्र भन्ने शब्दमा परमेश्वर पिता र परमेश्वरको पुत्रको बीचमा अद्वितीय नाताको सम्बन्ध व्यक्त गरिएको

छ। उहाँको यस प्रकारको नाताको सम्बन्ध अरू कुनै छोरासित हुँदैन। तब परमेश्वरको अवर्णनीय प्रेमको गहिराइ यसैमा छः उहाँले आफ्ना अद्वितीय पुत्रलाई यस हेतुले यस संसारमा पठाउनुभयो, कि हामी उहाँद्वारा जिउन सकौं।

हामीले परमेश्वरलाई पहिले प्रेम गरेको हुनाले उहाँको प्रेम हामीलाई देखाइएको छैन। हामीले परमेश्वरलाई प्रेम गरेको कुरा परै जाओस्, हामी उहाँका शत्रु थियौं, जसले उहाँलाई घृणा गर्थे। अर्को शब्दमा भन्नु हो भने, हामीले परमेश्वरलाई प्रेम गरेको प्रतिफलस्वरूप उहाँले हामीलाई प्रेम गर्नुभएन; तर हामीमा उहाँप्रति हाम्रो तिक्त शत्रुतामाथि ध्यान नराखी उहाँले हामीलाई प्रेम गर्नुभयो। अनि उहाँले आफ्नो प्रेम कसरी देखाउनुभयो? उहाँले आफ्ना पुत्रलाई हाम्रा पापहरूको प्रायश्चित्त हुन पठाउनुभयो। प्रायश्चित्तमा पापको क्षति भुक्तान गरिने पूर्तिको दाम बुझिन्छ; अथवा पापद्वारा भएको क्षति दाम तिरेर चुक्ती गरेर प्रायश्चित्त गरिन्छ।

कतिजना उदारवादी इसाईहरूको विचारमा, परमेश्वरको प्रेमचाहिँ ख्रीष्ट येशूको त्राणको कामबाट अलग हुने कुरा हो। तर प्रेरित यूहन्नाले यहाँ परमेश्वरको प्रेम र प्रभु येशूको त्राणको कामको बीचमा सम्बन्ध जोड्छन्। यी दुई कुराहरूमा नमिल्ने केही पनि छैन नै। यस सम्बन्धमा श्री जेम्स आर. डेन्नीले टिप्पणी गरेर यसो भनेका छन्ः

> 'के यस पदबाट विरोधोक्तिले उठाएको आवाज सुन्दै हुनुहुन्छ? प्रेमिलो परमेश्वर रिसाउनुभएको छ; परमेश्वरको मनमा प्रेम र क्रोध एकै समयमा उठ्नु, कसरी? अनि परमेश्वरको क्रोध हामीबाट हटोस् भन्ने हेतुले उहाँको प्रेमले प्रायश्चित्तको प्रबन्ध गरेको, यो कस्तो सुनिन्छ? प्रेम र प्रायश्चित्तको बीचमा नमिल्ने कुरा के छ र? प्रेरित यूहन्नाले परमेश्वरको प्रेमको सिलसिलामा लेख्दा प्रायश्चित्तमा छोड़ेर अरू कुनै कुरामा हामीप्रति परमेश्वरको प्रेम देख्न सक्दैनन्।' [8)]

**१ यूहन्ना ४ः११ः** परमेश्वरको यस प्रेमले हामीलाई के पाठ सिकाउँछ? यूहन्नाले अब यस कुरामा जोड़ दिन्छन्, जब तिनले यसो भन्छन्ः *'प्रियहरूहो, परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभयो भने हामीले*

*पनि एक-अर्कालाई प्रेम गर्नुपर्छ।'* यहाँ 'भने' भन्ने शब्दले परमेश्वरको प्रेममा शङ्का पैदा गर्ने होइन, तर यसको खास अर्थ 'परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हुनाले' हो। परमेश्वरले यस्ता मानिसहरूमाथि आफ्नो प्रेम खन्याउनुभयो, जुन मानिसहरू अहिले परमेश्वरका जनहरू भएका हुन्छन्। तब के हामीले परमेश्वरका यी जनहरूलाई प्रेम कसरी नगरौं, जो हाम्रो साथमा उहाँको सुखद परिवारका सदस्य-सदस्याहरू भएका छन्? हामीले उनीहरूलाई अवश्य प्रेम गर्नुपर्छ।

**१ यूहन्ना ४:१२-१३:** वर्तमान समयको कुरा आयो (१ यूहन्ना ४:१२-१६)। परमेश्वरले हामीमा वास गरेर वर्तमान समयमा हामीप्रति आफ्नो प्रेम प्रकट गर्नुहुन्छ। प्रेरित यूहन्नाले यो कुरा यसरी व्यक्त गर्छन्: *'परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एक-अर्कालाई प्रेम गऱ्यौं भने परमेश्वर हामीमा रहिरहनुहुन्छ र उहाँको प्रेम हामीमा सिद्ध पारिएको हुन्छ।'* अनि यूहन्ना १:१८ पदमा हामी यसरी पढ्छौं: *'परमेश्वरलाई कुनै मानिसले कहिल्यै देखेको छैन; एकमात्र जन्माइएका पुत्रले, जो पिताको छातीमा हुनुहुन्छ, उहाँले नै पिताको विषयमा बताउनुभएको हो।'* यूहन्नाको सुसमाचारमा हामीले अदृश्य परमेश्वरलाई प्रभु येशू ख्रीष्टको रूपमा संसारकहाँ प्रकट हुनुभएको देख्छौं। अनि यहाँ यूहन्नाको पहिलो पत्रमा हामी *'परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन'* भन्ने वाक्य फेरि दोहोरिएको पाउँछौं। तर अहिले परमेश्वरले ख्रीष्ट येशूद्वारा आफूलाई संसारकहाँ प्रकट गर्नुहुन्न; किनभने ख्रीष्ट येशू स्वर्गमा फर्किजानुभयो, र परमेश्वरको दाहिने हातपट्टि हुनुहुन्छ। तर ख्रीष्ट येशूको सट्टामा परमेश्वरले अहिले ख्रीष्ट-विश्वासीहरूद्वारा आफूलाई संसारकहाँ प्रकट गर्नुहुन्छ। अद्‌भुत कुरा के हो भने, मानिसहरूले हामीमा परमेश्वरलाई देख्न सक्नुपर्छ। हामीचाहिँ मानिसहरूको यस आवश्यकताको मागको उत्तर हौं। अनि जब हामीले एक-अर्कालाई प्रेम गर्छौं, तब *'उहाँको प्रेम हामीमा सिद्ध पारिएको हुन्छ';* अर्थात् यसरी नै परमेश्वरको प्रेमले हामीप्रति आशा गरेको आफ्नो उद्देश्य प्राप्त गरेको हुन्छ। हामीमा परमेश्वरका आशिषहरू टुङ्गो हुनुहुँदैन; हामीलाई आशिष

दिइएको उद्देश्य यो कदापि हुने होइन। होइन, हामी उहाँका आशिषहरूको सोता हुनुपर्छ। हामीलाई परमेश्वरका आशिष दिइएको उद्देश्य यो हो। परमेश्वरको प्रेम हामीलाई यस हेतुले दिइन्छ, कि हामीद्वारा यो प्रेम अरू मानिसहरूकहाँ पुगोस्, अरू मानिसहरूमाथि बर्सियोस्। परमेश्वरको प्रेमको सम्बन्धमा हामी जमाखोर हुनुहुँदैन। हामी उहाँमा र उहाँ हामीमा हुनुभएको प्रमाण हामी कसरी दिऔं? यस प्रकारले एक-अर्कालाई प्रेम गरेर नै। अनि उहाँको आत्मामा सहभागी भएको कुरा हामी कसरी जनाऔं? यस प्रकारले एक-अर्कालाई प्रेम गरेर नै। उहाँले हामीमा वास गर्नुभएको र हामी उहाँमा वास गरेको कुरामा हामी कति मग्न हुनुपर्ने? के यो कुरा हामी एक क्षण पनि विचार नगर्ने? आउनुहोस्, हामी यस कुरामा उदेक मान्ने केही समय लिऔं!

**१ यूहन्ना ४:१४:** यूहन्नाले अब प्रभुको प्रेरितगणको यो गवाही थप्छन्: *'हामीले देखेका छौं, र गवाही दिन्छौं, कि पिताले पुत्रलाई संसारको मुक्तिदाता हुनका निम्ति पठाउनुभयो।'* कान खोलेर सुन्नुहोस्: परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभयो। फेरि एकपल्ट परमेश्वरको कार्यरत प्रेमको यो महान् कथन पढ्नुहोस्! किनभने यही शब्दले ख्रीष्ट येशूको कामको विशाल शक्तिशाली प्रभाव बयान गरेको छ, जुन कामको प्रभाव खास असीमित छ। यस विषयमा हामी श्री डब्ल्यू. ई. वाइनको कुरा सुन्नुपर्छ, जसले यसो भनेका छन्:

> 'प्रभु येशूको कामको शक्तिको प्रभाव असीमित छ र मानव-जातिका सबै मानिसहरूलाई समेटिन्छ। केवल अपश्चात्तापी मानिसले आफ्नो अविश्वासद्वारा उहाँको कामको प्रभावमाथि प्रतिबन्ध लगाइदिन्छ।' 9)

**१ यूहन्ना ४:१५:** 'येशू परमेश्वरको पुत्र हुनुहुन्छ' भन्ने कुरा स्वीकार गर्नेहरू सबैभित्र परमेश्वर स्वयम्ले वास गर्नुभएको छ। यो आशिष र सौभाग्य उनीहरू सबैको हुन्छ। प्रभु येशूलाई स्वीकार गरिएको अङ्गीकारचाहिँ केवल एउटा दिमागी सहमति वा स्वीकृति होइन, तर प्रभु येशू ख्रीष्टको हातमा सुम्पिएको जीवनको समर्पण हो।

मानिसका निम्ति, ऊ परमेश्वरमा रहिरहेको र परमेश्वर उसमा रहिरहनुभएको सम्बन्ध सर्वोच्च घनिष्ठ सम्बन्ध गनिन्छ, योभन्दा नजिकको अरू कुनै सम्बन्ध सम्भव हुँदैन। यस प्रकारको सर्वघनिष्ठ सम्बन्ध कल्पना गर्न हामीलाई गाह्रो पर्ला। तर हामी यस सम्बन्धका केही उदाहरण प्रकृति-जगत्‌बाट दिन सक्छौं। यो सम्बन्ध आगोमा हालिएको झीरचिम्टा, पानीमा डुबेको स्पञ्ज र वायुमा उड़ेको बलूनसित तुलना गर्न सकिन्छ। प्रत्येक उदाहरणमा तत्त्व वस्तुभित्र रहेको र वस्तु तत्त्वभित्र रहेको हुन्छ।

**१ यूहन्ना ४:१६:** *'अनि परमेश्वरको जुन प्रेम हामीप्रति छ, त्यो प्रेम हामीले जानेका र विश्वास गरेका छौं। परमेश्वर प्रेम हुनुहुन्छ; अनि जो प्रेममा रहिरहन्छ, ऊ परमेश्वरमा रहिरहन्छ र परमेश्वर उसमा रहिरहनुहुन्छ।'* परमेश्वर प्रेम हुनुहुन्छ; अनि यही प्रेमले प्रेम गर्न सकिने कुनै न कुनै पात्र भेट्टाउने बाध्यता छ। अनि परमेश्वरको विशेष प्रेम-पात्र परमेश्वरको परिवारमा जन्म लिएकाहरूको जमात हो। परमेश्वरसितको सङ्गतिमा रहनु हो भने, हामीले उनीहरूलाई प्रेम गर्नुपर्छ, जसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।

**१ यूहन्ना ४:१७:** *'यसैमा हाम्रो प्रेम सिद्ध पारिएको हुन्छ।'* सिद्ध पारिएको प्रेम खास गरी हाम्रो होइन, तर एकदिन परमेश्वरको प्रेम हामीमा सिद्ध पारिएको हुन्छ। यूहन्नाले हामीलाई यहाँ त्यस भविष्यको घड़ीमा लैजाँदैछन्, जुन घड़ीमा हामी प्रभुको सामु उभिनेछौं। त्यस बेलामा हामी कि त साहस र हिम्मतको साथ, कि त डर र लाजले लुत्रुक्क भई उहाँको सामु उभिनेछौं। त्यस दिनमा हामी किन साहस र हिम्मतको साथ उभिन सक्नेछौं? यसको कारण के होला? किनभने प्रभु येशूद्वारा सिद्ध प्रेमले हाम्रो पापको समस्या एकैपल्टमा सधैंका निम्ति समाधान गरिदिएको छ। त्यस भावी दिनमा हाम्रो साहस कहाँबाट आउँछ, सो कुरा निम्न शब्दद्वारा स्पष्ट पारिएको छः *'किनभने जस्तो उहाँ हुनुहुन्छ, त्यस्तै हामी पनि यस संसारमा छौं।'* हालैमा प्रभु येशू स्वर्गमा हुनुहुन्छ; उहाँले न्याय सधैंका निम्ति आफ्नो पछाड़ि छोड़िराख्नुभयो। उहाँ यस संसारमा केवल एकपल्ट

आउनुभयो; त्यस बेलामा हाम्रा पापहरूले पाउनुपर्ने सजाय उहाँले भोगिदिनुभयो। उहाँले त्राणको काम पूरा गरिदिनुभयो; यसकारण उहाँले अबदेखि उसो कहिल्यै पापको समस्या फेरि हल गर्नुपर्नेछैन। *'जस्तो उहाँ हुनुहुन्छ, त्यस्तै हामी पनि यस संसारमा छौं'* अर्थात् हाम्रा पापहरूको न्याय प्रभु येशूको क्रूसको मृत्युमा पूरा भयो; यसकारण हामी साहससाथ तलको गीत गाउन सक्छौंः

*मृत्यु र न्याय मेरो पछाड़ि छन्,*
*अनुग्रह र महिमा मेरो सामुन्ने छन्;*
*न्यायका सबै छालहरू प्रभु येशूमाथि उर्लेर आए,*
*र उहाँमाथि सारा शक्तिको साथ बज्रे।*

*श्रीमत्ती जे. ए. ट्रेन्च*

न्यायले उहाँलाई फेरि कहिल्यै फेला नपार्ने गरी उहाँले न्याय सधैंका निम्ति आफ्नो पछाड़ि छोड्नुभयो; ठीक त्यस्तै दण्डको आज्ञाले हामीलाई फेला पार्नेछैन; हामी त्यसको पहुँचमा छैनौं।

**१ यूहन्ना ४ः१८ः** हामीले परमेश्वरको प्रेम चाखेर यो प्रेम केही हदसम्म जानेका छौं; यसकारण हामीलाई नाश हुने डर छैन। *'प्रेममा डर हुँदैन; तर सिद्ध प्रेमले डर निकालिदिन्छ।'* उहाँको सिद्ध प्रेमले हाम्रो डर निकालिदिन्छ। परमेश्वरको प्रेमको विषयमा हामी ढुक्कै र सुनिश्चित हुन सक्छौं; किनभने ...

**क)** उहाँले आफ्ना पुत्रलाई हाम्रा निम्ति क्रूसमा उहाँको प्राण दिन पठाउनुभयो।

**ख)** अहिले धरि उहाँ ममा वास गर्नुहुन्छ।

**ग)** हाम्रो भविष्य उज्यालो छ। आउनुहोस्, हामी साहस र हिम्मत बाँधौं, र हाम्रो भविष्य सामना गरौं!

*'डरमा पीड़ा हुन्छ'*; यो साँचो हो। अनि *'जो डराउँछ, ऊ प्रेममा सिद्ध पारिएको हुँदैन।'* यो पनि सत्य हो। परमेश्वरदेखि डराउनेहरूको जीवनमा

उहाँको प्रेमले काम गर्न पाएन। तिनीहरू पश्चात्ताप गरेर उहाँको सामु आऊन् र आफ्ना पापहरूको क्षमा पाऊन् !

**१ यूहन्ना ४:१९:** *'हामी उहाँलाई* [10] *प्रेम गर्छौं; किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो।'* परमेश्वरले हामीलाई पहिले प्रेम गर्नु-भयो ' हामीले प्रेम गर्न सक्ने एकमात्र कारण यो हो। परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर्नू र आफ्नो छिमेकीलाई प्रेम गर्नू ' योचाहिँ दस आज्ञाहरूको माग थियो। तर मोशाको व्यवस्थाले कुनै हालतमा पनि यो प्रेम मानिसहरूमा पैदा गर्न सकेन। आफ्नो धार्मिक मागअनुसार परमेश्वरले हामी मानिसहरूबाट पाउनुपर्ने यो प्रेम कसरी पाउनुहुन्छ? प्रेम पाउने समस्या कसरी हल भयो? उहाँले आफ्ना पुत्रलाई पठाउनुभयो, जो हाम्रा निम्ति मर्नुभयो। उहाँको अद्‌भुत प्रेमले हाम्रो हृदयबाट परमेश्वरप्रति प्रेम निकाल्न सक्दो रहेछ; किनकि उहाँको प्रेमको सट्टामा हामी उहाँलाई अरू के दिन सक्छौं त? यसकारण उहाँको प्रेमले खिचिएको बेलामा हामी उहाँलाई यसो भन्छौंः 'हे प्रभु, तपाईं मेरो निम्ति मर्नुभयो; तपाईंले मेरो निम्ति आफ्नो बहुमूल्य रगत बगाउनुभयो; यसैले म अबदेखि उसो तपाईंको निम्ति अँ, केवल तपाईंको निम्ति जिउनेछु।'

**१ यूहन्ना ४:२०:** आफ्नो भाइलाई घृणा गर्दा 'म परमेश्वरलाई प्रेम गर्छु' भन्नु एउटा मिथ्या स्वीकार ठहरिन्छ। यूहन्नाले यस कुरामा यहाँ जोड़ दिन्छन्। साइकलका चक्काका डन्डीहरू त्यसको नाभिनिर पुग्दा एक-अर्काको नजिक, झन् नजिक हुँदै जान्छन्; ठीक त्यस्तै प्रभुको नजिक, झन् नजिकमा जिउने मानिसले आफ्ना सङ्गी-विश्वासीहरूलाई बढ़ी र झन् बढ़ी प्रेम गर्छ। वास्तवमा, प्रभु येशूका चेलाचेलीहरूमा तुच्छ मानिएका सीधासादा विश्वासीलाई हामी जति प्रेम गर्छौं, त्यति नै हामीले आफ्ना प्रभुलाई प्रेम गरेका हुन्छौं। यूहन्नाको विचारमा, आफ्नै आँखाले देख्न सक्ने भाइबहिनीहरूलाई प्रेम नगरी हामीले देख्न नसकिनुहुने परमेश्वरलाई प्रेम गर्नु असम्भव छ।

**१ यूहन्ना ४:२१:** यूहन्नाले यस खण्डको अन्तमा *'जसले परमेश्वरलाई प्रेम गर्छ, उसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ'* भन्ने आज्ञा दोहोर्‍याउँछन्। यो परमेश्वरबाट हामीलाई दिइएको आज्ञा हो।

## आ) १ यूहन्ना ५ः१[क]ः खाँटी शिक्षा र खाँटी विश्वास

**१ यूहन्ना ५ः१[क]ः** यस खण्डमा हामीसँग अनन्त जीवन छ कि छैन, सो कुरा जाँच्ने अन्तिम जाँच पेश गरेर यूहन्नाले हाम्रो जाँचपड़ताल सिद्धयाउँछन्। यो जाँचको नाम 'शिक्षाको जाँच' भनिन्छ, अथवा 'विश्वासको जाँच' भन्न झन् बढ़ी सुहाउँछ। १ यूहन्ना ५ः१-३ पदको खण्डमा विश्वासका नतिजाहरू सूचित गरिएका छन्, जस्तैः पहिले परमेश्वरबाट पैदा हुने नयाँ जन्म, त्यसपछि परमेश्वरको निम्ति हुने प्रेम र आफ्ना सङ्गी-विश्वासीहरूप्रतिको प्रेम, अनि अन्तमा परमेश्वरका आज्ञा-हरूप्रतिको आज्ञाकारिता।

पहिले, नयाँ जन्मको कुरा आयोः *'हरेक जसले "येशू नै ख्रीष्ट हुनुहुन्छ" भनी विश्वास गर्छ, ऊ परमेश्वरबाट जन्मेको हो।'* यो विश्वासचाहिँ केवल एउटा दिमागी सहमति वा स्वीकार होइन, तर प्रभु येशू ख्रीष्टको हातमा सुम्पिएको जीवनको समर्पण हो।

## इ) १ यूहन्ना ५ः१[ख]-३ः प्रेम र प्रेमको प्रतिफलरूपी आज्ञाकारिता

**१ यूहन्ना ५ः१[ख]ः** यदि हामी साँच्चै परमेश्वरबाट जन्मेका हौं भने हामी परमेश्वरलाई प्रेम गर्छौं। यति मात्र होइन, तर हामी परमेश्वरका छोरा-छोरीहरूलाई पनि प्रेम गर्छौं। के तपाईंले याद गर्नुभयो? हामीले सबै ख्रीष्ट-विश्वासीहरूलाई प्रेम गर्नुपर्छ। हामीले आ-आफ्नो सम्प्रदाय-काहरूलाई वा आ-आफ्नो सङ्गतिकाहरूलाई मात्र प्रेम गर्नुहुँदैन।

**१ यूहन्ना ५ः२-३ः** विश्वासको चौथो नतिजा के हो? यो परमेश्वरका आज्ञाहरूप्रति हुने आज्ञाकारिता हो। *'जब हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरू पालन गर्छौं, तब यसैबाट हामी परमेश्वरका छोरा-छोरीहरूलाई प्रेम गर्दा रहेछौं भन्ने कुरा जान्दछौं।'* साँचो गरी मुक्ति पाउनेहरूलाई परमेश्वरको इच्छा पूरा गर्ने इच्छा हुन्छ-हुन्छ। यो उनीहरूको

स्वभाव र आदत हो। परमेश्वरका निम्ति हामी आफ्नो प्रेम कसरी प्रकट गरौं? उहाँका आज्ञाहरू पालन गरेर नै। प्रभु येशूले यसो भन्नुभयोः *'तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर!'* (यूहन्ना १४:१५)।

जब यूहन्नाले *'उहाँका आज्ञाहरू कष्टपूर्ण हुँदैनन्'* भनेर भन्छन्, तब तिनले 'परमेश्वरका आज्ञाहरू पालन गर्न गाह्रो वा कठिन होइन' भन्न खोजेका छैनन्। तर तिनले 'नयाँ जन्म पाएका व्यक्तिहरूले परमेश्वरका आज्ञाहरू पालन गर्न खूबै रुचाउँछन्' पो भन्न चाहेका हुन्। 'बहिनी, आफ्नो नानीलाई स्याहार गर्नुहोस् ल' भनेर हामीले कुनै बालककी आमालाई भन्यौं भने हामीले त्यस नानीकी आमालाई तिनलाई रुचाएको कुरा भन्छौं। प्रभुका आज्ञाहरू पनि त्यस्तै कुराहरू हुन्! हाम्रा निम्ति सर्वोत्तम कुराहरू हुन्!! हाम्रो नयाँ स्वभावलाई पूरा आनन्द दिने कुराहरू हुन्!!!

## ई) १ यूहन्ना ५:४-५: संसारमाथि विजयी हुने विश्वास

**१ यूहन्ना ५:४:** अबचाहिँ हामी संसारमाथि विजय पाउने रहस्य खोल्ने कुञ्जी पाउँछौं। संसारको प्रणालीचाहिँ हामीलाई पापको परीक्षामा पार्ने विशाल मोहजालरूपी पद्धति हो, जुन मोहजालले हामीलाई खिजेर होस् वा तानेर होस्, हामीलाई सदैव परमेश्वरबाट र अनन्त हुने कुराहरूबाट टाढ़ा राख्न खोज्छ र हामीलाई अल्पकालिक कुराहरूमा व्यस्त रहेको र शरीरका अभिलाषाहरू पूरा गरेको पार्न आफ्ना कोशिशहरू नित्य जारी राख्छ। संसारका मानिसहरूको ध्यान सधैं वर्तमान कुराहरूमाथि लगाइएको हुन्छ, र तिनीहरू आफ्ना ज्ञानेन्द्रियाहरू तृप्त पार्न मस्त हुन्छन्। तिनीहरू बितिजाने कुराहरूको जालमा फसेछन्, तिनीहरू नाश हुने कुराहरूको शिकार भएछन्।

परमेश्वरबाट जन्मेको मानिसले मात्र संसारमाथि जय पाउँछ; किनभने विश्वासद्वारा ऊ यस संसारका नाश हुने कुराहरूभन्दा माथि उठ्न सक्छ। उसले सबै कुराहरू अनन्त दृष्टिकोणले हेरेर कुराहरूको खास

मूल्य जान्दछ। संसारलाई जित्नका निम्ति हामी ठूलो वैज्ञानिक हुनुपर्दैन, दर्शनिक हुनुपर्दैन, अँ, मनोवैज्ञानिक पनि हुनुपर्दैन; देखिने कुराहरू अल्पकालिक, तर नदेखिने कुराहरू अनन्त हुन्छन् भन्ने कुरा बुझ्ने साधारण विश्वासीले संसारमाथि जय पाएकै हुन्छ। प्रभु येशूको अनुहारमा परमेश्वरको महिमाको चमक देखेपछि यस महिमित दृश्यले यस संसारको महिमाको तेज धमिलो पारिदिन्छ।

**१ यूहन्ना ५:५:** यस खण्डको शुरुमा बताएअनुसार यहाँको जाँच विश्वासको जाँच भनिएको छ, किनभने यस जाँचले हामीसँग अनन्त जीवन छ कि छैन, सो कुरा जाँचेर पत्ता लगाउँछ। आउनुहोस्, हामी यो कुरा यूहन्नाको शब्दमा व्यक्त गरौं! 'जसले येशू नै परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्छ, उसले संसारमाथि जय प्राप्त गर्नेछ।' यहाँदेखि यूहन्ना अघि बढ्नेछन् र प्रभु येशू ख्रीष्टको कामको सम्बन्धमा वास्तविकता के हो, सो व्याख्या गर्छन्।

## उ) १ यूहन्ना ५:६-१२: खाँटी शिक्षा

**१ यूहन्ना ५:६:** यस सिलसिलामा तिनले यसो भन्छन्: *'यहाँ उहाँ हुनुहुन्छ, जो पानी र रगतद्वारा आउनुभयो।'* यस वाक्यको खास अर्थ के हो, सो सम्बन्धमा निक्कै छलफल चलेको छ। कतिको विचारमा, पानी र रगतको सन्दर्भ मुक्तिदाता प्रभुको कोखाबाट निस्केको रगत र पानी हो अरे (यूहन्ना १९:३४)। अरूले पानीमा परमेश्वरको आत्माको सङ्केत र रगतमा प्रभु येशूले क्रूसमा बगाउनुभएको रगतको सङ्केत देख्छन्। फेरि अरू पनि छन्, जसले पानी र रगतमा मानिसको प्राकृतिक जन्म देख्छन्, जुन जन्ममा पानी र रगतले पनि आ-आफ्नो भूमिका खेल्छन्। तर हामीचाहिँ यस सम्बन्धमा यहाँ सुझाउको रूपमा अर्को चौथो दृष्टिकोण पेश गर्न चाहन्छौं। यस चौथो व्याख्याले गूढ़ज्ञानवादीहरूको झूटा शिक्षा ताक्छ; किनभने प्रेरित यूहन्नाले यस पत्रमा विशेष यही झूटा शिक्षाको भण्डाफोर गर्न खोजेका हुन्।

अघि यस पत्रको भूमिकामा लेखिएको छ, कि गूढ़ज्ञानवादीहरूको विश्वासअनुसार 'त्यो ख्रीष्ट' भन्ने ईश्वरीय शक्ति वा दैवीय आत्मा पानीको बप्तिस्मामा येशूमाथि आउनुभयो र उहाँको मृत्यु हुनुभन्दा अघि, सायद, गेतसमनीको बगैंचामा उहाँलाई छोड्नुभयो; यसकारण त्यो ख्रीष्ट भन्ने-चाहिँ क्रूसमा मर्नुभएन, केवल येशू भन्ने मानिसचाहिँ मरे अरे। तर यस प्रकारको गलत विचारले उहाँको त्राणको कामबाट अरूका निम्ति प्रायश्चित्त गर्ने क्षमता घटाउँछ अनि यस सम्बन्धमा उहाँको मृत्यु महत्त्व-हीन र मूल्यहीन तुल्याउँछ।

हाम्रो सुझाउ यस प्रकारको छः यूहन्नाले यहाँ पानीलाई प्रभु येशूको बप्तिस्माको प्रतीकको रूपमा र रगतलाई प्रभु येशूको त्राणात्मक मृत्युको प्रतीकको रूपमा प्रयोग गरेका छन्। प्रभु येशूको सार्वजनिक सेवकाइको शुरुआतरूपी पानीको बप्तिस्मा र उहाँको सेवकाइको अन्तरूपी उहाँको क्रूसको मृत्यु उहाँको सेवकाइका सीमित राख्ने सीमान्तहरू हुन्। यसो हो भने यूहन्नाले यहाँ के भन्न खोजेका छन्? यर्दन नदीमा बप्तिस्मा लिनुहुँदा प्रभु येशूचाहिँ ख्रीष्ट हुनुहुन्थ्यो भने उहाँको क्रूसको मृत्यु हुँदा उहाँ उत्ति नै ख्रीष्ट हुनुहुन्थ्यो। *'यहाँ उहाँ हुनुहुन्छ, जो पानी र रगतद्वारा आउनुभयो अर्थात् येशू ख्रीष्ट; पानीद्वारा मात्र होइन, तर पानी र रगतद्वारा नै।'* यस वाक्यले ख्रीष्ट येशू केवल पानीद्वारा आउनुभएको गूढ़ज्ञानवादीहरूको कुरा एकैपल्टमा च्वाट्टै काट्यो।

मानिसहरूको हृदयको कमजोरी के हो भने, त्यसले सधैं प्रायश्चित्तको शिक्षाबाट तर्कन खोज्छ। प्रभु येशू सिद्ध मानिस, आदर्श नमुना हुनुहुन्छ, जसले हामीलाई सर्वोच्च नैतिक आचरण-संहिता छोड़िदिनुभयो भन्ने कुरा जो पनि स्वीकार गर्न तयार छ। तर यूहन्नाले दिएको जोड़ यसैमा छः प्रभु येशू सिद्ध मानिस र सिद्ध परमेश्वर हुनुहुन्थ्यो। अनि यर्दन नदीमा बप्तिस्मा लिनुभएको ख्रीष्ट येशूले पापी मानिसहरूको पापबलिको रूपमा आफ्नो प्राण दिनुभयो। मानिसहरूले ख्रीष्ट येशूलाई अझै पनि यस्तो भन्छन्ः 'क्रूसबाट ओर्लेर आऊ, र हामी तिमीमाथि विश्वास गर्छौं।' तिनीहरूले आफ्नो विचारधारणा र मस्तिष्कबाट त्यो क्रूस हटाउन सके,

बस ! तब तिनीहरू खुशी हुन्छन् । तर प्रेरित यूहन्नाले तिनीहरूलाई जवाफमा के भन्छन् भने, 'होइन नि ! केवल क्रूसको त्राणको सिद्ध काम लगायत प्रभु येशू ख्रीष्टलाई पाउन सकिन्छ ।'

*'अनि गवाही दिनुहुनेचाहिँ आत्मा हुनुहुन्छ; किनभने आत्मा सत्य हुनुहुन्छ ।'* यसको मतलब यो हुन्छ, कि परमेश्वरको पवित्र आत्माले प्रभु येशू सम्बन्धी सत्यतामा गवाही दिनुहुन्छ, जुन सत्यता यूहन्ना यहाँ प्रस्तुत गर्दै आएका छन् । ख्रीष्ट येशूको विषयमा पवित्र आत्माको गवाही यो होः ख्रीष्ट येशू केवल पानीद्वारा होइन, तर पानी र रगतद्वारा आउनुभएको हो; किनकि यो परमेश्वरको सत्यता हो ।

**१ यूहन्ना ५ः७-८ः** अङ्ग्रेजी के.जे.भी. र एन.के.जे.भी. बाइबल-अनुवादहरूमा पाइने यी दुईवटा पदहरू नयाँ नियमका थोरै ग्रीक पाण्डुलिपिहरूमा[11)] समावेश गरिएका छन् । यस कुराले कति बाइबल-प्रेमी भक्त ख्रीष्ट-विश्वासीहरूलाई समेत हल्लाउन सकेको छ । उनीहरूले यो सुन्न वा बुझ्न चाहँदैनन् । तर यस कुराले पवित्र धर्मशास्त्रचाहिँ पवित्र आत्माको प्रेरणाको फल हो भन्ने शिक्षालाई कुनै नराम्रो असर गर्दैन । कतिजना छन्, जो यी पदहरू समावेश गर्ने पक्षमा छन्; किनभने यी पदहरूमा त्रिएक परमेश्वरको एक-एक व्यक्ति उल्लेख गरिनुभएको छ । अनि यो कुरा उनीहरूका निम्ति महत्त्वपूर्ण छ । तर त्रिएक परमेश्वरको शिक्षा यस खण्डमा मात्र आधारित कहाँ छ र ? पवित्र धर्मशास्त्रका धेरै खण्डमा हामी यसको शिक्षा पाउँछौं ।

अघिका पदहरूमा ख्रीष्ट येशू र उहाँको त्राणको काम पेश गरेपछि यूहन्नाले अब यहाँ उहाँमाथि राखिएको विश्वास सुदृढ़ र अति भरपर्दो छ भन्ने कुरा प्रमाणित गर्दै जान्छन् । *'गवाही दिनेहरू तीनजना छन्ः आत्मा, पानी र रगत; अनि यी तीनैजना एकै कुरामा सहमत हुन्छन् ।'* परमेश्वरको वचन हाम्रो विश्वासको सत्‌आधार हो; त्यति मात्र भए हाम्रा निम्ति पर्याप्त हुनेथियो । तर परमेश्वरले आफ्नो दयामा हामीलाई सत्यताका तीनवटा गवाहीहरू दिनुभयो । पहिले, परमेश्वरको आत्माले येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ र यस संसारको एकमात्र मुक्तिदाता हुनुहुन्छ भन्ने सत्यतामा आफ्नो

गवाही दिनुहुन्छ। अनि पवित्र आत्माको यो गवाही हामी परमेश्वरको लिखित वचनमा पाउँछौं।

त्यसपछि पानी दोस्रो गवाही हो। हाम्रो विश्वास छ, कि पानीको सन्दर्भ प्रभु येशूको बप्तिस्मा हो। किनभने यो घटना घटिएको बेलामा परमेश्वरले स्वर्ग खोलेर खुल्लमखुल्ला यो वाणी दिनुभयोः *'यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्तै प्रसन्न छु'* (मत्ती ३:१७)। यसरी नै पिता परमेश्वरले पवित्र आत्मा परमेश्वरले प्रभु येशूको विषयमा दिनुभएको गवाहीमाथि आफ्नो गवाही थप्नुहुन्छ।

अन्तमा, रगतचाहिँ तेस्रो गवाही हो। क्रूसमा प्रभु येशूले आफ्नो विषयमा परमेश्वरको पुत्र हुँ भन्ने गवाही दिनुभयो। कसैले उहाँबाट उहाँको प्राण लिएन। उहाँले आफ्नो राजीखुशीले आफ्नो प्राण अर्पण गर्नुभयो। उहाँ केवल मानिस हुनुभएको भए उहाँले यसो गर्न सक्नुहुनेथिएन। प्रभु येशूको रगत यसको निम्ति साक्षी बसेको छः पापको मामिला छिनियो; पापको समस्या एकैपल्टमा समाधान गरियो। परमेश्वरको क्षति पूर्ति गरियो; उहाँ पूरा सन्तोष हुनुभयो। यी तीनवटा गवाहीहरू एकै कुरामा सहमत हुन्छन् अर्थात् ख्रीष्ट येशूको सर्वसिद्ध व्यक्तित्व र उहाँको त्राणको कामको विषयमा यी गवाहीहरूमा दुईमत छैन।

**१ यूहन्ना ५:९:** यूहन्नाले अब यहाँ एउटा विश्वास दिलाउने बलियो तर्क पेश गर्छन्ः *'हामी मानिसहरूको गवाही ग्रहण गर्छौं भने परमेश्वरको गवाही त झन् ठूलो हो।'* दैनिक जीवनमा हामीले लगातार आफ्ना साहचर्य इष्टमित्रहरूको मुखबाट निस्केका शब्दहरू स्वीकार गर्छौं। मानिसहरूको कुरा नपत्याउनु हो भने व्यापार ठप्प बन्द हुनेथियो, र सामाजिक जन-जीवन खतम हुनेथियो। हामीले मानिसहरूको मुखको गवाही ग्रहण गर्छौं, जसको राय गलत हुन सक्छ, जो भूलमा परेका वा छली हुन सक्छन्, जसले धोका दिन सक्छन्। दैनिक जीवनमा हामी यस्तो गर्छौं भने हामीले परमेश्वरको वचनमाथि झन् ठूलो भरोसा राख्नुपर्छ; किनभने परमेश्वर कहिल्यै भूलमा पर्नुहुन्न र कहिल्यै झूट बोल्न सक्नुहुन्न। उहाँ विश्वास-योग्य हुनुहुन्छ। यसकारण परमेश्वरलाई विश्वास नगर्नु मूर्ख कुरा हो, अँ,

सबैभन्दा नासमझको कुरा हो; किनभने उहाँको गवाही बिलकुल विश्वसनीय हुन्छ।

**१ यूहन्ना ५:१०:** जुन मानिसले परमेश्वरको पुत्रको सम्बन्धमा परमेश्वरको गवाही ग्रहण गर्छ, त्यस मानिसलाई परमेश्वरले त्यसको मनभित्र आत्माको गवाही दिएर यस सत्यतामाथि आफ्नो छाप लगाइदिनुहुन्छ। तर जुन मानिसले परमेश्वरलाई विश्वासै गर्दैन, त्यस मानिसले परमेश्वरलाई झूटा तुल्याउँछ; *'किनभने त्यसले परमेश्वरले आफ्ना पुत्रको विषयमा दिनुभएको गवाही विश्वास गरेको छैन।'* मानिसहरूको विचारमा, परमेश्वरले ख्रीष्ट येशूको विषयमा दिनुभएको उहाँको गवाही स्वतन्त्रसाथ ग्रहण गर्न अथवा ग्रहण नगर्न पनि सकिन्छ। तर यूहन्नाले यो कुरा बुझाउँदै यस्ताहरूलाई थाहा दिन्छन्, कि परमेश्वरको गवाही इन्कार गर्नेले परमेश्वरलाई इमानदार नभएको दोष पो लगाइदिन्छ।

**१ यूहन्ना ५:११:** यहाँ यूहन्नाले ख्रीष्टीय सन्देशको सार दिन्छन्ः *'गवाही यही होः परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँको पुत्रमा छ।'* यीभन्दा अद्‌भुत, महान् सत्यताहरू अरू के हुन सक्थे? परमेश्वरले मानिसहरूलाई अनन्त जीवन दिनुभएको छ। अनि उहाँले यो अनन्त जीवन उहाँको पुत्रमार्फत हामीलाई दिनुभएको छ। अनन्त जीवन दिने माध्यम प्रभु येशू हुनुहुन्छ।

**१ यूहन्ना ५:१२:** यसबाट निम्न निष्कर्षमा आइपुग्नु अनिवार्य कुरा होः *'जससँग पुत्र हुनुहुन्छ, उससँग जीवन छ; जससँग परमेश्वरको पुत्र हुनुहुन्न, त्यससँग जीवन छैन।'* यो शिक्षा सुस्पष्ट र अकाट्य छ। अनन्त जीवन शिक्षादीक्षाको फल होइन, दर्शनशास्त्र वा विज्ञानको विद्याको फल होइन, अँ, धर्म, धर्मकर्महरू, सुकर्म वा मण्डलीको सदस्यताको फल पनि होइन। हामीसँग अनन्त जीवन हुनलाई हामीसँग परमेश्वरको पुत्र हुनुपर्छ। अथवा हामीसँग परमेश्वरको पुत्र हुनुहुन्न भने हामीसँग जीवन, अँ, वास्तविक जीवन, अनन्त जीवन हुँदैन। अनन्त जीवन येशू ख्रीष्टसित बाँधिएको छ। अनन्त जीवन प्रभु येशूदेखि विच्छेद गर्न सकिँदैन।

## ऊ) १ यूहन्ना ५ः१३ः वचनबाट आउने निश्चयता

**१ यूहन्ना ५ः१३ः** हामी यस पत्रको अन्तिम खण्डमा आइपुग्यौं। निष्कर्षमा आइसकेका यूहन्नाले अघिका खण्डहरू किन लेखेका हुन्, सो कुरा यहाँ स्पष्ट पार्छन्। परमेश्वरको पुत्रको नाममाथि विश्वास गर्नेहरूले आफूले अनन्त जीवन पाएको कुरा बुझून् र जानून्; तिनले लेखेको उद्देश्य यही हो। के तपाईंसँग परमेश्वरका छोराछोरीहरूलाई चिनाउने लक्षणहरू छन्? तब परमेश्वरको परिवारभित्र जन्म लिनुभएको कुरामा निश्चित हुनुहोस् र जान्नुहोस्!

यस पदमा अर्को सत्यतारूपी रत्न छः मुक्तिको निश्चयता परमेश्वरको वचनबाट आउँछ। मानिसहरूले अनन्त जीवन पाएको कुरा जानून् भन्ने उद्देश्यले यूहन्नाले यी कुराहरू लेखे। अर्को शब्दमा भन्नु हो भने, पवित्र धर्मशास्त्र बाइबलका पुस्तकहरू यस हेतुले लेखिए, कि प्रभु येशूमाथि विश्वास गर्नेहरूले मुक्ति पाएको सम्बन्धमा निश्चयता पाऊन्। मुक्तिको विषयमा 'मैले मुक्ति पाएको छु होला' भन्ने अनिश्चित आशा किन गर्ने? यसको विषयमा अनुमान किन लगाइदिने? अथवा यो कुरा किन हाम्रो भावनामा सुम्पिदिने? यो अन्धकारमा छामछाम-छुमछुम गर्ने कुरा नै होइन। 'मैले मुक्ति पाएँ' भन्नु दुःसाहस गरेको कुरा पनि होइन। किनकि यूहन्नाले सुस्पष्ट शब्दमा व्यक्त गरेका छन्, कि साँचो गरी प्रभु येशूमाथि विश्वास गर्नेहरूले अनन्त जीवन पाएको कुरा जान्न सक्छन्।

## ए) १ यूहन्ना ५ः१४-१७ः प्रार्थनामा निर्धक्कता र हिम्मत

**१ यूहन्ना ५ः१४-१५ः** हामी अनन्त जीवन पाएकाहरूले साहससित प्रभुको सामु आउन पाउँछौं। यसमा ढुक्क हुनुहोस्! यूहन्नाले यो निर्धक्कता यी दुईवटा पदहरूमा बयान गर्छन्। हाम्रा प्रार्थनामा उहाँको इच्छाअनुसार मागेको कुरा परमेश्वरले किन नसुन्ने? उहाँले यस प्रकारको

विन्तीको उत्तर अवश्य दिनुहुन्छ। हामीले उहाँको इच्छाअनुसार नभएको केही कुरा पो मागेका छौं कि भन्ने डर हामीलाई भएको असल हुनेथियो। यसको विषयमा कसैले सोध्ला: 'परमेश्वरको इच्छा कसरी जान्न सकिन्छ?' यसको सर्वमान्य नियम यस प्रकारको छ: परमेश्वरको इच्छा पवित्र धर्मशास्त्र बाइबलमा हाम्रो निम्ति प्रकट भएको छ। यसकारण हामीले परमेश्वरको वचन अध्ययन गर्नुपर्छ; तब हामी परमेश्वरको इच्छा के रहेछ, सो स्पष्टसँग बुझ्नेछौं र समझदारीसाथ प्रार्थना गर्न सक्नेछौं।

**१ यूहन्ना ५:१६:** यूहन्नाले यस पदमा प्रार्थनाको उत्तर पाउने एक उदाहरण र प्रार्थनाको उत्तर नपाउने अर्को एक उदाहरण दिन्छन्। विश्वासी प्रार्थनामा निर्धक्क हुने उदाहरण यस प्रकारको छ: *'यदि कसैले आफ्नो भाइलाई मृत्युसम्म नपुऱ्याउने पाप गरेको देख्यो भने उसले मागोस् र उहाँले उसलाई ती मृत्युसम्म नपुऱ्याउने पाप गर्नेहरूका निम्ति जीवन दिनुहुनेछ।'* यहाँ पेश गरिएको कुरा स्पष्ट छ; यहाँ मानौं एकजना विश्वासी भाइ छ, जसले अर्को एकजना विश्वासी भाइबहिनीलाई पाप गरेको देख्छ। अनि त्यो गरिएको पापचाहिँ त्यस पाप गर्ने भाइबहिनीमाथि मृत्यु ल्याउने पाप होइन रहेछ। यसो भएको खण्डमा त्यस विश्वासी भाइले भूल-त्रुटि गरेको भाइबहिनीको पुनर्स्थापनाको निम्ति प्रार्थना गर्न सक्छ। अनि परमेश्वरले विन्ती गर्ने त्यस भाइको प्रार्थनाको उत्तरमा तिनीहरूका निम्ति जीवन दिनुहुनेछ, जसले मृत्युसम्म पुऱ्याउने पाप गर्दैनन्।

तर मृत्युसम्म पुऱ्याउने पाप पनि छ। त्यसको विषयमा प्रेरित यूहन्नाले भन्छन्, कि *'त्यसका निम्ति उसले प्रार्थना गरोस् भनी म भन्दिनँ।'*

## मृत्युमा पुऱ्याउने पाप के हो?

मृत्युसम्म पुऱ्याउने पाप के हो, सो किटान गरेर भन्न सकिँदैन; यसो गर्नु असम्भव छ। यसकारण सायद यहाँ केही मान्यता प्राप्त व्याख्याहरूको सूचि दिन र त्यसपछि तीमध्ये कुन व्याख्या आफूलाई सबैभन्दा सही लाग्छ, सो निधो गर्न सही-सलामत कुरा होला।

**क)** कतिजनाको विचारमा, मृत्युमा पुऱ्याउने पाप ख्रीष्ट-विश्वासीले गर्ने पाप हो, जब ऊ ढीठ भएर एउटा पापमा लागिरहन्छ र त्यो स्वीकार गर्दैन। १ कोरिन्थी ११ः३० पदमा हामी के पढ्छौं भने, कोरिन्थको मण्डलीका कतिपय विश्वासीहरूको अकालिक मृत्यु भयो, किनभने उनीहरूले आफूलाई नजाँची प्रभुभोजमा भाग लिए।

**ख)** अरूको रायअनुसार हत्याचाहिँ मृत्युमा पुऱ्याउने पाप हो। यदि कुनै विश्वासीले क्रोधावेगमा अर्को मानिसको हत्या गऱ्यो भने उसका निम्ति उसले मृत्युदण्ड भोग्नु नपरोस् भन्ने प्रार्थना हामीले चढ़ाउनुहुँदैन रे; किनभने परमेश्वरले हत्याको विषयमा आफ्नो इच्छा प्रकट गर्नुभयो र यसो भन्नुभयोः *'हरेक जसले मानिसको रगत बगाउँछ, त्यसको रगत मानिसद्वारा नै बगाइनेछ'* (उत्पत्ति ९ः६)।

**ग)** अरूले मृत्युसम्म पुऱ्याउने पापमा पवित्र आत्माको विरोधमा गरिएको निन्दा देख्छन्। प्रभु येशूले भन्नुभयो, कि जुन आश्चर्य-कर्महरू उहाँले पवित्र आत्माको शक्तिमा गर्नुभएको थियो, ती आश्चर्यकर्महरू उहाँले दुष्ट आत्माहरूको शासक बेल्जेबुलद्वारा गर्नुभएको झूटो आरोप जसले गरे, तिनीहरूले कहिल्यै क्षमा नहुने पाप गरे। यस पापका निम्ति यस वर्तमान युगमा र आउँदो युगमा पनि क्षमा हुनेछैन।

**घ)** अझै पनि निम्न विचारधारणा पनि छः त्यो त मोशा, हारून अथवा हननिया र सफिराले पूरा गरेको कुनै विशेष पाप हुनुपर्छ, जुन पापको सजाय परमेश्वरले तत्कालै दिनुहुन्छ।

**ङ)** अन्तमा, हामी पाँचौं व्याख्या पनि पेश गरौं, जुन व्याख्याचाहिँ, हाम्रो विचारमा, यहाँको सन्दर्भसित सबैभन्दा राम्रो मिल्छः मृत्युमा पुऱ्याउने पाप धर्मत्यागको पाप हो।

तब धर्मत्यागी को हो ? त्यस मानिसले इसाई विश्वासका महान्-महान् सत्यताहरू सुनेको छ, र आफ्नो दिमागमा येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने निष्कर्षमा आइपुगेको छ। बप्तिस्मा लिएर त्यसले इसाई-धर्म अपनाएको र 'इसाई हुँ' भन्ने अङ्गीकार गरेको छ। तर वास्तवमा त्यसले यसो गरेर पनि

मुक्ति पाएको छैन। त्यसले इसाई-धर्मका असल-असल आशिषहरू उपभोग र अनुभव गरेको छ; तर एकदिन त्यसले यी सबै कुराहरू छोड्छ र प्रभु येशू ख्रीष्टलाई पनि त्याग्छ र उहाँसितको सम्बन्ध विच्छेद गर्छ। हिब्रू छ अध्यायबाट स्पष्ट बुझिन्छ, कि यस प्रकारको धर्मत्याग नै मृत्युमा पुऱ्याउने पाप हो। धर्मत्यागको पाप गर्नेहरू कुनै हालतमा उम्कनेछैनन्; किनभने *'तिनीहरूले आफ्नो निम्ति परमेश्वरको पुत्रलाई फेरि क्रूसमा चढ़ाउँछन् र उहाँलाई खुल्लमखुल्ला शर्ममा पार्छन्।'* याद गर्नुहोस्, कि यूहन्नाले आफ्नो यस सम्पूर्ण पत्रमा गूढ़ज्ञानवादीहरूको कुरा गरेका छन्। एक समयमा यी झूटा शिक्षकहरू इसाई सङ्गतिमा थिए। तिनीहरूले आफूलाई ख्रीष्ट-विश्वासी नै भाइटोपल्थे। तिनीहरूले ख्रीष्टीय विश्वासका सबै बुँदा र प्रकरणहरू जान्दथिए। यस्तो भए पनि तिनीहरूले प्रभु येशूपट्टि आफ्नो पिठ्यूँ फर्काए र उहाँको परमेश्वरत्य र उहाँको त्राणको मृत्यु मुक्ति दिन यथेष्ट छ, अँ, पूरा पर्याप्त हुन्छ भन्ने कुरा इन्कार गर्ने शिक्षा ग्रहण गरे।

परमेश्वरले यस्ताहरूलाई फर्काऊन् र विश्वासमा फेरि पुनर्स्थापित गरून् भन्ने प्रार्थना चढ़ाउन ख्रीष्ट-विश्वासीहरूको अधिकार छैन; किनभने परमेश्वरले आफ्नो वचनमा तिनीहरूको विषयमा आफ्नो फैसला दिइ-सक्नुभयो; तिनीहरूले मृत्युमा पुऱ्याउने पाप गरे।

**१ यूहन्ना ५:१७:** *'सबै अधर्म पाप हो; तर मृत्युसम्म नपुऱ्याउने पाप पनि हुन्छ।'* सबै पापहरू एकनाश रहेनछन्; तर पापहरू ठूला-साना हुँदा रहेछन्। कति पापहरूले मृत्युमा पुऱ्याउने पापहरू हुन्छन् भने अरू पापहरू पनि छन्, जुन पापहरूको प्रतिफल मृत्यु हुँदैन।

## ऐ) १ यूहन्ना ५:१८-२०: आत्मिक वास्तविकता-हरूको विषयमा हुने ज्ञान

**१ यूहन्ना ५:१८:** यस पदबाट यूहन्नाले आफ्नो पत्र अन्याउँदैछन्; यसैले तिनले यहाँ ख्रीष्टीय विश्वासका महान्-महान् सुनिश्चित

वास्तविकताहरू फेरि एकपल्ट पेश गर्छन्। *'हामी जान्दछौं, कि हरेक जो परमेश्वरबाट जन्मेको छ, उसले पाप गर्दैन।'* यो कुरा सुनिश्चित छः नयाँ ईश्वरीय स्वभाव भएको मानिस पापमा लागिरहँदैन। यूहन्नाले यसको कारण के हो, सो बताउँछन्ः *'जो परमेश्वरबाट जन्मेको छ, उसले आफूलाई जोगाइराख्छ* [12]*, र त्यस दुष्टले उसलाई छुँदैन।'* यस पदको सन्दर्भ-पद १ यूहन्ना ३ः९ पद हो, अनि त्यसको प्रसङ्ग त्यो साँचो ख्रीष्ट-विश्वासी हो, जुन ख्रीष्ट-विश्वासी अन्तसम्म स्थिर रहन्छ, अन्तसम्म सुरिक्षत रहन्छ अथवा उसमा भएको नयाँ स्वभावद्वारा उसले आफूलाई जोगाइराख्छ। अनि यस्तो मानिसलाई मात्र त्यस दुष्ट शैतानले छुन पाउँदैन। उसलाई मात्र त्यस दुष्टबाट कुनै हानि हुँदैन।

**१ यूहन्ना ५ः१९ः** यी उच्च ज्ञान प्राप्त भएकाहरूलाई हाम्रो जवाफ यस प्रकारको छः *'हामी जान्दछौं, कि हामी परमेश्वरबाटका हौं, र सारा संसार त्यस दुष्टको वशमा परेको छ।'* प्रेरित यूहन्नाले आफ्ना शब्दहरू हल्का पार्न जान्दैनन्। तिनका निम्ति दुईवटा पक्षहरू, पक्ष र विपक्ष मात्र छन्। मानिसहरू कि त ख्रीष्ट येशूमा छन्, कि त दुष्टको वशमा छन्। मानिस-हरूले कि त मुक्ति पाएका, कि त मुक्ति नपाएका हुन्छन्। मानिसहरूको आत्मिक अवस्था तिनीहरूको ख्रीष्ट येशूसितको सम्बन्धमा निर्भर गर्छ। हे गुरुवादीहरूहो, के तपाईंहरूले सुन्नुभएको छ?

**१ यूहन्ना ५ः२०ः** अनि तेस्रो महान् सत्यरूपी रत्न यहाँ छः प्रभु येशू देहधारी हुनुभयो। *'हामी जान्दछौं, कि परमेश्वरको पुत्र आउनुभएको हो।'* यूहन्नाले आफ्नो पत्र यस विषयबाट शुरु गरे; अनि अब तिनले यही विषय लिएर आफ्नो पत्र अन्त्याउँछन्। प्रभु येशूको पहिलो आगमन भएको हो। सत्य को हुनुहुन्छ, सो कुरा उहाँको यस पहिलो आगमनले हामीलाई प्रकट गरेको छ। उहाँ सत्य हुनुहुन्छ; उहाँ सत्य परमेश्वर हुनुहुन्छ। पिता परमेश्वरलाई कसरी चिन्न सकिन्छ? केवल प्रभु येशू ख्रीष्टद्वारा नै। *'पिताको छातीमा हुनुहुने एकमात्र जन्माइएका पुत्रले पिताको विषयमा बताउनुभएको हो।'* अनि यूहन्नाले यसमा थपेर के भन्छन् भने, *'अनि हामी उहाँमा छौं, जो सत्य हुनुहुन्छ, अर्थात् उहाँको पुत्र येशू ख्रीष्टमा छौं।'*

परमेश्वरमा रहने सम्बन्धमा जोड़ यस प्रकारको छः जो ख्रीष्ट येशूमा छ, ऊ मात्र परमेश्वरमा छ। *'मद्वारा बाहेक कोही पनि पिताकहाँ पुग्दैन'* (यूहन्ना १४:६) *'उहाँ नै सत्य परमेश्वर र अनन्त जीवन हुनुहुन्छ।'* अर्को शब्दमा भन्नु हो भने, जुन कुरा गूढ़ज्ञानवादीहरूले इन्कार गर्थे, त्यही कुरा यूहन्नाले सिकाउँथेः येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ; अनि अनन्त जीवन केवल उहाँमा छ।

## झ) १ यूहन्ना ५:२१: यस पत्रको आग्रहरूपी अन्त

**१ यूहन्ना ५:२१:** अन्तमा, हामी यूहन्नाको अन्तिम अर्ती पाउँछौं, जुनचाहिँ यस प्रकारको छः *'हे साना नानीहरूहो, आफूलाई मूर्तिहरूबाट जोगाइराख!'* प्रेरित यूहन्नाले भन्न खोजेको कुरा यो होः ख्रीष्ट-विश्वासी-हरूहो, नकलीहरूदेखि होशियार! यी वास्तविक तथ्यहरू खण्डन गर्ने जुनसुकै शिक्षाबाट होशियार! परमेश्वरको विषयमा प्रभु येशूका प्रेरित-हरूले सिकाएको शिक्षा भरपर्दो छ; अरू सबै शिक्षा र धारणाहरूबाट हामी होशियार बस्नुपर्छ। येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ। अनि अरू जुनसुकै विचारधारणा मूर्तिपूजा हो। यूहन्नाले यहाँ काठ वा ढुङ्गाका मूर्तिहरूको कुरा गर्दैनन् होलान्, तर तिनका निम्ति सत्य परमेश्वरबाहेक अरू जुनसुकै प्रतिस्थापी अनुकल्प र जुनसुकै ईश्वर मानिनेहरू सबै मूर्तिहरू हुन्। यसकारण यहाँ मूर्ति भन्नाले हामीले त्यो काठ वा ढुङ्गारूपी भौतिक वस्तु सम्झनुहुँदैन, तर जुनसुकै झूटो शिक्षा बुझ्नुपर्छ।

आर्चबिशप आलेक्जान्डरले यस अन्तिम आग्रहलाई झूटो शिक्षारूपी मूर्तिप्रति 'आफ्नो जुगुप्सा व्यक्त गर्ने अकलमन्द, सजीव शब्द' भन्ने नाम दिएका छन्। अनि 'जुगुप्सा व्यक्त गर्ने अकलमन्द, सजीव शब्द' भन्ने सर्वोच्च टुक्कारूपी शब्द-रचनामा सुनको सुगन्ध थप्न सकिँदैन। यसकारण प्रेरित यूहन्नाले झूटो शिक्षाप्रति आफ्नो घोर घृणा व्यक्त गरेको आज्ञा फेरि एकपल्ट दोहोऱ्याएर हामी यो टिप्पणी अन्त्याउँछौंः

*'हे साना नानीहरूहो, आफूलाई मूर्तिहरूबाट जोगाइराख! आमेन।'*

# Endnotes:

1) **2:7:** The critical (NU) text omits the second "from the beginning."
2) **2:12:** The word *teknia* is from a word meaning *to bear* (children). The diminutive makes it "little born-ones," an exact counterpart to the tender Scots word "bairnies."
3) **2:20:** The traditional and majority texts read "you know all things" (*panta*). The critical (NU) reads "you all (*pantes*) know." It is easy to see why the difficult reading would be changed to the easy-to-understand "you all know."
4) **3:1:** The NU text adds "And we are."
5) **4:3:** The NU text omits the second "that" and "Christ has come in the flesh."
6) **4:7-8:** G. S. Barrett, *The First Epistle General of St. John*, pages 170-173.
7) **4:9-10:** *Propitiation* means satisfaction made for sin through a sacrifice. In the original, the word is related to the Greek word for "mercy seat." Under Britain's C. H. Dodd, a successful crusade was mounted against the word (and doctrine) so that, following the lead of the liberal RSV, most modern Bibles have changed the word. Since it is a standard "sound word" for a theological truth, we should maintain it, as in KJV and NKJV.
8) **4:9-10:** James R. Denney, *The Death of Christ*, 2d. ed., p. 276. The first part of the quotation is apparently from an earlier edition.
9) **4:14:** W. E. Vine, *The Epistles of John*, p. 85.
10) **4:19:** NU text omits *Him*.
11) **5:7-8:** Erasmus added these words to later editions of his Greek NT under pressure from the pope (they occur in the official Roman Catholic Latin Bible, the Vulgate). Only *four very late Greek* manunscripts have these words, so it is unsafe to use them. Those cultists who go door to door denying the blessed Trinity are quick to point out these facts, so it is wise to be aware of the problem.
12) **5:18:** If the NU text "him" is read instead of "himself," if so, then "He who has been born of God" will refer to Christ.

# यूहन्नाको दोस्रो पत्र

## यूहन्नाको दोस्रो पत्रको भूमिका

*'यूहन्नाको दोस्रो पत्रमा हामीले प्रेरित यूहन्नाको विषयमा अर्को दृष्टिकोण देख्न पाउँछौं; यस पत्रले तिनलाई गोठालाको रूपमा पेश गर्छ, जुन गोठालाले कुनै व्यक्ति विशेषहरूको हेरचाह गर्छन्। यस पत्रको प्रापक कि त एउटा स्थानीय मण्डली, कि त विश्वास गर्ने कुलीन महिला हुनुपर्छ; जेजस्तो भए पनि, यो पत्र लेखेर पठाउने उद्देश्यचाहिँ केही विशेष व्यक्तिहरू हुन्, जुन व्यक्तिहरूको विषयमा लेखकले ठूलो चासो लिए।'*

*श्री ए. प्लम्मर*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

शुरुका पवित्रजनहरूको बीचमा सबैभन्दा प्रिय मानिएका प्रेरित यूहन्नाको अमूल्य व्यक्तिगत पत्राचारको सिलसिलामा हामीसँग यो छोटो दोस्रो पत्र र तिनको तेस्रो पत्र मात्र छ।

अरू मानिसहरूसँग, विशेष गरी अरू इसाईहरूसित कति खुला रूपले सङ्गति गर्न अथवा तिनीहरूसितको सङ्गतमा कति रोकटोक लगाउनुपर्ने हो, सो सम्बन्धमा कहिलेकाहीं ख्रीष्ट-विश्वासीहरूका निम्ति एउटा दिलचस्पीको कुरा हो। अनि यूहन्नाको दोस्रो पत्र र तिनको तेस्रो पत्रबाट

हामीले यस व्यवहारिक प्रश्नको सही जवाफ पाउँछौं। यूहन्नाको दोस्रो पत्रबाट हामी झूटा शिक्षकहरूका निम्ति आफ्नो घरको वा गृह-मण्डलीको ढोका बन्द हुनुपर्छ भन्ने कुरा सिक्छौं। यस पत्रको महत्त्व यसैमा छ। अनि यूहन्नाको तेस्रो पत्रबाट हामीले यात्री-प्रचारकहरू र मिशनरीहरूका निम्ति ढोका खोल्नुपर्छ भन्ने प्रोत्साहन पाउँछौं।

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

*बाहिरी प्रमाणः* यूहन्नाको पहिलो पत्रको भन्दा तिनको दोस्रो पत्रको बाहिरी प्रमाण कमजोर छ। अनि यो स्वाभाविक कुरा हो; किनकि त्यो दोस्रो पत्र एकदम छोटो, व्यक्तिगत पत्र हो। (इस्वी संवत् १२०-२०२) इरेनेयसले यूहन्नाको दोस्रो पत्रबाट उद्धृत गरे; तर अरूले यो पत्र यूहन्नाको पहिलो पत्रको खण्ड सम्झेर यो पत्र त्यसमा जोड़े; किनभने बाइबलका पुस्तकहरू अध्याय र पदहरूमा छुट्ट्याउने काम सयौं वर्षहरूपछि मात्र भयो। इस्वी संवत् १८४-२५३ सालमा जिउने ओरिगेनलाई यूहन्नाको दोस्रो पत्रको विषयमा शङ्का थियो। तर आलेक्जान्ड्रियाका क्लेमेन्ट (इस्वी संवत् १५०-२१५) र डियोनिसियसले (इस्वी संवत् -२६५) यो पत्र यूहन्नाको हो भनेर यसबाट उद्धृत गरे। अनि (इस्वी संवत् -२५८) कथगेका सुपरियानले विशेष गरी यस पत्रको दस पद उद्धृत गरेर यस पत्रको रचना प्रेरित यूहन्नाको हो भनेर भने।

*भित्री प्रमाणः* यूहन्नाको दोस्रो पत्रमा प्रयोग गरिएको लेख्ने शैली र शब्दभण्डार यूहन्नाको सुसमाचार, यूहन्नाको पहिलो पत्र र यूहन्नाको तेस्रो पत्रसित पूरा मिल्छन्। यूहन्नाको पहिलो पत्रको शुरु र यूहन्नाका दोस्रो र तेस्रो पत्रको शुरु फरक छन्। यस्तो भए पनि, यो कुरा छोड़ेर, यी तीनै पत्रहरू उस्तै-उस्तै छन्, यहाँसम्म कि यी तीनै पत्रहरू एकै लेखकका रचनाहरू हुन् भन्ने कुरा कसले इन्कार गर्ला? थोरैजनाले मात्र यसो गर्न आँट गर्लान्। होइन, यी पत्रहरू एकै समयमा लेखिएका, एकैजनाका रचनाहरू हुन्।

यसकारण यूहन्नाको दोस्रो पत्र प्रेरित यूहन्नाको रचना भएको कुरा काट्ने कुनै खास कारण छैन; परम्पराको मान्यता प्राप्त धारणा यही हो। बढ़ी जानकारीका निम्ति तपाईंले कृपया यूहन्नाको पहिलो पत्रको भूमिकामा हेर्नुहोला।

## ३) त्यस पत्रको लेख्ने मिति

यूहन्नाको पहिलो पत्रको विषयमा जस्तो यूहन्नाको दोस्रो पत्रको लेख्ने अवधिहरू दुईवटा सम्भव देखिन्छन्। कि त यो पत्र यरूशलेमको विनाशको अगाड़ि इस्वी संवत् ६० सालको दशकमा लेखियो, कि त इस्वी संवत् ८५-९० सालभित्र लेखियो। अनि यस पत्रको लेख्ने मिति इस्वी संवत् ६० सालको दशक हुनु हो भने, यो पत्र यरूशलेमबाट लेखिएको हुनुपर्छ। अनि यस पत्रको लेख्ने मिति ८५-९० सालभित्र हुनु हो भने यो पत्र एफेससबाट लेखिएको मान्नु उचित छ; किनभने वृद्ध प्रेरित यूहन्नाले आफ्नो जीवनका अन्तिम दिनहरू त्यहाँ बिताए।

## ४) सन्दर्भ र विषयवस्तु

यस पत्रको पृष्ठभूमिचाहिँ शुरुको मण्डलीअन्तर्गत यात्री-प्रचारक-हरूको विस्तृत सेवकाइ थियो। यस प्रकारको चलन वर्तमान समयमा अझै पनि कति मण्डलीहरूमा छँदैछ। यी सुसमाचार प्रचारकहरू र वचनका सेवकहरूले आफूले भ्रमण गरेका इसाई घरहरू र स्थानीय मण्डलीहरूबाट अतिथि-सत्कार, भोजन र कहिलेकाहीं रुपियाँपैसा पनि पाउने गर्थे। दुर्भाग्यवश झूटा शिक्षकहरू र धार्मिक धोकेबाजहरू उनीहरूको नकल गर्न छिटो भए, र तिनीहरूले यस चलनबाट सजिलोसँग पैसा कमाउने मेला भेट्टाए र यसरी आफ्ना झूटा शिक्षाहरू प्रचार-प्रसार गरेर फैलाउने मौका पाए; विशेष गूढ़ज्ञानवादीहरूले यसो गर्थे। गूढ़ज्ञान-वादको विषयमा तपाईंले यूहन्नाको पहिलो पत्रको भूमिका हेर्नुहोला।

पहिलो शताब्दीमा झूटा शिक्षकहरू र धार्मिक नाफाखोरीहरूको विषयमा चेताउनी दिनु आवश्यक थियो भने, प्रेरित यूहन्नाले वर्तमान समयमा इसाईहरूको बीचमा यति विघ्न प्रकारका झूटा पन्थहरू, झूटा सम्प्रदायहरू र विधर्महरूको विषयमा के भन्नेथिए होला ?

यूहन्नाको दोस्रो पत्रको मुटुरूपी विषयवस्तु यस प्रकारको छः हाम्रा प्रभुको विषयमा झूटो शिक्षा फैलाउने कुनै पनि व्यक्तिलाई हामीले कुनै प्रकारको मद्दत गर्नुहुँदैन (२ यूहन्ना १ः१०-११) ।

## रूपरेखाः

**क) २ यूहन्ना १ः१-३ः** प्रेरित यूहन्नाको अभिवादनः अनुग्रह, कृपा र शान्ति !

**ख) २ यूहन्ना १ः४ः** प्रेरित यूहन्नाको आनन्दः आज्ञाकारी छोरा-छोरीहरू

**ग) २ यूहन्ना १ः५-६ः** प्रेरित यूहन्नाको आज्ञाः प्रेममा हिँड़ !

**घ) २ यूहन्ना १ः७-११ः** प्रेरित यूहन्नाको फिक्रीः ख्रीष्ट-विरोधीरूपी धोकेबाजहरू

**ङ) २ यूहन्ना १ः१२-१३ः** प्रेरित यूहन्नाको आशाः व्यक्तिगत भेटघाट

# यूहन्नाको दोस्रो पत्रको टिप्पणीः

## क) २ यूहन्ना १ः१-३ः प्रेरित यूहन्नाको अभिवादनः अनुग्रह, कृपा र शान्ति !

**२ यूहन्ना १ः१ः** प्रेरित यूहन्नाले यस पत्रमा आफूलाई एल्डर भनेर आफ्नो परिचय दिन्छन्। एल्डर वा प्राचीन भन्ने शब्दले कि त उमेरमा पाको मानिसलाई, कि त स्थानीय मण्डलीको अधिकारीलाई सङ्केत गर्छ। यूहन्नाको उमेरको हिसाबले हेर्नु हो भने प्रभु येशूका प्रेरितहरूबाट तिनी मात्र बाँकी रहेका थिए। अनि मण्डलीको अधिकारको सम्बन्धमा तिनी अवश्य एक बिशप अर्थात् मण्डलीहरूको देखरेख गर्ने अध्यक्ष थिए। यसकारण यी दुईवटा अर्थमा कुनचाहिँ अर्थ ठीक होला भन्ने अड्कल काट्नुपर्दैन; किनभने यी दुईवटा कुराहरू तिनको जीवनमा सत्य थिए।

तर चुनिएकी महिला भन्ने शब्दमा अर्थ लगाउन त्यत्ति सजिलो होइन। यसको विषयमा तीनवटा सर्वमान्य धारणाहरू यस प्रकारका छन्ः **क)** कतिजनाको विश्वासअनुसार चुनिएकी महिलाचाहिँ ख्रीष्टको मण्डली हो, जुन मण्डलीलाई अर्को सन्दर्भ-पदमा 'ख्रीष्टकी दुलही' भन्ने नाम दिइएको छ; अथवा चुनिएकी महिलाले एउटा स्थानीय मण्डलीलाई सङ्केत गर्छिन्।

**ख)** अरूको विचारमा, 'चुनिएकी कुरिया' भनेर यूहन्नाले यहाँ कुनै कुरिया नाम भएकी स्त्रीलाई सम्बोधन गरे; अनि ग्रीक भाषाको 'कुरिया' भन्ने नाम र आरामी भाषाको 'मार्था' भन्ने नामको अर्थ एउटै हो, अर्थात् महिला[1] हो। **ग)** फेरि अरूले के भन्छन् भने, यूहन्नाले विश्वास गर्ने कुनै अकथनीय कुलीन महिलालाई यो पत्र लेखेका हुनुपर्छ, जुन महिला अरू सबै ख्रीष्ट-विश्वासीहरूसित परमेश्वरका चुनिएकाहरूको बीचमा गनिएकी थिइन्, जुन परमेश्वरका चुनिएकाहरू संसारको उत्पत्तिभन्दा पहिले ख्रीष्ट येशूमा चुनिएका थिए।

हामीले तेस्रो धारणाको पक्ष लिन्छौं; किनभने हाम्रो विचारमा, ख्रीष्ट-विरोधी शिक्षकहरूको विषयमा दिइएको चेताउनी एउटी महिलाको नाममा लेखिएको पत्रमा भेट्टाउनुमा महत्त्व छ। प्रथम पाप हव्वाबाट यस संसारमा आयो; किनभने तिनी शैतानद्वारा ठगिएकी थिइन्। *'तर ती स्त्री बहकाउमा परेर अपराधमा फसिन्'* (१ तिमोथी २:१४)। प्रेरित पावलले झूटा शिक्षकहरूको सम्बन्धमा लेख्दा के भन्छन् भने, झूटा शिक्षकहरूले विशेष गरी स्त्री जातिहरूलाई आक्रर्षण गर्छन्। *'तिनीहरू घरहरूभित्र चाल मारेर पस्छन्, र पापहरूले दबिएका र नाना प्रकारका अभिलाषाहरूद्वारा चलाइएका मूर्ख स्त्रीहरूलाई वशमा पार्छन्; जुन स्त्रीहरूले सिक्न त सधैं सिक्छन्, तर सत्यताको ज्ञानमा कहिल्यै आइपुग्न सक्दैनन्'* (२ तिमोथी ३:६-७)। यी स्त्रीहरूले जुनसुकै मानिसको कुरा खान्थे। अनि वर्तमान समयमा कुरा उस्तै छः झूटा पन्थका सदस्य-सदस्याहरू दिउँसो घर-घरमा घुमिहिँड्छन्; किनभने त्यस बेलामा प्रायः लोग्नेहरू घरमा छैनन्, तर काममा व्यस्त रहन्छन्। अनि हाम्रा दिदीबहिनीहरूलाई मात्र नभई हाम्रा छोराछोरीहरूलाई पनि हामीले झूटा शिक्षकहरूको विषयमा चेताउनी दिनुपर्छ र होशियार गराउनुपर्छ।

यूहन्नाले सफासँग लेख्छन्, कि तिनले ती चिनिएकी महिलालाई र तिनका छोराछोरीहरूलाई सत्यतामा प्रेम गर्छन्। मुक्ति पाएकाहरूले एउटा उदेकको सङ्गतिमा प्रवेश गर्न पाएका छन्, जुन सङ्गतिमा उनीहरूले अरू मानिसहरूलाई प्रेम गर्छन्, जुन मानिसहरूलाई उनीहरूले परमेश्वरको

सत्यताको खातिर प्रेम गर्छन्, नत्र ता उनीहरूले तिनीहरूलाई कहिल्यै प्रेम गर्नेथिएनन्। परमेश्वरको सत्यताको निम्ति उनीहरूको सामान्य प्रेमचाहिँ आपसमा प्रेम गर्ने प्रेरणा हो। किनभने परमेश्वरको सत्यताले उनीहरूका हृदयहरू एक-अर्कासित बाँधेको छ – ती सबैजनाका हृदयहरू, जसले सत्यता जानेका छन्।

**२ यूहन्ना १:२:** 'सत्यताको कारणले' भन्ने वाक्यांशमा दुईवटा अर्थ सम्भव हुन्छन्। कि त सबै पवित्र जनहरूलाई प्रेम किन गरिन्छ, त्यसको खास कारण सत्यता नै हो, कि त यूहन्नाले पत्र लेख्ने प्रेरणारूपी आधार सत्यता नै थियो। यी दुईवटा अर्थहरू मात्र योग्य अर्थ हुन्।

*'जुन सत्यताचाहिँ हामीभित्र रहन्छ र सदासर्वदा हामीसित रहिरहन्छ।'* यहाँ सत्यताको सन्दर्भ **क)** प्रभु येशू ख्रीष्ट हुनुहुन्छ; किनभने उहाँले भन्नुभयो: *'बाटो, **सत्य** र जीवन **म नै हुँ**'* (यूहन्ना १४:६); अथवा **ख)** यो सत्यता पवित्र आत्मा हुनुहुन्छ: किनभने उहाँ सत्यताको आत्मा हुनुहुन्छ (१ यूहन्ना ५:६, यूहन्ना १४:१६-१७); अथवा यो सत्यता पवित्र बाइबल हुन्छ; किनभने *'तपाईंको वचन सत्य हो'* (यूहन्ना १७:१७)। यी तीनै महान् सत्यताद्वारा हामी सँभालिएका हुन्छौं; अनि यी तीनै सत्यताहरू हामीसँग सदा-सर्वदा रहिरहनुहुनेछ। तब के यस कुरामा हामीलाई अलिकति पनि ताजुब लाग्दैन? के एकक्षण पनि हामी आश्चर्मचकित भई यसको विषयमा मनन-चिन्तन नगर्ने, कसरी?

**२ यूहन्ना १:३:** यूहन्नाको अभिवादनरूपी शुभेच्छा यस प्रकारको थियो: *'अनुग्रह, कृपा र शान्ति तिमीहरूसित* **2)** *रहून्!'* अनुग्रह भन्नाले हामीले दण्ड पाउने योग्यहरूप्रति परमेश्वरको निगाह बुझ्नुपर्छ। कृपाचाहिँ दोषी र अभागीहरूप्रति देखाइएको दया हो। अनि शान्तिचाहिँ परमेश्वरको अनुग्रह र कृपा पाएको फल हो; मेलमिलापको सम्बन्धमा शान्तिको अनुभव गरिन्छ। यी तीनवटा आशिषहरू परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट हामीकहाँ आउँछन्। परमेश्वर पिता आशिषहरूको स्रोत हुनुहुन्छ भने परमेश्वर पिताको पुत्र आशिषहरूको सोता र माध्यम

हुनुहुन्छ। योबाहेक यी आशिषहरू सत्यता र प्रेममा दिइन्छन्। हामीलाई आशिषहरू दिन परमेश्वरले आफ्ना यी सद्‌गुणहरू कहिल्यै खर्च गर्नुहुन्न।

## ख) २ यूहन्ना १:४: प्रेरित यूहन्नाको आनन्दः आज्ञाकारी छोराछोरीहरू

**२ यूहन्ना १:४:** यूहन्नाले आफ्नो आनन्दको कारण यसरी व्यक्त गर्छन्ः ती चुनिएकी महिलाका कति छोराछोरीहरू सत्यतामा हिँड्रिरहेका कुरा सुनेर तिनी साह्रै आनन्दित भए। यसबाट स्पष्ट बुझिन्छ, कि सत्यता मनले विश्वास गर्ने कुरा मात्र नभएर दैनिक जीवनमा आफ्नो व्यवहारमा उतार्ने कुरा पो हुँदो रहेछ। प्रभु येशूको जीवन सत्यताको साकार थियो; ठीक त्यस्तै हाम्रो जीवन पनि सत्यताका निम्ति साक्षी हुनुपर्छ। हामीप्रति उहाँको इच्छा र अपेक्षा यही हो।

## ग) २ यूहन्ना १:५-६: प्रेरित यूहन्नाको आज्ञाः प्रेममा हिँड़!

**२ यूहन्ना १:५:** हामीलाई के लाग्छ भने, २ यूहन्ना १:५-९ पदको खण्डमा प्रेरित यूहन्नाले आफ्नो पहिलो पत्रको संक्षिप्त सार दिन्छन्। त्यस पहिलो पत्रमा तिनले हाम्रो जीवन जाँच्ने कतिवटा कसीहरू पेश गरेका छन्। अनि यहाँ, यस खण्डमा तिनले ती कसीहरूमध्ये तीनवटा दोहोऱ्याउँछन्, जस्तैः प्रेमको जाँच (२ यूहन्ना १:५), आज्ञाकारिताको जाँच (२ यूहन्ना १:६), र शिक्षाको जाँच (२ यूहन्ना १:७-९)।

**२ यूहन्ना १:५-६:** *'हामी एक-अर्कालाई प्रेम गरौं!'* तिनको पत्र पढ्ने पाठकहरूले आफ्ना सङ्गी-विश्वासीहरूलाई प्रेम गर्नुपर्छ। उनीहरूले याद गर्नुपर्ने प्रथम कुरा यो हो। अनि प्रेम गर्ने मानिसले आफूलाई अरूको हितका निम्ति निस्वार्थसाथ खर्च गरेर दान दिन्छ। स्वार्थको भाषा यस प्रकारको छः 'मैले फलानाबाट कुनचाहिँ फाइदा लुटूँ?' प्रेमको भाषा यस प्रकारको छः 'मैले फलानाको निम्ति के गर्न सक्छु?'

त्यसपछि, उहाँका आज्ञाहरूअनुसार हिँड़ेर प्रेम देखाइन्छ। परमेश्वरको दृष्टिकोणले हेर्नु हो भने, प्रभु येशूप्रति आज्ञाकारी हुने चालमा हिँड्ने र परमेश्वरको सत्यताप्रति निष्ठावान् हुने व्यक्तिले मात्र साँचो प्रेम गर्न सक्छ।

## घ) २ यूहन्ना १ः७-११ः प्रेरित यूहन्नाको फिक्रीः ख्रीष्ट-विरोधीरूपी धोकेबाजहरू

**२ यूहन्ना १ः७ः** अब दोस्रो जाँचचाहिँ शिक्षाको जाँच हो। यस सम्बन्धमा ठूलो प्रश्न यो होः 'के परमेश्वर साँच्चै येशू ख्रीष्टमा मानिस हुनुभयो ?' अनि यस प्रश्नको घन्कने उत्तर हो नै हो। गूढ़ज्ञानवादीहरूले [3] के विश्वास गर्थे भने, 'त्यो ख्रीष्ट' भन्ने ईश्वरीय शक्ति केही समयका निम्ति नासरी येशूमाथि आउनुभयो र उहाँलाई फेरि छोड्नुभयो अरे। तर यूहन्नाले ठोकुवा दिएर भन्छन्, कि येशू ख्रीष्ट परमेश्वर हुनुहुन्थ्यो, परमेश्वर हुनुहुन्छ र सधैं परमेश्वर रहिरहनुहुनेछ।

**२ यूहन्ना १ः८ः** यसकारण तिनले आफ्ना पाठकहरूलाई चताउनीको रूपमा यसो लेख्छन्ः *'आफ्नो विषयमा होशियार बस, यसैले कि जुन कुराहरूका लागि हामीले परिश्रम गर्‍यौं, ती कुराहरू हामी नगुमाऔं, तर पूरा प्रतिफल पाऔं।'* अर्को शब्दमा भन्नु हो भने, 'भाइबहिनीहरूहो, प्रभु येशू ख्रीष्टको सत्यतामा दृढ़ भई उभ ! नत्र ता तिमीहरूको बीचमा हाम्रो परिश्रम व्यर्थ भएको छ। हामीले आफ्नो कामको पूरा प्रतिफल पाउन चाहन्छौं।' हामी भन्नाले हामीले यहाँ, यस ठाउँमा प्रभुका प्रेरितहरू र तिनीहरूको पछाड़ि आएकाहरू बुझ्नुपर्छ।

**२ यूहन्ना १ः९ः** *'हरेक जसले अपराध गर्छ* [4] *र ख्रीष्टको शिक्षामा रहँदैन'* भनेर जुन कुरा यूहन्नाले लेख्छन्, त्यो कुरा तिनले झूटा शिक्षकहरूको सिलसिलामा लेख्छन्। अपराध गर्ने व्यक्ति नियमको सीमा नाघेर जान्छ। सबै झूटा पन्थहरूले यसो गर्छन्। तिनीहरूले नयाँ प्रकाश पाएको दाबी गर्छन्, र परमेश्वरको वचनमा नभएका शिक्षाहरू

सिकाउँछन्, जुन शिक्षाहरू परमेश्वरले आफ्नो वचनमा प्रकट गर्नुभएन, प्रकट गर्न चाहनुभएन। तिनीहरू ख्रीष्टीय प्रकाशको घेराभित्र रहन चाहँदैनन्। तिनीहरू ख्रीष्टको शिक्षाभित्र रहँदै-रहँदैनन्। ख्रीष्टको शिक्षा भन्नाले उहाँले दिनुभएका शिक्षाहरूको समूह बुझ्नुपर्छ। अर्को अर्थ पनि सम्भव छ, जस्तैः पवित्र बाइबलमा ख्रीष्टको विषयमा दिइएको सम्पूर्ण शिक्षा।

प्रेरित यूहन्नाले यस पदमा दिएको जोड़ यस प्रकारको छः झूटा पन्थहरूका हुनेहरूले परमेश्वरलाई चिनेको दाबी गर्छन्, तर जब कुनै सङ्कोच नमानीकन तिनीहरूले प्रभु येशूको परमेश्वरत्व र उहाँको मनुष्यत्वमाथि विश्वास गर्दैनन्, तब तिनीहरूसँग परमेश्वर हुनुहुन्न। किनकि परमेश्वरको पुत्रमार्फत मात्र परमेश्वरलाई चिन्न सकिन्छ। *'मद्वारा बाहेक कोही पनि पिताकहाँ पुग्दैन'* (यूहन्ना १४ः६)।

**२ यूहन्ना १ः१०-११ः** यी दुईवटा पदहरू यस पत्रको मुटु हुन्। यस खण्डमा झूटा शिक्षकहरू हाम्रो घरको ढोकामा ढकढक गर्न आउँछन् भने हामीले ती झूटा शिक्षाहरूसित कसरी व्यवहार गर्नुपर्छ, सो सम्बन्धमा हामी मूल्यवान् सल्लाह पाउँछौं। यूहन्नाले यहाँ संयोगवश हामीसँग भेट भएका अतिथिहरूको कुरा गर्दैनन्, तर ख्रीष्ट-विरोधी शिक्षा प्रचारप्रसार गर्नेहरूको कुरा गर्छन्। के हामीले यस्ताहरूलाई स्वागत गर्नु हुन्छ? के हामीले यिनीहरूलाई एक कप चिया खुवाउनु हुन्छ? के हामीले यिनीहरूलाई आर्थिक सहायता दिन मिल्छ? के हामीले यिनीहरूको हातबाट किताब र पुस्तिकाहरू किन्नु हुन्छ? यी प्रश्नहरूको एउटै उत्तर छः यिनीहरूलाई स्वागत गर्नुहुँदैन, यिनीहरूलाई अभिवादन समेत गर्नुहुँदैन। यिनीहरू ख्रीष्टका शत्रुहरू हुन्। के हाम्रा मुक्तिदाता प्रभुका शत्रुहरूलाई सत्कार गरेर हामी यिनीहरूको पक्ष लिनु मिल्छ र? कुनै बेलामा यस्तो पनि हुन सक्छ, कि हामी आफ्नो घरमा स्वागत गरेको मानिसको विषयमा, त्यसले प्रभुलाई इन्कार गर्छ भन्ने कुरामा हामी अनजान छौं। यस अवस्थामा यी पदहरूले सिकाएको कुरा लागू हुँदैन। तर जब हामी कुनै मानिसको विषयमा, त्यो झूटो शिक्षक हो भन्ने कुरा जान्दछौं, तब त्यससँग मित्रता

गाँस्यौं भने हामी ख्रीष्ट येशूसित विश्वासघात गर्छौं। यी पदहरूको शिक्षा हाम्रो घरमा आउजाउ गर्ने मानिसहरूमा लागू हुँदैन। किनभने बेला-बेलामा हामी विश्वास नगर्ने मानिसहरूलाई तिनीहरूलाई ख्रीष्ट येशूकहाँ ल्याउने उद्देश्यले आफ्नो घरमा स्वागत गर्छौं। तर यी पदहरूको सिलसिला यी झूटा शिक्षकहरू हुन्, जसले प्रभु येशू ख्रीष्टको परमेश्वरत्व र उहाँको मनुष्यत्व इन्कार गर्छन्। तिनीहरूको विषयमा श्री सी. एफ. होग्गले यस प्रकारको स्पष्टीकरण दिएका छन्ः

*'ख्रीष्ट येशूको विरोधमा जुनसुकै अपराध ठूलो हो; यस प्रकारको अपराध सानो पार्न खोज्ने हरेक प्रयास दुष्ट हो। यस प्रकारको रायको गन्ध समेत हामीमा लाग्नुहुँदैन। अथवा यस्तो अपचारीलाई हामीले अरू मानिसहरूलाई प्रभावित पार्ने मञ्च किन तयार पार्ने?'* 5)

## ङ) २ यूहन्ना १ः१२-१३ः प्रेरित यूहन्नाको आशाः व्यक्तिगत भेटघाट

**२ यूहन्ना १ः१२ः** यी चुनिएकी महिलालाई अझै धेरै कुराहरू भन्ने चाहना हुँदै पनि यूहन्नाले आफूलाई रोक्छन्; किनभने अब चाँड़ै तिनले उनलाई व्यक्तिगत रूपले भेट्ने आशा गरेका छन्। त्यस बेलामा तिनले उनीसित आमुन्ने-सामुन्ने कुरा गर्नेछन्। किनकि कागत र मसीले लेख्नुभन्दा व्यक्तिगत भेटघाटमा आमुन्ने-सामुन्ने कुरा गर्नु कति राम्रो, कति चित्तबुझ्दो! अनि मुक्तिदाता प्रभुलाई आमुन्ने-सामुन्ने भेट्ने कुरा कस्तो होला नि? तब हाम्रो आनन्द पूरा र सम्पूर्ण हुनेछ। अहिले हामीले उहाँलाई विश्वासको दृष्टिले हेरेको अवस्थाभन्दा प्रभुसितको यो भेटघाट कता हो कता गजबको हुनेछ।

**२ यूहन्ना १ः१३ः** यूहन्नाले यसरी आफ्नो पत्र अन्त्याउँछन्ः *'तिम्री चुनिएकी बहिनीका छोराछोरीहरूले तिमीलाई अभिवादन पठाउँदैछन्।'* यी चुनिएकी बहिनीका छोराछोरीहरू को थिए होलान्, सो हामीलाई थाहा छैन। तर एउटा कुरा सुनिश्चित छः एकदिन हामीले यिनीहरूलाई

भेट्नेछौं र यिनीहरूसित मीठो सङ्गति गर्न पाउनेछौं; अँ, प्रिय प्रेरित यूहन्नालाई पनि हामी भेट्नेछौं, जसले यो पत्र लेखे। अनि त्यस बेलामा मुक्तिदाता प्रभुसित हाम्रो सर्वोच्च भेटघाट हुनेछ। यस्तै होस्, आमेन !

## ENDNOTES:

1) **1:1:** Less likely, the Greek word for elect (*Eklekteμ*, "Electa") could be taken as a proper name and the word "lady" as a title: "Lady Electa."

2) **1:3:** The critical (NU) and majority (M) texts read "us." The Greek words for *you*/*we*, for *you*/*us*, and *your*/*our* are only one letter different from each other, hence the copying problems in the mss. (See, e.g., V. 8, where the NU text reads *you*, not *we*.)

3) **1:7:** See Introduction to Colossians for a discussion of Gnosticism.

4) **1:9:** The NU text reads "goes ahead" or "progresses" (*proagoμn*) instead of the "transgresses" (*parabainoμn*) of the Textus Receptus and majority text.

5) **1:10-11:** C. F. Hogg, *What Saith the Scripture?*, p. 143.

# यूहन्नाको तेस्रो पत्र

## यूहन्नाको तेस्रो पत्रको भूमिका

*‘यस पत्रले प्रेरितिक युगको इसाई जनजीवनको अन्तिम झलक दिन्छ; यसकारण बाइबल-विद्यार्थीका निम्ति अगाड़ि नबढ़ीकन यहाँ एकक्षण अड़िनु उचित देखिन्छ। यस पत्रमा जुन कुराहरू प्रकट गरिन्छन्, ती कुराहरूमध्ये कतिचाहिँ उदाहरणीय नहोलान्, तर यस पत्रले त्यस बेलाको बढ़िरहेको ख्रीष्टीय विश्वासमा कति स्वतन्त्रता र कति तन्दुरुस्ती थियो, सो कुराको साक्षी दिन्छ।’*

*श्री एफ. बी. वेस्टकोट्ट*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

नयाँ नियममा यूहन्नाको तेस्रो पत्र सबैभन्दा छोटो पुस्तक हो। अँ, यूहन्नाको दोस्रो पत्रभन्दा पनि एक पङ्क्तिले छोटो छ। अनि *‘सबै पवित्र धर्मशास्त्र ... लाभदायक हुन्छ’* भन्ने ईश्वरीय सत्यता पुष्टि गर्नलाई यूहन्नाको तेस्रो पत्र एक असल उदाहरण हो। यूहन्नाको दोस्रो पत्रमा जस्तै प्रेम र सत्यताचाहिँ यस पत्रमा प्रयोग गरिएका प्रमुख शब्दहरू हुन्।

यूहन्नाको दोस्रो पत्रमा प्रेमको दृढ़ता देखिएको छ; सत्यताको शिक्षा नदिनेहरूको सम्बन्धमा तिनीहरूलाई स्वागत नगरेर हामीले प्रेमको दृढ़ता देखाउनुपर्छ। तर यहाँ यूहन्नाको तेस्रो पत्रअनुसार सत्यको वचन लिएर अगाड़ि बढ्नेहरूको सम्बन्धमा उनीहरूलाई मद्दत गरेर हामीले प्रेमको कोमलता देखाउनुपर्छ।

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

*बाहिरी प्रमाणः* यूहन्नाको दोस्रो पत्रको विषयमा जे भनिएको थियो, यूहन्नाको तेस्रो पत्रको विषयमा पनि उस्तै कुरा भन्न सकिन्छ। यी पत्रहरू छोटा र निक्कै व्यक्तिगत छन्; यसकारण यी पत्रहरूको सम्बन्धमा यूहन्नाको पहिलो पत्रको निम्ति जति व्यापक प्रमाणहरू पाइन्छन्, त्यति प्रमाणहरू किन नपाएको, सो बुझ्न सजिलो छ।

श्री ओरिगेन र युसेबियसले यूहन्नाको तेस्रो पत्र विवादित पुस्तक-हरूको बीचमा राखे। तर आलेक्जान्ड्रियाका क्लेमेन्ट (इस्वी संवत् १५०-२१५) र (इस्वी संवत् -२६५) डियोनिसियसले यूहन्नाको तेस्रो पत्र स्वीकार गरे, जस्तै यरूशलेमका श्री सिरिलले पनि (इस्वी संवत् ३१३-३८६)। अनि यस सम्बन्धमा 'मुराटोरी कानुन'को प्रमाण अस्पष्ट छ।

*भित्री प्रमाणः* यूहन्नाको दोस्रो पत्रसित यस पत्रको सम्बन्ध नजिकै छ, अनि यूहन्नाको पहिलो पत्रसित पनि यसको सम्बन्ध सुस्पष्ट हुन्छ। यी तीनवटा पत्रहरूले मिलेर एक-अर्कोको प्रमाणीकरण गर्छन्।

प्रेरित यूहन्ना यूहन्नाको तेस्रो पत्रको लेखक हुने परम्परागत धारणा स्वीकार गर्नु योग्य देखिन्छ; किनभने त्यसको विरोधमा कुनै ठोस प्रमाण छैन। परम्पराले यी तीनवटा पत्रहरू प्रेरित यूहन्नाको रचना हुन् भन्छ।

## ३) त्यस पत्रको लेख्ने मिति

यूहन्नाको पहिलो र दोस्रो पत्रको विषयमा जस्तो यस पत्रको विषयमा पनि दुईवटा लेख्ने मितिहरू प्रस्ताव गरिन्छन्। यूहन्नाले यरूशलेमको

विनाशको अगाड़ि त्यहाँबाट यो पत्र लेखे भने इस्वी संवत् ६० सालको दशक ठीक ठहरिन्छ। तर प्रायः जसो बाइबल-विद्वान्हरूले यस पत्रको लेख्ने मिति यूहन्नाको जीवनको अन्तिम समयतिर सार्छन्, जब तिनी एफेससमा बस्थे र त्यहाँ प्रभुको सेवा गर्थे। यसर्थ इस्वी संवत् ८५-९० सालचाहिँ प्रायः लेख्ने मितिको रूपमा स्वीकार गरिएको छ।

## ४) सन्दर्भ र विषयवस्तु

यस छोटो पत्रले हामीलाई पहिलो शताब्दीको दोस्रो भागमा माण्डलिक जनजीवन केकस्तो थियो, सो झलक दिएर त्यस ऐतिहासिक क्षणको मञ्च-पटमाथि यसको सजीव चित्र कोरिदिन्छ। थोरै शब्दहरूमा प्रेरित यूहन्नाले तीनजना व्यक्तिहरूको चरित्रको रेखचित्र दिन्छन्। गायसचाहिँ अतिथि-सत्कार गर्ने आत्मिक मानिस थिए; डेमेट्रियस प्रशंसनीय, सिफारिस गर्न योग्य थिए; अनि डियोट्रेफेस स्वार्थी र प्रेम-भावशून्य थियो। डियोट्रेफेसजस्तै स्वेच्छाचारी, हठधर्मी मानिस जुनसुकै स्थानीय मण्डलीमा भेट्टिन्छ। तर डियोट्रेफेसचाहिँ त्यस झुकाउको प्रतीक हो, जुन झुकाउबाट दोस्रो शताब्दीदेखि उता एउटा नयाँ मण्डली-व्यवस्था जन्म्यो। पहिले एल्डरहरूको समूहले बराबर मण्डलीको सञ्चालन गर्थ्यो भने पछि एकजना पास्टरीय एल्डरले अरू एल्डरहरूभन्दा श्रेष्ठ स्थान ओगटेर शासन गर्न थाले। एकैजना प्रमुख धर्माधिकारी वा बिशपले शासन गर्ने यस नयाँ मण्डली-व्यवस्थाले पछिबाट 'राजतन्त्रीय धर्माधिकारी-गणको व्यवस्था' भन्ने नाम पायो।

# रूपरेखाः

**क) ३ यूहन्ना १:१-४:** अभिवादन

**ख) ३ यूहन्ना १:५-८:** भक्तजन गायस

**ग) ३ यूहन्ना १:९-११:** तानाशाही डियोट्रेफेस

**घ) ३ यूहन्ना १:१२:** भक्तजन डेमेट्रियस

**ङ) ३ यूहन्ना १:१३-१४:** प्रेरित यूहन्नाको योजना र आशीर्वाद

# यूहन्नाको तेस्रो पत्रको टिप्पणी

## क) ३ यूहन्ना १:१-४: अभिवादन

**३ यूहन्ना १:१:** यूहन्नाको दोस्रो पत्रमा जस्तो प्रेरित यूहन्नाले यहाँ पनि आफूलाई एल्डर भनेर आफ्नो परिचय दिन्छन्। तिनले यो पत्र प्रिय गायसलाई लेख्छन्, जुन गायसलाई तिनले सत्यतामा प्रेम गर्छन्। यिनी रोमी १६:२३ पदमा भएका गायस अथवा प्रेरित २०:४ पदमा भएका गायस हुन्, सो हामी जान्दैनौं। तर यहाँ थोरै पदहरूमा हामी यी गायसको विषयमा निक्कै जानकारी पाउँछौं। पहिले, यिनी एक प्यारो ख्रीष्ट-विश्वासी थिए, जसको सम्पूर्ण जीवनले यिनलाई अरू सङ्गी-विश्वासी-हरूकहाँ सिफारिस गर्थ्यो।

**३ यूहन्ना १:२:** तर यी गायसको शरीर त्यति स्वस्थ थिएन; किनभने यूहन्नाले यिनको शारीरिक स्वास्थ्यचाहिँ यिनको आत्मिक तान्दरुस्ती जत्तिकै बलियो भएको चाहन्छन्। जब यूहन्नाले 'सबै कुराहरूमा तिम्रो उन्नति भएको म चाहन्छु' भनेर भन्छन्, तब तिनको यस शुभेच्छामा गायसको धनसम्पत्ति वा भौतिक श्रीसम्पत्ति बढ्नुपर्छ भन्ने कुरा पनि समावेश थियो, सो हामीलाई शङ्का लाग्छ। किनकि हाम्रो विचारमा, तिनले यसो भनेर गायकको शरीरको स्वास्थ्यको कुरा गरेको हुनुपर्छ, जसरी *'... र नीरोग रह'* भन्ने त्यससित जोड़िएको वाक्यबाट अनुमान गरिन्छ।

के हामी आफ्नो शारीरिक अवस्था हाम्रो आत्मिक अवस्थासित बराबर हुन माग्छौं ? कि के आफ्नो आत्माको भन्दा आफ्नो शरीरको बढ़ी वास्ता गरेको आरोप हामीलाई लाग्छ के ? के त्यो हाम्रो अवस्था हो ? त्यो त कति दुःखलाग्दो कुरा हुनेथियो । यस सम्बन्धमा श्री एफ. बी. मेयरले निम्न व्यङ्ग्यपूर्ण टिप्पणी गरेका छन्ः

‘दुई पदअनुसार हाम्रा सबै इष्टमित्रहरूका निम्ति त्यही शुभकामना टक्राउन इच्छा गर्न योग्य नठहर्ला; किनभने तिनीहरूको शरीरको अवस्था तिनीहरूको आत्माको अवस्थासित मिल्नु हो भने तिनीहरू तत्कालै निक्कै बिरामी पर्नेथिए ।’ 1)

यस पदले विश्वासको आधारमा निको पार्ने धेरैभन्दा धेरै भनाउँदा चङ्गाइ-कर्ताहरूले सिकाएको कुरा च्वाट्टै काटिदिन्छ। तिनीहरूको शिक्षाअनुसार सबै रोगबिमारहरू मानिसहरूको जीवनमा भएको पापको फल हुन्; अनि कुनै व्यक्ति निको भएन भने त्यो त त्यस मानिसको अविश्वासको कारणले भएको हो अरे । तर गायसको जीवनमा यस्तो गलत विचारधारणा सत्य ठहर्दैन; किनभने यिनको आत्मिक अवस्था सठीक थियो, केवल यिनको शारीरिक अवस्था कमजोर थियो । यसबाट स्पष्ट के बुझिन्छ भने, कसैको शरीरको अवस्थाबाट उसको आत्मिक अवस्था के हो, सो प्रमाणित गर्न सकिँदैन । यो तर्कसङ्गत ठहरिँदैन ।

**३ यूहन्ना १ः३ः** जब कतिजना भाइहरू आए र उनीहरूले गायसमा भएको सत्यताको विषयमा अर्थात् तिनी कसरी सत्यतामा हिँड्छन् भन्ने गवाही दिए, तब प्रेरित यूहन्ना साह्रै आनन्दित भए। हामीमा सत्यता हुनु असल हो; तर जब यो सत्यता हाम्रो जीवनमा प्रकट हुन्छ, त्यो झन् राम्रो कुरा हो। हामीले सत्यता बलियो गरी पक्रनुपर्छ; तर सत्यताले पनि हामीलाई बलियो गरी पक्रनुपर्छ। के हामी सत्यतालाई यसो गर्न दिन्छौं ? मानिसहरूले प्रवचन सुन्नुभन्दा प्रवचनमा प्रचार गरिएको कुरा देख्न चाहन्छन् । यसकारण यस तथ्य-आधारित चल्ने युगमा परमेश्वरको निम्ति पवित्र जीवन अमूल्य गनिन्छ, र त्यसको महत्त्व ठूलो हुन्छ ।

**३ यूहन्ना १:४:** ख्रीष्ट-विश्वासीहरूले पवित्र जीवन जिएको कुरा यूहन्नाको निम्ति यति अमूल्य थियो, कि तिनले भन्छन्: *'मेरा छोराछोरीहरू सत्यतामा हिँड़िरहेका छन् भन्ने कुरा सुन्नभन्दा ठूलो आनन्द मेरो अरू केही पनि छैन।'* सायद, हामीमध्ये धेरैजनाले आत्माहरू बचाउनुचाहिँ इसाई जीवनको सर्वोच्च आनन्द सम्झन्छन् होलान्। अनि पुरुष र स्त्रीहरूलाई अन्धकारको राज्यबाट छुटकारा पाई परमेश्वरको प्रिय पुत्रको राज्यभित्र सरिगएको कुरा देख्न पाउनु साँच्ची नै एउटा अद्‌भुत र उदेकको कुरा मान्नुपर्छ। तर मुक्ति पाएको अङ्गीकार गर्नेहरू पुरानो जीवनमा फर्केको देख्नु उत्तिकै पीड़ा लाग्ने र मन दुखाउने कुरा हो। त्यो त कुकुर आफ्नो वान्तमा फर्केको र सुङ्गुर फेरि आहाल खेल्न फर्केको बराबर हुन्छ। तर आफ्ना आत्मिक छोराछोरीहरूलाई अनुग्रहमाथि अनुग्रह पाउँदै प्रभुमा बढ़ेका र उहाँको निम्ति अघि बढ़ेका देख्न पाउनु ठूलो हर्ष र उमङ्गको कारण हुन्छ। सुसमाचार प्रचार गर्ने हाम्रा सबै प्रयासहरूमा 'अनुवर्ती कार्यक्रम' राख्नु कति महत्त्वपूर्ण हुन्छ, सो कुरामाथि हामी यहाँ फेरि एकपल्ट जोड़ दिनुपर्छ।

## ख) ३ यूहन्ना १:५-८: भक्तजन गायस

**३ यूहन्ना १:५:** सुसमाचार प्रचार गर्ने भ्रमणमा निस्केका भाइहरूका निम्ति गायसको घर सधैं खुला रहन्थ्यो। यस्ताहरूलाई अतिथि-सत्कार गर्नु यिनको परम-आनन्द थियो। यिनले आफूले चिनेका परिचित व्यक्तिहरूलाई मात्र होइन, तर परदेशीहरूलाई पनि अतिथि-सत्कार गर्थे[2)]। यस सेवकाइमा गायस विश्वासयोग्य थिए; यो कुरा यूहन्नाले यहाँ मानेका छन्। परमेश्वरको दृष्टिमा अतिथि-सत्कार धेरै महत्त्वपूर्ण हुनुपर्छ भन्ने कुरा नयाँ नियमबाट स्पष्ट बुझिन्छ। किनभने प्रभुका जनहरूलाई सत्कार गर्नेले प्रभुलाई सत्कार गर्छ (मत्ती २५:४०)। अनि जसले उहाँका सेवकहरूलाई सत्कार गर्दैन, त्यसलाई प्रभुलाई सत्कार नगरेको आरोप लाग्छ (मत्ती २५:४५)। परदेशीहरूलाई सत्कार गरेर कतिजनाले

अनजानमा स्वर्गदूतहरूलाई पो सत्कार गरेछन् (हिब्रू १३ः२)। धेरैजनाको गवाही यस प्रकारको छः अतिथि-सत्कारको सेवकाइद्वारा तिनीहरूका साधारण भोजनहरू पवित्र विधिहरूमा परिणत भए, तिनीहरूका छोराछोरीहरू प्रभुमा फर्के र अन्य परिवारहरूलाई प्रभुको नजिकमा ल्याइयो।

**३ यूहन्ना १ः६ः** अतिथि-सत्कारमा इनाम छ। गायसले दया देखाएको कुरा सारा मण्डलीलाई विदित भएको छ। तर त्योभन्दा ठूलो कुरा के थियो भने, यिनले परमेश्वरको पवित्र वचनमा आफ्नो घर सधैं खुला राख्ने उदारचित्त मानिसको रूपमा नित्य स्थान पाएका छन्। तर ख्रीष्ट येशूको न्यायआसनको सामु गायसले खास इनाम पाउनेछन्; किनकि *'जसले भविष्यवक्तालाई भविष्यवक्ताको नाममा ग्रहण गर्छ, उसले भविष्यवक्ताको इनाम पाउनेछ'* (मत्ती १०ः४१)। यिनले सत्कार गरेका सबै प्रचारकहरूले जुन इनाम पाउनेछन्, यिनले तिनीहरूको जत्तिकै इनाम पाउनेछन्। जस-जसले प्रचार गर्न सक्दैनन्, तिनीहरूलाई यो कुरा सम्झना गर्नु उचित छः प्रभु येशूको नाममा प्रचारकहरूलाई सत्कार गरेर तिनीहरूले प्रचारकले पाउने इनाम पाउनेछन्। परमेश्वरले सबै उपकारहरूका निम्ति प्रतिफल दिनुहुनेछ। मानिसहरूले देखाएका सबै उपकारहरूमाथि उहाँले इनाम-स्वरूप आफ्नो उपकाररूपी मुकुट लगाइदिनुहुनेछ।

अबचाहिँ यूहन्नाले गायसलाई उत्साह दिएर भन्छन्ः *'परमेश्वरलाई सुहाउँदो रीतिले तिमीले उनीहरूलाई उनीहरूको यात्रामा अलि परसम्म पुऱ्याइदियौ भने तिमीले असल गर्नेछौ।'* उनीहरूलाई उनीहरूको यात्रामा अलि परसम्म पुऱ्याइदिनु भनेको प्रचारकहरूलाई न्यानो बिदा गर्नु मात्र होइन, तर उनीहरूको निम्ति पर्याप्त सम्भार-खर्च जुटाउनु हो। अहो, प्रचार गर्ने र शिक्षा दिने भाइहरूसित हाम्रा भौतिक कुराहरू बाँड़चुँड़ गर्ने हाम्रो जिम्मेवारी कति ठूलो रहेछ! हामी यस उच्च स्तरमा आइपुग्यौं के?

**३ यूहन्ना १ः७ः** सुसमाचारका प्रचारकहरूलाई गायसले किन मद्दत पुऱ्याउनुपर्छ? यसको विशेष कारण यहाँ यसरी दिइएको छः *'किनभने उहाँको नामको निम्ति उनीहरू निस्के, र उनीहरूले अन्यजातिहरूबाट*

*केही लिएनन् ।'* यी प्रचारकहरू आफ्नो खाँचोका निम्ति प्रभुमाथि पूरा भर पर्थे । उनीहरूले मुक्ति नपाएका मानिसहरूबाट केही अनुदान लिँदैनथिए । किनकि यसो गर्नाले उनीहरूका प्रभु उनीहरूका निम्ति प्रबन्ध गर्न असक्षम हुनुहुँदो रहेछ भन्ने उल्टो कुरा बुझिनेथियो । मुक्ति नपाएका मानिसहरूलाई धर्मी हुँ भन्ने दम्भी गर्नलाई किन एउटा मिथ्या आधार दिने ? यस पदले हिजोआज ख्रीष्टीय जगत्मा आर्थिक सहायता पाउन अपनाइएका विभिन्न अनुचित तरिकाहरूलाई ठूलो हप्की दिन्छ। अनि हाम्रो विषयमा कसो हो ? के यस पदबाट विशेष प्रभुका यी दासहरूप्रति हाम्रो कर्तव्य बढ़ेको छैन र, जुन दासहरू जीवित परमेश्वरमाथि भर पर्ने जीवन जिउँछन् र आफ्नो खाँचो प्रभुलाई छोड़ेर अरू कसैलाई थाहा दिँदैनन् ?

**३ यूहन्ना १:८:** *'यसकारण सत्यताको साथमा सहकर्मी हुनलाई हामीले यस्ताहरूलाई स्वागत गर्नुपर्छ ।'* यस्ताहरूलाई स्वागत गर्नु [3)] भनेको उनीहरूलाई सकेसम्म सहायता गर्नु हो; किनभने यसो गर्नाले हामी सत्यताको विस्तारमा मद्दत पुर्‍याउनेछौं ।

## ग) ३ यूहन्ना १:९-११: तानाशाही डियोट्रेफेस

**३ यूहन्ना १:९:** यसो बुझ्दाखेरि यूहन्नाले उक्त सिलसिलामा मण्डलीलाई पनि एउटा पत्र लेखेका रहेछन्, तर तिनको त्यो पत्र डियोट्रेफेसले हड़प गरेछ। त्यो डियोट्रेफेसचाहिँ आफ्नो अभिमानमा फुलेको थियो। वास्तवमा, त्यो त्यस मण्डलीको एकमात्र स्वेच्छाचारी शासक भएको रहेछ। आफ्नो पदको विषयमा गरेको त्यसको घमण्ड, अहंकेन्द्रित हुने त्यसको स्वार्थ र आफ्नो अधिकारको निम्ति गरेको त्यसको बलमिचाइ र डाहा त्यसको खास पाप थियो। आफ्नो अधिकार त्यसले स्थानीय मण्डलीको स्वयम्चालित स्वाधीनता सम्झेर यी दुई कुराको बीचमा छुट्ट्याउन सकेनछ। मण्डलीको शिर प्रभु येशू हुनुहुन्छ भन्ने कुरा डियोट्रेफेसले बिर्स्यो, कि के त्यसले यो कुरा कहिल्यै जानेको थिएन, कि कसो हो ? अनि पवित्र आत्मा मण्डलीमा ख्रीष्ट येशूको प्रतिनिधि हुनुहुन्छ भन्ने कुरा त्यसले कसरी भुलेको थियो ? मण्डलीमाथि अधिकार जमाउनु,

त्यसका सबै निर्णयहरू आफूले गर्नु, त्यसमा मानिसहरूलाई स्वीकार गर्नु कि नगर्नु एकजना तुच्छ मानिसको पेवा होइन। यस प्रकारको व्यवहार पोपगिरी हो, जुन पोपगिरी परमेश्वर घृणा गर्नुहुन्छ। निस्सन्देह, डियोट्रेफेसले आफ्नो यस कुव्यवहार सत्य ठहराउन आफू सत्यताको पक्षमा लड़ेको बहाना गर्‍यो। तर त्यो त त्यसको झूटो निहुँ थियो। परमेश्वरप्रति विश्वासयोग्य हुने निहुँ पारेर त्यसले प्रेरित यूहन्नालाई कसरी इन्कार गर्न सक्यो ? यसो गरेर त्यसले सत्यतालाई असाध्य हानि गरेछ। अनि यूहन्नालाई मात्र होइन, तर अरू भाइहरूलाई पनि त्यसले कसरी इन्कार गर्न सक्यो ?

**३ यूहन्ना १:१०:** त्यसले यी साँचो विश्वासीहरूलाई इन्कार मात्र कहाँ गर्‍यो र ? त्यसले यस्ताहरूलाई स्वागत गर्नेहरूलाई बहिष्कार पनि गर्‍यो। परमेश्वरका सच्चा सेवकहरूको विरोधमा द्वेषपूर्ण कुराहरू बक्दै त्यस सत्ताको मद लागेको मानिसले हैकम चलाउन खोज्यो। यूहन्नाले आउँदो भ्रमणमा त्यस मण्डलीमा आएर त्यसको सम्झना गर्नेछन्। यसरी आफू पोप हुन खोज्नेहरूले परमेश्वरको वचनद्वारा खुला रूपले दोषारोप लगाइएको कुरा सहन सक्दैनन्। गुप्त बैठकहरू र डर-धम्कीहरूको बलमाथि स्थापित भएको तिनीहरूको शासन यसरी मात्र जारी रहन्छ।

**३ यूहन्ना १:११:** तर गायसचाहिँ यस प्रकारको कुव्यवहारको पछि लाग्नुहुँदैन, तर भलोको पछि लाग्नुपर्छ। यिनको निम्ति यूहन्नाको अर्ती यही हो। मानिसका सुकर्महरूले परमेश्वरसित उसको नाता भएको प्रमाण दिन्छन्। यस दृष्टिकोणले हेर्नु हो भने डियोट्रेफेसको आत्मिक हालत कस्तो थियो ? यसको विषयमा प्रेरित यूहन्नालाई गम्भीर शङ्काहरू भएका देखिन्छ।

## घ) ३ यूहन्ना १:१२: भक्तजन डेमेट्रियस

**३ यूहन्ना १:१२:** हुन सक्छ, डेमेट्रियस यस पत्रको हुलाकी थिए होलान्। जेजस्तो भए पनि, यी डेमेट्रियसले सबै मानिसहरूबाट र विशेष

गरी सत्यता स्वयम्बाट एउटा असल गवाही पाएका थिए। यस विषयमा श्री एफ. बी. होलले यसो भनेका छन्ः

> 'डेमेट्रियसले सत्यताका निम्ति गवाही दिएको यहाँ लेखिएको छैन, तर सत्यताले उनको निम्ति गवाही दिएको कुरा लेखिएको छ। डेमेट्रियस चाहिँ सत्यता नाप्ने मानदण्ड थिएनन्, तर सत्यताचाहिँ उनको जीवन नाप्ने मानदण्ड थियो। अनि सत्यताले उनको जीवन जाँच्यो र उनको सिफारिस र सह्वानी गरिदियो।' 4)

## ङ) ३ यूहन्ना १ः१३-१४ः प्रेरित यूहन्नाको योजना र आशीर्वाद

**३ यूहन्ना १ः१३-१४ः** यूहन्नाले आफ्नो दोस्रो पत्रको जस्तैको त्यस्तै यस पत्रको अन्त गर्छन्। आउँदो भेटघाटमा आमुन्ने-सामुन्ने आई कुरा गर्ने बेलासम्म तिनले अरू कुराहरूको बारेमा गरिने छलफल स्थगित गर्छन्।

तिनका यी पत्रहरूले हामीलाई शुरुका दिनहरूमा ख्रीष्ट-विश्वासी-हरूको जनजीवन के-कस्तो थियो, सो कुराको सूक्ष्मदृष्टि दिएका छन्। यसकारण हामी यूहन्नाप्रति आभारी छौं; किनभने यी पत्रहरूमा परमेश्वरका जनहरूका निम्ति शाश्वत शिक्षाहरू प्रस्तुत गरिएका छन्।

हुन पनि हो, चाँड़ै हामी स्वर्गमा आमुन्ने-सामुन्ने कुरा गर्ने नै छौं। अनि त्यस दिनमा हामी ईश्वरीय प्रकाशको सम्बन्धमा ठाउँ-ठाउँमा हामीलाई अस्पष्ट र जटिल लाग्ने कुराहरू स्पष्ट बुझ्नेछौं।

# ENDNOTES:

**1) 1:2:** F. B. Meyer, *Through the Bible Day by Day*, VII:164, 165.

**2) 1:5:** The critical (NU) text reads "*especially* (Gk. CF2, lit. "this") strangers."

**3) 1:8:** The NU text reads "support" *(hupolambanein)* rather than the "receive" (*apolambanein*) of the Textus Receptus and majority text.

**4) 1:12:** F. B. Hole, further documentation unavailable.

# BIBLIOGRAPHY

Barrett, G. S. *The First Epistle General of St. John*. London: The Religious Tract Society, 1910.

Candlish, Robert S. *The First Epistle of John*. Grand Rapids: Zondervan Publishing House, n.d.

Findlay, George. *Fellowship in the Life Eternal*. London: Hodder & Stoughton, n.d.

Ironside, H. A. *Addresses on the Epistles of John*. New York: Loizeaux Bros., n.d.

Kelly, William. An Exposition of the Epistles of John the Apostle. London: T. Weston, 1905.

Law, Robert. *The Tests of Life*. Edinburgh: T & T Clark, 1909.

Marshall, I. Howard. *The Epistles of John* (NIC). Grand Rapids: Wm. B. Eerd mans Publishing Company, 1978.

Mitchell, John G. *Fellowship: Three Letters from John*. Portland, Ore.: Multnomah Press, 1974.

Stott, John R. W. *The Epistles of John* (TBC). Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1964.

Vine, W. E. *The Epistles of John: Light, Love, Life*. Grand Rapids: Zondervan Publishing House, 1970.

Westcott, Brooke Foss. *The Epistles of St. John*. Cambridge: The MacMillan Company, 1892.

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न सक्नुहुन्छः www.nbcinepal.org

हामीसित सम्पर्क गर्न हाम्रो ठेगानाः nbcinepal@gmail.com

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**

**२) मामुली जीवनभन्दा उच्च जीवन**

**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**

**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**

**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**

**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**

**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**

**८) मत्तीको सुसमाचारको टिप्पणी**

**९) मर्कूसको सुसमाचारको टिप्पणी**

**१०) लूकाको सुसमाचारको टिप्पणी**

**११) यूहन्नाको सुसमाचारको टिप्पणी**

**१२) प्रेरितको पुस्तकको टिप्पणी**

**१३) रोमीको पुस्तकको टिप्पणी**

**१४) पहिलो किरिन्थीको पुस्तकको टिप्पणी**

**१५) गलातीको पुस्तकको टिप्पणी**

**१६) हिब्रूहरूको पुस्तकको टिप्पणी**

**१७) याकूबको पत्रको टिप्पणी**

**१८) पहिलो र दोस्रो पत्रुसको पत्रको टिप्पणी**

**१९) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738